'मर्यादित व्यवसाय र प्रविधिमा सहकारी'
गो.हु.का.द.नं. ०४/०७७/०७८

# सहकारी सन्देश

सहकारी अभियानको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघको प्रकाशन: जेठ, २०७९



# रणनीतिक नेतृत्व निर्माणमा महासंघ

दर्ता नं. ३७०५/०६७/०६८

# Shukrapath

## MULTIPURPOSE CO-OPERATIVE LIMITED

## शुक्रपथ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड


**प्रधान कार्यालय :**

सहकारी भवन, प्युखा-२२, न्यूरोड, काठमाडौं, फोन नं. ०१-५७१३३११, ५७१३३९१, ५७१३४५५

**सदस्य सेवा केन्द्र :**

कालिमाटी-१३, काठमाडौं
फोन नं.: ०१-५१६५०३२, ५१६५०४२

सामाखुसी-२६, काठमाडौं
फोन नं.: ०१-४३९०८२३, ४३८८१६१

चावहिल-७, गणेशस्थान, काठमाडौं
फोन नं.: ०१-४४८५२९७, ४४८२१२८

कोटेश्वर-३२, तिनकुने काठमाडौं
फोन नं.: ०१-४११७९९३, ४११२३६६

लगनखेल, ललितपुर
फोन नं: ०१-५५५२७४८, ५५५१९२३

हात्तीगौंडा, काठमाडौं
फोन नं: ०१-४३७६८३५

सुर्य विनायक-४, भक्तपुर
फोन नं.: ०१-५७०८०४८

भरतपुर महानगरपालिका-३
लायन्स चोक, चितवन

विदुर नगरपालिका-४, बट्टार
नुवाकोट

www.shukrapath.org

sukrapath@gmail.com



11:05
Pay or Share
SCAN
SHARE
We Accept
fonepay
Dahal Phalphul Pasal
Terminal :2222020005456872
Sewa
01-4423407
मेची बहुउद्देश्यीय सहकारी संस्था लि.
Email: qr@esewa.com.np
अब मेची स्मार्टमा
QR
पनि
मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
Mechi Multipurpose Cooperative Society Limited


जहाँपनि . . ., जहिलेपनि . . .
साहारा मोबाइल बैंकिङ्ग
सुविधाहरु :
मोबाइल रिचार्ज तथा टेलिकमको वील भुक्तानी
खाताको मौज्दात जानकारी
मिनि स्टेटमेण्ट
सेवाहरु:
. ऋण चुक्ता विवरण
. बिल भुक्तानी
. आगामी बैठक
. बचत विवरण
. पुरानो बैठक विवरण
.ब्यालेन्स ट्रान्सफर
Rs.
STATEMENT
INVOICE
सहारा नेपाल
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
SAHARA NEPAL SAVING & CREADIT CO-OPERATIVE SOCIETY LTD
केन्द्रीय कार्यालय, विर्तामोड-२,
(चारपाने), झापा
फोन नं. ०२३-५४११९८, ५४३४०





# सहकारीमार्फत लैंगिक समानता विषयक प्रादेशिक गोष्ठी धनगढीमा ४

## सिन्धुलीको रणनीतिक व्यवसायिक योजना तर्जुमा कार्यशाला



८



## दोलखामा बागमती प्रदेश समन्वय उपसमितिको तेस्रो बैठक सम्पन्न

९

## रणनीतिक नेतृत्व निर्माणमा महासंघ



११

तीन खम्बे अर्थनीतिलाई व्यवहारमा उतार्न जरूरी
केशव बडाल — २५

कृषि सहकारी औद्योगीकीकरणका समस्या तथा संभावनाहरू
बाबुल खनाल — २९

सहकारीको प्रर्वधनमा सरकारका विभिन्न तहको भूमिका
डा. खिमलाल देवकोटा — ३६

सहकारीमा लेखापरीक्षण लेखा परीक्षणको अर्थ
कुबेर निरौला — ४६

'मर्यादित व्यवसाय र प्रविधिमा सहकारी'

सहकारी सन्देश

जि.प्र.का.,काठमाडौं द.नं.: ११५/०५८/५९
गो. हु. का. द.नं.: ०४/२०७७/०७८

वर्ष १८, अङ्क-११, २०७९, जेठ
(May/June, 2022)

**सल्लाहकार**
**मीनराज कँडेल**
अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ
**केशव प्रसाद वडाल**
निवर्तमान अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ
**दीपक प्रकाश बाँस्कोटा**
पूर्व अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ
**व्यवस्थापन**
सूचना तथा प्रकाशन उप-समिति
**संयोजक**
टेकप्रसाद चौलागाई
**सदस्य**
राजेन्द्र पौडेल
विपिन शर्मा
**प्रधान सम्पादक**
चित्रा कुमारी थाम्सुहाङ सुब्बा
**सम्पादक**
रामसूदन तिमल्सिना
**सह-सम्पादक**
केदार बाँस्कोटा
**कम्प्युटर लेआउट**
विश्वराज सापकोटा
**मार्केटिङ**
ध्रुव रिजाल

**प्रकाशकः**
**राष्ट्रिय सहकारी महासंघ लि., नेपाल**
पो.ब.नं.: ११८५९, काठमाडौं
हरिहरभवन, पुल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ५०१००३३
E-mail: ncf@wlink.com.np
Web site: www.ncfnepal.com.np
Facebook: facebook.com/ncf.nepal.9

**प्रकाशन सहयोगी**
नेपाल सरकार
**भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय**
सिंहदरवार, काठमाडौं

**मुद्रणः**
जय लालीगुंरास इन्भेष्टमेन्ट एण्ड ट्रेडिङ कम्पनी
हरिहरभवन, ललितपुर
फोन नं.: ०१-५०१०७११



# बजेट कार्यन्वयनमा जवाफदेहीता बनौं

आगामी आर्थिक बर्षको बजेटबारे समर्थन र आलोचना गर्दै समीक्षा गरिएको छ । यो बजेटमा सहकारीले उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना र गरिवी निवारण, कृषि उत्पादनसँग जोडेको पाइन्छ । तर आगामी बर्षको बजेटको समीक्षा, विश्लेषणा गर्दा चालु आर्थिक बर्षको बजेटको कार्यान्वयन र यसले पारेको प्रभावको विषयमा बहस हुन जरूरी देखिन्छ । बजेट कार्यान्वयन नहुँदा किन कोही जवाफदेही हुनु पर्दैन ? बजेट के कति कार्यान्वयन भयो, यसबाट कस्तो प्रतिफल आयो त ? लक्षित वर्गले लाभ लिन सके कि सकेनन् भन्ने विषयमा छलफल र बहसलाई किन महत्व दिइँदैन ? नेपालको बजेट प्रणालीको कमजोर पक्ष नै यहि हो । जवाफदेही खोज्ने अभ्यासको थालनी हामीले गर्नैपर्छ ।

वास्तविक समस्याको पहिचान गरी त्यसको समाधानमा सबैको सामुहिक प्रयास हुने र बजेट र वित्त नीतिमा त्यसलाई सम्बोधन गर्नेतर्फ उन्मुख हुनुपर्ने देखिन्छ । सहकारीलाई उत्पादनसँग जोड्ने हिसाबले बजेट आएको छ । विगतमा पनि आएका थिए । तर वास्तविक समस्याको पहिचान भै राष्ट्रिय सहकारी महासंघले सहकारीलाई उत्पादन, उद्योगमा जानका लागि विभिन्न ऐन बाधक रहेको भन्ने विषयमा सरकारलाई पटक पटक जानकारी गराइएको भए पनि त्यसलाई समाधान गर्न अग्रसरता नरहेको पो हो कि भन्ने परेको छ । पहिचान गरिएका समस्या समाधानमा सबैको तर्फबाट इमान्दार प्रयास भएको खण्डमा नीति कार्यक्रम बजेटको कार्यान्वयन पक्ष बलिया हुने देखिन्छ ।

त्यसैगरी सहकारी क्षेत्रलाई लगाउने आयकरको विषय जहिले पनि बजेटमा चर्चामा रहन्छ । यसपटक पनि सहकारीले तिर्नुपर्ने आयकरमा ५० प्रतिशतले बृद्धि गरेकोमा सहकारीकर्मीले त्यसलाई समायोजन गर्नुपर्ने माग उठाएका छन् । सहकारी ऐन २०७४ मा नै सहकारीलाई लाग्ने आयकर तोकिएको भए पनि त्यसको कार्यान्वयन हुन नसक्नुले मन्त्रालयबीच आपसी समझदारी र समन्वयको अभाव पो हो कि भन्ने देखिन्छ । सहकारी सामाजिक मुल्यमा आधारित व्यवसाय भएकाले यसले नागरीकलाई सक्षम बनाउने र कर तिर्न सक्ने बनाउने भएकाले सहकारीमा लाग्ने आयकरलाई अन्य क्षेत्र सरह गर्दा न्यायसंगत हुँदैन भन्ने सहकारीकर्मीको आवाजलाई समयमा नै सम्बोधन हुने विश्वास लिएका छौं । सहकारी क्षेत्रलाई छुट्टाएको बजेटमा सन्तोष लिन सक्ने अवस्था नभएपछि कतिपय विषयमा सहकारीलाई अगाडि बढाउने गरी बजेट आएको छ । यसको मुख्य चुनौती भनेकै कार्यान्वयन पक्ष हो । त्यसतर्फ सरोकारवालाहरूको ध्यान जान जरूरी छ ।

सहकारीको मन्त्र आत्मनिर्भर अर्थतन्त्र भन्ने नारा ल्याइएको भए पनि बजेटले नारा अनुसार सहकारीलाई फैलिने अवसर प्राप्त गर्न दिएको भए प्रभावकारी हुने थियो । तथापी आयकरको विषयमा उठेको आवाजलाई सम्बोधन गर्दै सरकारले बजेट कार्यान्वयनमा जवाफदेहीको अभ्यासलाई अगाडि बढाउँदै अगाडि बढोस् ।

यसमा प्रकाशित सामग्रीका व्यक्ति विचारहरु सर्जकका निजी हुन् । प्रकाशित सामग्रीहरूको बारेमा आफ्ना सुझाव र प्रतिक्रिया पठाउनु हुन पाठकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

sahakarisandesh@gmail.com

# पाठक–पत्र

## युवाको महत्व बुझ्न थप उर्जा

प्रधान सम्पादकज्यु,

सहकारी सन्देश मासिकको वर्ष १८ अंक १० को पृष्ठ ०७ देखि ११सम्म विभिन्न शीर्षकमा प्रकाशित समाचारहरूप्रति हाम्रो ध्यान आकर्षित भएको छ । झन राष्ट्रिय सहकारी महासंघका युवा सञ्चालक सागर ढकालको 'सहकारीको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म युवा संगल्नता आवश्यक' लेखबाट त युवाको महत्व बुझ्नका लागि थप उर्जा प्रदान गरेको छ । वास्तवमा युवा जनशक्ति नै देश विकासको संवाहक हो । यो तथ्य बोध भइसकेपछि युवालाई देशको नीति निर्माण र विकास योजनाहरूमा सहभागी गराउन नसक्नु खेदजनक कुरा हो । यद्यपि कथनमा युवा जनशक्तिलाई परिवर्तनको वाहक भनिए पनि ब्यबहारमा ठीक त्यसको विपरित भइरहेको पाइन्छ । जस्तो राजनीतिक दलहरूको नेतृत्वमा होस् वा अन्य व्यवसायिक र पारिवारिक नेतृत्वमा नै किन नहोस् युवा सहभागीता र सहकार्यलाई प्रायः निशेध गरेको देखिन्छ । केवल विवादबाट जोगिनका लागि सहभागीता गराए जस्तो गर्ने गरेको पाइए पनि अन्तरमनदेखि नै न्यानो स्वागत गर्ने कार्य भइरहेको पाईंदैन । अर्को शब्दमा देशको विकासमा कूल जनसंख्याको २०.८ र ४०.६८ प्रतिशत युवा जनशक्ति भएको स्वीकार गरेको भए पनि त्यसको अधिकत उपयोग र उपलब्धी लिन राज्य प्रायः सधै पछि परिरहेको छ । गरिबी र बेरोजगारी बढ्नुको कारण पनि यही हो । यस तर्फ राज्यको नीति निर्माताहरू गम्भिर हुन आवश्यक छ ।

**– धन महर्जन**
कामनपा-१४,कलंकी, काठमाडौं

## लेखले धेरै कुरालाई समेट्न खोज्यो

सहकारी सन्देश मासिकको वर्ष १८ अंक १० को पृष्ठ २२ मा प्रकाशित 'आर्थिक सामाजिक परिवर्तन,व्यबसायिक विकास र मर्यादित काममा प्रविधि' शीर्षक लेखले धेरै कुरालाई समेट्न खोजेको प्रतित हुन्छ । शीर्षक र उपशीर्षकबाट पनि त्यो कुरा पुष्टि हुन्छ । जहाँसम्म सहकारी र प्रविधिको कुरा छ,विकास प्रकृयालाई रोजगार सिर्जना र गतिशील बनाउन समय साँपेक्ष प्रविधिमा अभ्यस्त हुनु आजको आम मानिसको बाध्यता हो । त्यसका लागि प्रविधिमा अभ्यस्त हुन सक्ने जनशक्ति हामीसंग कति छ ? हाम्रो समाजको शैक्षिक ज्ञान र प्रविधिजन्य सीपबाट कतिसम्म सक्षम छ ? त्यसको पनि ख्याल गर्नुपर्छ । साक्षर व्यक्तिलाई वैज्ञानिक भनियो भने र त्यस्तो व्यक्ति स्वयम्ले वैज्ञानिक भएको दाबी गऱ्यो भने ग्रामीण स्वास्थ्य कार्यकर्तालाई डाक्टर भन्दा गमक्क परे जस्तो हुँदैन ? जनशक्ति तयार गर्नेतिर नलाग्ने र केवल नारा मात्र ठूलठूलो स्वरले घन्काउँदैन स्तरीकरण हुन्छ भनेर कसरी विश्वास गर्न सकिन्छ ? यद्यपि प्रयाश राम्रो छ ।

**दिपीन न्यौपाने**
सूर्यबिनाय नपा-४, भक्तपुर

## समय सान्दर्भिक लेख

सहकारी सन्देश मासिकको वर्ष १८ अंक १० को पृष्ठ २० मा प्रकाशित 'तरलता अभावले पार्ने प्रभाव र समाधान उपाय' शीर्षक लेख समय सान्दर्भिक छ । यसका लागि लेखकलाई साधुवाद छ । सहकारी अभियानमा बेला बेलामा देखा पर्ने ब्यबहारिक कठिनाइका सम्बन्धमा सरोकारवाला सहकारीकर्मीहरूले बहस/पैरवी चलाई रहेमा यस क्षेत्रको समस्या समाधान गर्नमा सहयोग पुग्नेमा दुईमत छैन ।यद्यपि सहकारी संघ/संस्थाहरूमा तरलता संकट हुनु भनेको सञ्चालक र व्यवस्थापककै कम्जोरी हो । अर्थात् सहकारी संस्थाहरूले किन बाणिज्य बैंकमा खाता सञ्चालन गर्नुपर्ने ? राख्न पाउने र झिक्न(ऋण लिन) नपाउने ठाउँमा राख्नु भनेको चितुवालाई मासु पैंचो दिनु सरह हो । प्राकृतिक नियमानुसार पनि पस्ने र निष्कने सहजता हुनुपर्छ । राख्न पाउने र झिक्न नपाउने भन्नुको अर्थ मर्नु भन्नु हो । अर्थात् संस्थागत खाता नेपाल राष्ट्र बैंकमा खोल्न पाइन्छ र राष्ट्रिय सहकारी बैंक र केन्द्रीय सहकारी संघहरूमा नै सहकारी संस्थाहरूले खाता सञ्चालन गर्दा पुग्छ । यस्तो अवस्थामा बाणिज्य र विकास बैंकहरूमा खाता सञ्चालन गर्नुको औचित्य नै छैन । सबै कुरा थाह भएर पनि बाणिज्य र विकास बैंकहरूमा नै सहकारी संस्थाहरूले खाता सञ्चालन गर्नु भनेका सुरक्षाको बहानामा निजी स्वार्थ नै जोडिनु हो ।

बणिज्य बैंक, विकास बैंक र बित्तीय संस्थाहरूमा आर्थिक मंदी वा तरलता संकट आउनासाथ सहकारीमा पनि बित्तीय संकट आउनु भनेको सहकारी संघ/संस्थाहरू सहकारीको सिद्धान्त, नीति, मुल्य र मान्यता विपरित सञ्चालन हुनुको परिणाम हो । सहकारीले बाणिज्य बैंकहरूको नक्कल गर्ने र उनीहरूको प्रतिस्पर्धी हुन खोज्ने होइन । बरू बाणिज्य बैंकहरूले अनुशरण गर्ने खालका नमूना बित्तीय कारोबारहरू सञ्चालन गरेर आत्मनिर्भर हुने मार्गमा अग्रसर हुनुपर्छ । त्यसो गर्न सकियो भने मात्र वास्तविक अर्थमा सहकारीकर्मी भएको भन्न सुहाउँछ । अर्को शब्दमा सामाजिक मुल्यमा आधारित आर्थिक कारोबार गर्नु र ब्यबहारिक उपभोक्ता बन्नु नै सहकारीकर्मी हुनु हो भन्ने सिद्धान्तमा चल्नु सान्दर्भिक हुने छ ।

**सञ्जुदेवी दाहाल**
थसिखेल, ललितपुर

## सहकारीको प्रतिष्ठा बढ्यो

सहकारी सन्देश मासिकको वर्ष १८ अंक १० को पृष्ठ २६ मा प्रकाशित 'फ्रेञ्च सहकारी अभियानको सिंहावलोकन' शीर्षक लेखले नेपालको सहकारी अभियानको मात्र नभएर सिङ्गो विश्व सहकारी अभियानको प्रतिष्ठा बढाएको छ । सहकारीले........भन्नेहरूका लागि सो लेखले मुखभरिको जवाफ दिएको छ । हो, सहकारी आफैंमा साध्य होइन, तर माध्यम अवश्य हो । सहकारीलाई माध्यम बनाएर असल उद्देश्यकासाथ जवाफदेही भएर काम गर्ने हो भने आम नागरिकको आर्थिक, सामाजिक र साँस्कृतिक स्तरोन्नतिका लागि समय लाग्दैन ।

**सुषमा निरौला**
पञ्चन,सोलुखुम्बु

# सहकारीमार्फत लैंगिक समानता विषयक प्रादेशिक गोष्ठी धनगढीमा




सहकारी अभियानमा ७३ लाख नेपाली आवद्ध छन् । त्यसमा पनि ५८ प्रतिशत महिलाको सहभागिता रहेको छ । महिलाको सशक्तिकरण र नेतृत्व विकासका साथै उनीहरूको आर्थिक र सामाजिक स्तरउन्नतीमा सहकारी अभियानले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । सहकारीमा पुरूषभन्दा महिलाको आवद्धता बढि भएको भए पनि नेतृत्व तहमा अझै पनि महिलाको सहभागिता कमजोर भएकाले राष्ट्रिय सहकारी महासंघले सहकारीमा लैंगिक समानताको विषयलाई जोड दिर्दै आएको महासंघका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बा बताउनुहुन्छ ।

उहाँ आफैले पनि नेपालको सहकारी अभियानको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघमा २५ बर्ष काम गर्दा पनि महाप्रबन्धक पद प्राप्त गर्नु महिला भएकै कारण ठूलो संघर्ष गर्नुपरेको अनुभव सुनाउनुहुन्छ । त्यसैले पनि लैंगिक समानताको मुद्दा अझै सहकारीमा बहसको विषय रहेको उहाँले बुझाई छ । जसका कारण महासंघले प्रत्येक बर्ष लैंगिक समानताको विषयमा विविध कार्यक्रम गर्दै आएको छ । यस बर्ष सुदूरपश्चिम प्रदेशको धनगढीमा जेठ १३ र १४ गते सहकारीमार्फत लैगिक समानता विषयक प्रादेशिक गोष्ठी भएको थियो ।

गोष्ठीको उद्घाटन सुदूरपश्चिम प्रदेशका मूख्य मन्त्री त्रिलोचन भट्टले गर्नुभयो । उहाँले सो कार्यक्रममा लैंगिक समानताका लागि सहकारीको महत्वका साथै अन्य क्षेत्रमा पनि सहकारीको योगदानको आवश्यकता रहेको अनुभव सुनाउनुभयो । किसानद्धारा उत्पादित वस्तुलाई वजारसम्म पुरयाउने सवैभन्दा उपयुक्त माध्यम सहकारी भएको विचार व्यक्त गर्नुभयो । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको सहयोगमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको आयोजनामा भएको सो कार्यक्रममा भट्टले भन्नुभयो 'जनताका वीच सरकार पुग्ने माध्यम पनि सहकारी हो तर सहकारी संस्थाहरू व्यवस्थित रूपमा संचालन हुनुपर्दछ, प्रदेश सरकार सहकारी अभियानको प्रवर्द्धनका लागि तयार छ ।'

सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनिता चौधरीले सहकारीमा महिला सदस्यहरू धेरै भएतापनि नेतृत्वमा किन कम ? भन्ने प्रश्न गर्नुभयो । 'यस विषयमा वहस गर्नु जरूरी छ,' उहाँले भन्नुभयो, 'अव वैदेशिक रोजगारीमा जाने युवाहरूका लागि स्वदेशमा रोजगारी सिर्जना गर्न सहकारी लाग्नुपर्छ ।' महासंघका अध्यक्ष मीनराज कंडेलले सहकारी क्षेत्रले पुऱ्याएको योगदानको चर्चा गर्दै उत्पादनको समस्या नभै वजारको समस्या भएको र उत्पादक र उपभोक्तावीच जोड्ने काम सहकारी अभियानबाट हुने विचार व्यक्त गर्नुभयो ।

महासंघका संचालक तथा प्रदेश सभा सदस्य तारा लामा तामांङले सहकारी राम्रो भएको ठाउँमा आर्थिक सामाजिक विकास भएको, महिला सशक्तिकरण भएको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा सुदुरपश्चिम प्रदेश स्वरोजगार कोषका कार्यकारी निर्देशक चुडामणि तिम्सिना, नेफ्स्कुनका संचालक तथा सुदूरपश्चिम प्रदेश वचत तथा ऋण सहकारी संघका अध्यक्ष माधव प्रसाद जोशी, राष्ट्रिय सहकारी बैंकका संचालक शिवा थापा, महासंघका पूर्व संचालक गणेश वहादुर चन्दले शुभकामना मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको संचालन महासंघका संचालक पदमा गुरूङले गर्नुभएको थियो । सो कार्यक्रममा सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लामा सहकारी संघ/संस्थाका १०७ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा कैलाली वहुमुखी क्याम्ससका सहप्राध्यापक सहकारीकर्मी डा. गोविन्द राज जोशीले लैगिक समानताका लागि विद्यमान नीतिगत व्यवस्था र सहकारीको भूमिका र महासंघका महाप्रवन्धक चित्रा कुमारी थाम्सुहांङ सुव्वाले सहकारीमा लैंगिक समानता, चुनौती

र आगामी कार्यदिशा विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

दोश्रो दिन सहकारीमा डिजिटलाइजेशन विषयमा इन्फो डेभलोपर्स प्रा.लि का कार्यकारी निर्देशक प्रविण सुवेदी, हिमांसु सिंह ठकुरी, सहकारी अभियानमा राष्ट्रिय सहकारी वैंकको भूमिका विषयमा वैंकका अध्यक्ष के.वी उप्रेतीले प्रस्तुती गर्नुभएको थियो । जिल्ला बचत तथा ऋण सहकारी संघ लि डडेल्धुराका संचालक कमला विष्ट, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. कैलालीका संचालक दिप्ती शाही र सुदुरपश्चिम बहुउद्देश्यीय सहकारी संस्था लि. कैलालीकी व्यवस्थापक रूपा जोशीबाट महिला सहकारीकर्मीहरूका अनुभवजन्य सफलताका कथाहरू प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण महासंघका तालिम अधिकृत देवी माया वांस्कोटाले गर्नुभएको थियो ।

सहकारीका सदस्य बनेपछि महिलाहरूमा बचत तर्था बानी, लगानी गर्ने बानी, व्यवसायिक सोच विकास भएको सहभागीहरूले बताएका थिए । 'आवश्यक पर्दा गर्दो टार्न सहयोग पुगेको छ भन्ने मात्र अब होइन नेतृत्व तहमा पनि महिलाको समान प्रतिनिधित्व हुनपर्छ भन्ने हो ।' महासंघका महाप्रबन्धक सुब्बाले बताउनुभयो । महिला सदस्य भएकै कारण उनीहरूले परिवारका सबै सदस्यलाई नियमित बचत गर्न प्रोत्साहन गरिरहेका हुन्छन् । विभिन्न अध्ययनहरूले महिलाले मात्र संचालन गरेको सहकारी प्रभावकारी र मर्यादित, अनुशासित भएके समेत देखाएको छ । 'महिलाले फजुल खर्च नगर्ने भएकाले पनि संस्थागत विकास भएको हुनुपर्छ ।' महासंघकी तालिम अधिकृत देवीमायामा बाँस्कोटाले बताउनुभयो ।



नेपालको सहकारी क्षेत्रमा पुरूषको तुलनामा महिलाको उपस्थिति बढि भए पनि नेतृत्व तहमा सोचजस्तो नहुनुमा चुलोचौकाको कामबाट फुर्सद निकाल्न नै उनीहरूलाई संघर्ष गर्नुपर्ने भएकाले नेतृत्वका लागि हुने भागदौडमा उनीहरू पछाडि परेको पर्यवक्षक बताउछन । महिलाले सहकारीमा लागेर व्यक्तित्व विकास गर्ने अवसर पाएका छन् । समुदायमा नेतृत्व लिन पनि सक्षम छन् । जनप्रतिनिधिका रूपमा सहकारीकर्मी महिलाको राम्रै उपस्थिति छ । तथापी महिलालाई नेतृत्व दिने विषयमा अझै समाज लचक देखिएको छैन,' सुब्बा बताउनुहुन्छ ।

सहकरी विभागले २०७७ साउनमा जारी गरेको प्रतिवने अनुसार नेपालका सहकारीमा ५६ प्रतिशत महिला र ४४ प्रतिशत पुरूष आवद्ध छन् । त्यति मात्र होइन कर्मचारीका रूपमा पनि महिलाकै बाहुल्यता छ । तर निर्णय तह वा उच्च तहको कर्मचारीको नेतृत्वमा पनि पुरूष बढि हावी भएको पाइन्छ । महिला नीति निर्माण तहमा रहे भने महिलाको हितका विषयमा आवज बुलन्द हुने स्पष्ट हुन्छ । नेतृत्व तहमा जानका लागि महिलाले पनि आफ्नो तर्फबाट पहल र सोच निर्माण गर्नुपर्ने आवश्यकता समेत सुब्बा औंल्याउनु हुन्छ । 'नेतृत्वका लागि चाहिने सिप र गुण त विकास गर्नुपर्छ । नेतृत्व लिनुमात्र ठूलो होइन त्यसलाई पुरा गर्न सक्षम पनि हामी बन्नुपर्छ ।' सुब्बा बताउनुहुन्छ । नेपालको प्रचलित कानुनले नेतृत्व तहमा ३३ प्रतिशत महिला हुनुपर्ने उल्लेख गरेको छ ।



# सहकारीको विषयमा बागमती प्रदेशद्वारा निर्देशन जारी



बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले जेठ १२ गते निर्देशन जारी गरेको छ । सो निर्देशनमा सहकारीले मूल कार्यालयलाई प्रधान कार्यालय, मुख्य कार्यालय तथा सेवाकेन्द्रलाई शाखा कार्यालय लगायतका शब्दावली प्रयोग नगर्न भनेको छ ।

निर्देशनमा जारी मापदण्डमा भएको व्यवस्था बमोजिम मूल कार्यालयलाई सहकारी संस्थाको कार्यालय मात्र जनाउने गरी र माथि संस्थाको नाम लेखी तल जुन स्थानको सेवाकेन्द्र हो सोही स्थान मात्र राख्नुपर्ने निर्देशन जारी गरेको छ ।

सहकारी संस्थाले संस्थाको साइनबोर्ड लगायत विभिन्न काममा नाम प्रयोग गर्दा विशेष नाम, विषयगत नाम र सहकारी संस्था लि. सहितको पूरा नाम उल्लेख गर्नुपर्ने जनाइएको छ । पूरा नाम नराखिएका संस्थाले सूचना जारी भएको १५ दिनभित्र साइनवोर्ड र अन्य कागजात मिलाइसक्ने व्यवस्था अनिवार्य रूपमा मिलाउनु पनि भनिएको छ ।

विषयगत तथा जिल्ला सहकारी संघले मन्त्रालयको निर्देशन सदस्य प्रारम्भिक संस्थाबाट भए नभएको सम्बन्धमा अनुगमन गरेर कार्यान्वयन समेत गराइ मन्त्रालयलाइ जानकारी गराउने व्यवस्था समेत मिलाउनुपर्ने भएको छ । मन्त्रालयले प्रदेश सरकारको नियमन क्षेत्राधिकारमा पर्ने सहकारी संघ संस्थाहरूको सञ्चालन र नियमन कार्यलाई थप प्रभावकारी बनाउन निर्देशन जारी गरेको हो । सहकारी संस्थाहरूको विषय परिवर्तन, कार्यक्षेत्र पुनर्निर्धारण तथा सेवाकेन्द्र स्वीकृति सम्बन्धी मापदण्ड स्पष्ट भएकाले सोही अनुसार गर्न मन्त्रालयले अनुरोध गरेको छ ।

नियामक निकायको स्वीकृति विना यस्ता कार्यहरु नगर्न पनि मन्त्रालयले सूचना जारी गरेको छ । संघ संस्थाको प्रारम्भिक साधारणसभाले गरेको विनियम संशोधन स्वीकृत नहुने भएको छ । त्यस्तो सभाबाट विनियम संशोधन प्रस्ताव गरी नपठाउन मन्त्रालयले सहकारीलाई अनुरोध गरेको छ । सबै सहकारी संघ संस्थाहरूले सदस्य, सञ्चालक तथा कर्मचारीहरूको आचार संहिता बनाई लागू गर्ने निर्देशन जारी गरेको छ । संघ संस्थाको कार्यालय विनियमले तोकेको स्थानमा नै अनिवार्य रूपमा राख्ने तथा यस कार्यालयको स्वीकृति विना स्थानान्तरण नगर्न मन्त्रालयले स्पष्ट पारेको छ ।

संघ संस्थाको साइनवोर्ड हल्का हरियो भूईमा सेतो अक्षरले लेखिएको हुनुपर्ने व्यवस्था कतिपय संस्थामा लागू भएको नदेखिएको हुँदा साइनवोर्डको रङ मिलाउन मन्त्रालयले सूचना जारी गरेको छ । बचत तथा ऋणको कारोवार गर्ने संस्थाले अनिवार्य रूपमा पर्ल्स अनुगमन प्रणालीसँग तालमेल हुनेगरी कारोवारको लेखा राख्ने व्यवस्था मिलाउन मन्त्रालयले भनेको छ ।

साधारण सभामा मापदण्डमा तोकिए बमोजिमको ढाँचामा लेखा सुपरीवेक्षण समितिले प्रतिवेदन पेश गर्ने र पारित गर्ने व्यवस्था अनिवार्य रूपमा लागू गर्नुपर्ने सूचनामा उल्लेख छ । सम्पत्ति शुद्धीकरण निवारण निर्देशन बमोजिम सदस्यको विवरण राख्ने, अद्यावधिक गर्ने, सीमा र शंकाश्पद कारोबारको जानकारी पठाउने व्यवस्था अनिवार्य रूपमा मिलाउन निर्देशन दिइएको छ ।

## सहकारी सुशासनका लागि ३५ बुँदे निर्देशन : मन्त्री श्रेष्ठ

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय शशी श्रेष्ठले सहकारी क्षेत्रको सुशासन कायम गर्नका लागि मन्त्रालय लागि परेको बताउनुभएको छ । उहाँले सहकारी विभागले जारी गरेको ३५ बुँदे निर्देशन पनि सहकारलिाई सुशासनमा ल्याउनका लागि भएको बताउनुभएको छ । मन्त्रालयमा १९ जेठमा आयोजिक पत्रकार सम्मेलनमा बोल्दै उहाँले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने समेत जानकारी दिनुभयो ।

सुशासनलाई जोड दिएर सहकारीको व्यवस्थापन, क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन र नियमनका लागि प्रभावकारी कदम चालिएको मन्त्री श्रेष्ठले बताउनुभएको छ । संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र साझेदारीलाई प्रभावकारी बनाएर नियमनमा जोड दिइएको भन्दै उहाँले आवश्यक कानुन मापदण्ड र मानदण्ड तयार गरी कार्यन्वयनमा ल्याइएको बताउनुभयो ।

बिस्तृत अध्ययन, छलफल र परामर्श गरी सहकारी संघसंस्थाहरूको लागि ३५ बुँदे एकीकृत निर्देशन जारी गरिएको उहाँले उल्लेख गर्नुभएकोछ ।

# आइसीएमा मल्ल नउठ्ने घोषण



अन्तर्राष्ट्रिय सहकारी महासंघको मे १० मा भएको बोर्ड बैठकमा महासंघका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले भर्चुअल रूपमा सहभागिता जनाउनुभएको थियो । स्पेनको सेभिलमा १९ देखि २१ जुनसम्म हुने आइसीएको साधारण सभा तथा निर्वाचनको एजेन्डाहरू समेत बोर्ड बैठकमा प्रस्तुत गरिएको थियो । सेभिलमा ग्लोबल बोर्डका लागि हुने निर्वाचनमा अध्यक्षका लागि तीनजना उम्मेदवारबीच प्रतिस्पर्धा हुने भएको छ । वर्तमान अध्यक्ष अर्जेटिनाका एरियल ग्वार्को, फ्रान्स र अष्ट्रेलियाले अध्यक्षका लागि प्रतिस्पिर्धा गर्ने भएको मल्लले बताउनुभयो ।


त्यसैगरी बोर्ड सदस्यका लागि २२ जनाको उम्मेदवार रहेका छन् । नेपालबाट यस अघि मलेसियामा भएको निर्वाचनमा ओमदेवी मल्ल विजयी प्राप्त गर्नुभएको थियो । उहाँ आइसीएको बोर्डमा निर्वाचित हुने पहिलो नेपाली सहकारीकर्मी हुनुहुन्छ । उहाँले यस पटक उम्मेदवार नदिने घोषणा गरिसक्नुभएको छ । बोर्ड बैठकले निर्वाचन समितिको रिपोर्ट, वित्तिय रिपोर्टलगायतका प्रतिवेदनहरू समेत पास भएको थियो ।

# अर्थ समितिमा भएको सहकारी सम्बन्धि टिप्पणीप्रति महासंघको आपत्ति

अर्थ समितिको बजेट सम्बन्धी छलफल कार्यक्रममा सहकारी क्षेत्रको आवश्यकता नरहेको भन्ने टिप्पणी सार्वजनिक भएको विषयमा राष्ट्रिय सहकारी महासंघको गम्भिर ध्यानआकर्षण भएकाले २०७९ जेठ ११ गते एक विज्ञप्ती जारी गरेको थियो । मूल्यमा आधारित भएर गरिने सहकारी व्यवसायप्रति जिम्मेवार व्यक्तिले गरेको टिप्पणी पूर्वाग्रहपूर्ण रहेको महासंघको ठहर छ ।

महासंघले जारी गरेको विज्ञप्तीमा, सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागीता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने संवैधानिक व्यवस्था रहेकोमा संविधान विपरित सहकारीका विषयमा अभिव्यक्ति दिएर नेपालका करिब ७३ लाख भन्दा बढि मानिस आवद्ध रहेको जनतको अभियानप्रति अवमुल्यन गर्ने काम भएको छ ।

गरिवी न्यूनिकरण, रोजगार सिर्जना, महिला सशक्तिकरण र दिगो विकास लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण योगदान दिइरहेको



NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

प्रेस विज्ञप्ति

अर्थ समितिको बजेट सम्बन्धी छलफल कार्यक्रममा नेपालको अर्थतन्त्रको एउटा खम्बाका रुपमा रहेको सहकारी क्षेत्रको आवश्यकता नरहेको भन्ने टिप्पणी सार्वजनिक भएको विषयमा राष्ट्रिय सहकारी महासंघको गम्भिर ध्यानआकर्षण भएको छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागीता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने संवैधानिक व्यवस्था रहेकोमा संविधान विपरित सहकारीका विषयमा अभिव्यक्ति दिएर नेपालका करीव ७३ लाख भन्दा बढी मानिस आवद्ध रहेको जनताको अभियानप्रति अवमूल्यांकन गर्ने काम भएको छ । गरिबी न्युनिकरण, रोजगार सिर्जना, महिला सशक्तिकरण र दीगो विकास लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण योगदान दिइरहेको सामाजिक उद्यमका रुपमा स्वीकारिएको सहकारी अभियानप्रति कुनै एक क्षेत्रलाई फाइदा हुने गरि गरिएको टिप्पणीको भर्त्सना गर्दछौं ।

स्वरोजगार कोषको पैसा सहकारीमार्फत युवा उद्यमीहरुमा वितरण गर्ने योजनाको विरोधमा बोल्दै समुदाय नै मालिक हुने व्यवसायप्रति दिइएको अभिव्यक्तिले समुदायको उत्थानप्रति गैरजिम्मेवार रहेको स्पष्ट हुन्छ ।

आर्थिक संकटको समयमा, हालैको विश्वव्यापी कोभिड-१९ को महामारीको समयमा अन्य व्यवसायभन्दा सहकारी व्यवसायले प्रभावकारी रुप्मा आम समुदायलाई सेवा पुऱ्याएको विभिन्न अध्ययनहरुले देखाएको छ । समुदायको दिर्घकालिन हित र आवश्यकताले सहकारीको जन्म भएको हो । यो अन्य व्यापार मोडेलभन्दा फरक छ । सहकारी जोखिम प्रतिरोधी र सामाजिक उत्तरदायित्वप्रति बलियो प्रतिबद्धतासहितको सामाजिक व्यवसाय भएकाले स्वरोजगार कोषलगायतको समुदायको उत्थानका लागि स्थापित सम्पूर्ण कोषहरुको वितरण सहकारीमार्फत गरिनुपर्छ भन्ने नेपालको सहकारी अभियानको जोडदार माग समेत रहेको छ । मूल्यमा आधारित भएर गरिने सहकारी व्यवसायप्रति जिम्मेवार व्यक्तिले गरेको टिप्पणी पूर्वाग्रहपूर्ण रहेको हाम्रो ठहर छ ।

मिनराज कडेल
(अध्यक्ष)

मिति: २०७९ जेष्ठ ११ गते, काठमाडौं

सामाजिक उद्यमका रूपमा स्वीकारिएको सहकारी अभियानप्रति कुनै एक क्षेत्रलाई फाइदा हुने गरी गरिएको टिप्पणीको भर्त्सना गरिएको विज्ञप्तीमा उल्लेख छ । सांसद तथा उद्योपति विनोद चौधरीले अर्थ समितिको बजेट सम्बन्धि छलफल कार्यक्रममा सहकारी दलको हुने गरेकाले यसको आवश्यक भएको भन्ने टिप्पणी गर्नुभएको थियो ।

उहाँले स्वरोगार कोषको पैसा सहकारीमार्फत दिइएकोमा आपत्ती समेत जनाउनुभएको थियो । महासघले समुदाय नै मालिक हुने व्यवसायप्रति दिइएको अभिव्यक्तिले समुदायको उत्थानप्रति गैरजिम्मेवार रहेको स्पष्ट हुने उल्लेख छ । आर्थिक संकटको समयमा, हालैको विश्वव्यापी कोभिड १९ को महामारीको समयमा अन्य व्यवसायभन्दा सहकारी व्यवसायले प्रभावकारी रूपमा आम समुदायलाई सेवा पुऱ्याएको विभिन्न अध्यनहरूले देखाएको छ ।

सहकारी जोखिम प्रतिरोधी र सामाजिक उत्तरदायित्वप्रति बलियो प्रतिबद्धतासहितको सामाजिक व्यवसाय भएकाले स्वरोजगार कोषलगायतको समुदायको उत्थानका लागि स्थापित सम्पूर्ण कोषरूको वितरण सहकारी मार्फत गरिनुपर्ने माग महासंघले गरेको छ।

# सिन्धुलीको रणनीतिक व्यवसायिक योजना तर्जुमा कार्यशाला






राष्ट्रिय सहकारी महासंघ लि. नेपालको आयोजना तथा भूमी व्यवस्था सहकारी तथा गरीविनिवारण मन्त्रालयको सहयोग एवं जिल्ला सहकारी संघ लि. सिन्धुलीको समन्वयमा सो संघको रणनीतिक व्यवसायिक योजना तर्जुमा कार्यशाला गोष्ठी जेष्ठ २८ गते सम्पन्न भएको छ । गत भदौमा वहुउद्देस्यीय जिल्ला सहकारी संघ र उपभोक्ता जिल्ला सहकारी संघ सिन्धुली जिल्ला सहकारी संघमा एकिकरण गरिएपश्चात

जिल्ल सहकारी संघ सिन्धुलीलाई नयाँ शिरावाट अघि वढाउनका लागि सो रणनीतिक व्यवसायिक योजना निर्माण कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमको दौरानमा राष्ट्रिय सहकारी महासंघका सञ्चालक श्री



डी. वी. वस्नेतले संघको संस्थागत विकासका लागि व्यवसायिक योजना निर्माण गर्नु पहिलो खुड्किलो भएको वताउदै जिल्लाका निष्क्रिय संघहरूलाई जिल्ला संघमा एकिकरण गर्न आवश्यक रहेको वताउनुभएको थियो ।

सो कार्यक्रममा महासंघका नायव महाप्रवन्धक श्री वावुल खनालले जिल्लाको शशक्त सहकारी अभियानका लागि जिल्ला संघलाई आत्मनिर्भर वनाउनु आवश्यक भएको वताउदै आवद्द सहकारी संघ संस्थाहरूको व्यवसायलाई सघाउ पुग्ने व्यवसायिक क्रियाकलापहरू छनौट गरी रणनीतिक व्यवसायिक योजना वनाउन सुझाव दिनु भयो । जिल्ला संघ सिन्धुलीका अध्यक्ष कृष्नराज के. सी. को अध्यक्षतामा सञ्चालित सो कार्याशाला गोष्ठीमा महासंघका लेखा तथा सुपरिवेक्षण समितिका सदस्य एवं वचत संघ सिन्धुलीका अध्यक्ष श्री विमला श्रेष्ठ, जिल्ला सहकारी संघका पदाधिकारी, सञ्चालक, लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्य एवं विषयगत संघका अध्यक्षहरू र संघका उपसमितिका सदस्यहरू समेत ३० जना भन्दा वढिको सहभागिता रहेको थियो । सो कार्याशाला गोष्ठीको सहजीकरण महासंघका नायव महाप्रवन्धक श्री वावुल खनाल तथा सहकारीकर्मी एवं प्रशिक्षक खोम प्रसाद वगालेले गर्नु भएको थियो ।

# दोलखामा बागमती प्रदेश समन्वय उपसमितिको तेस्रो बैठक सम्पन्न




राष्ट्रिय सहकारी महासंघ बागमती प्रदेश समन्वय उपसमितिको तेस्रो बैठक मिति २०७९ जेठ २५ गते दोलखाको चरिकोटमा भव्य रुपमा सम्पन्न भएको छ । सो बैठकको सौजन्य जिल्ला सहकारी संघ लि. दोलखाले गरेको थियो । छुट्टै आर्थिक, सामाजिक, धार्मिक पहिचान कायम गरेको हिमाली जिल्ला दोलखा सहकारी अभियानका लागि उर्वर जिल्ला हो । महासंघका अध्यक्ष मिनराज कडेलको प्रमुख आतिथ्यतामा सो बैठक सम्पन्न भएको थियो । राष्ट्रिय सहकारी महासंघले बागमती प्रदेश भित्रका सहकारी संघहरूलाई सक्रिय र प्रभावकारी रूपमा संचालन गर्नका लागि नियमित रूपमा कार्यक्रम गर्दै आइरहेको महासंघका संचालक तथा बागमती प्रदेश समन्वय उपसमितिका संयोजक डिवी बस्नेतले बताउनुभयो । समन्वय उपसमितिको दोस्रो बैठक भर्चुअल रूपमा सम्पन्न भएको थियो । सो बैठक २०७८ पौष २० गते बसेको थियो भने पहिलो बैठक भने जिल्ला सहकारी संघ लि. काभ्रेको सौजन्यमा धुलिखेलमा २०७८ बैशाख ९ गते सम्पन्न भएको थियो । अगामी बैठक २०७९ मंसिरमा गर्ने र सो बैठकको संयोजन ललितपुर जिल्ला सहकारी संघले गर्ने भएको छ । समितिले बागमती प्रदेशका जिल्लास्तरीय संघहरूको वस्तुस्थितिको अध्ययन गरि प्रतिवेदन समेत प्रकाशन गरिसकेको छ ।

चरिकोटको बैठकले संघहरूलाई मर्यादित बनाउने विषयमा महत्वपूर्ण निर्णय गरेको छ । जिल्लास्तरीय संघहरू निस्कृय भएको आरोप खेपिरहेको समयमा महासंघले जिल्लास्तरीय संघहरूको स्तरबृद्धिका लागि विविध कार्यक्रम संचालन गर्दै आइरहेको छ । समन्वय उपसमितिको बैठकले संघहरूको लेखा परिक्षण असोज मसान्तभित्र सम्पन्न गरिसक्ने र साधारण सभा कार्तिक मसान्तभित्र सम्पन्न गर्ने/गराउने निर्णय गरेको छ । सो निर्णयमा जिल्लास्तरीय संघहरूले प्रतिबद्धता समेत व्यक्त गरेका छन् । यसका लागि कतिपय कमजोर संघहरूलाई अर्को जिल्लाको संघले सहजीकरण गर्ने सहमति समेत भएको छ । काभ्रे जिल्ला सहकारी संघले सिन्धुलीलाई सहयोग गर्ने र दोलखाले रामेछापलाई सहयोग गर्ने समझदारी भएको राष्ट्रिय सहकारी महासंघका कार्यक्रम अधिकृत अमित अधिकारीले बताउनुभयो । संघलाई रणनीतिक रूपमा अगाडि बढाउनका लागि रणनीतिक योजना निर्माणमा उत्साहित गर्ने निर्णय समेत भएको छ । महासंघका संचालक डिवि बस्नेतले भन्नुभयो,'योजना नबनाएकाहरूका लागि महासंघले प्राविधिक सहयोग गर्ने कुरा समेत भएको छ । रणनीतिक क्षेत्रमा बनाएका संघहरूलाई त्यसको प्रभावकारी कार्यान्वयनका लागि आग्रह गर्ने निर्णय गरियो । हामी त्यसको नियमित अनुगमन पनि गरिरहन्छौं ।'

सहकारी शिक्षा कोषमा रहेको बजेटलाई शिक्षा/तालिममा नै सदुपयोग गर्नुपर्ने निर्णय गरियो छ । यस अघि संघिय सहकारी विभागले जारी गरेको एकिकृत निर्देशनमा समेत शिक्षा कोषको रकम तालिम/शिक्षामा नै खर्च गर्न निर्देशन समेत दिइएको छ । जिल्ला सहकारी संघ तथा प्रदेश सहकारी संघले अन्य विषयगत सहकारी संघहरूसँग समन्वय गर्नका लागि विषयगत समन्वय समिति गठन गरी १५ दिनभित्र महासंघमा पठाउने निर्णय गरिएको छ । प्रत्येक जिल्ला सहकारी संघले त्यस क्षेत्रभित्र रहेका अन्य विषयगत सहकारी संघसँग समन्वय गर्नका लागि सो समिति गठन गर्न आवश्यक महसुस गरिएको संयोजक बस्नेतले बताउनुभयो । कोपोमिसमा सहकारी संस्थाहरूलाई आवद्ध गराउनका लागि संघहरूले सक्रियता बढाउने भएका छन् । सो विषयमा बैठकमा महत्वपूर्ण निर्णय भएको थियो ।


त्यसैगरी १ भाद्र अघि नै महासंघको सदस्यता नविकरण गरिसक्ने र वार्षिक सदस्यता शुल्क भुक्तानी प्रत्येक संघले महासंघको शेयर कम्तिमा १ लाखको पुऱ्याउने निर्णय भएका छ । हालसम्म काभ्रे जिल्ला सहकारी संघ र दोलखा जिल्ला सहकारी संघले महासंघमा १ लाखको शेयर खरिद गरिसकेका छन् । सहकारी प्रवर्द्धन कोषको रकम बाँडफाँड र कर्जा सूचना केन्द्रको स्थापना र सहकारीको आयकरमा भएको

बृद्धि घटाउनका लागि सरकारसँग बहस पैरवी गरी महासंघलाई परिणाममुखी कार्य गर्न आव्हान गर्ने समेत निर्णय भएको छ । सो विषयमा महासंघका अध्यक्ष कँडेलले सहकारी अभियानले वृहत दबाब सिर्जना गर्न महासंघ तयार छ ।

त्यसैगरी महासंघका उपाध्यक्ष रमेश पोखरेलले सहकारी संघहरूले प्रविधिलाई अवलम्बन गर्नुपर्नेमा जोड दिनुभएको थियो । 'संघहरू बलियो भयो भने मात्र अभियान बलियो हुने भएकाले संघलाई सक्षम बनाउनेमा महासंघ क्रियाशिल रहेको र यसमा यहाँहरूले साथ लिने विश्वास लिएका छौं ।' उहाँले भन्नुभयो । बागमति प्रदेश सरकारले दृष्टिबन्धक शुल्क अप्राकृतिक रूपमा बढाएको विषयमा बैठकले आपत्ति जनाउँदै त्यसलाई संघिय व्यवस्था अनुरूप समायोजन गर्नका लागि अनुरोध गर्ने र महासंघले यसका लागि पहल गर्ने निर्णय भएको छ ।

बागमती प्रदेशको निस्कृय रहेको सिन्धुपाल्चोकको जिल्ला सहकारी संघलाई सक्रिय बनाउनका लागि त्यस क्षेत्रमा बृहत सहकारी कार्यक्रम गर्ने निर्णय समेत भएको छ । सो बैठकमा काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुली, धादिङ, नुवाकोट, दोलखा, रामेछाप, सिन्धुपाल्चोक जिल्ला सहकारी संघहरूले जिल्लाको वस्तुगत स्थितिको विषयमा रिपोटिङ गरेका थिए । चितवन, मकवानपुरका जिल्ला सहकारी संघहरूको उपस्थिति थिएन । रसुवामा भने हालसम्म जिल्ला सहकारी संघ गठन भैसकेको छैन । प्रदेशको समन्वय उपसमितिमा रसुवाबाट जिल्ला बचत तथा ऋण सहकारी संघको प्रतिनिधित्व रहेको छ ।

सो बैठकको अघिल्लो दिन २४ जेठमा जिल्ला सहकारी संघ लि. दोलखाले समसामायिक विषयमा अन्तक्रिया कार्यक्रमको आयोजना गरेको संघका अध्यक्ष हेमन्त चौलागाईले बताउनुभयो । 'सहकारी अभियानका शिर्षस्थ नेतृत्व र बागमती प्रदेशको विशिष्ट



सहकारीकर्मीको उपस्थितिमा भएको अन्तक्रिर्या कार्यक्रम प्रभावकारी भएको छ,' चौलागाईले बताउनुभयो ।

सो कार्यक्रममा महासंघका अध्यक्ष मिनराज कडेल, उपाध्यक्ष रमेश पोखरेल, संचालक डिवि बस्नेत, लेखा सुपरिवेक्षण समितिका सदस्य विमला श्रेष्ठ, प्रदेश तथा जिल्लास्तरीय सहकारी संघका प्रतिनिधिहरूको उपस्थिति थियो ।

सो कार्यक्रममा दोलखा जिल्लाका विषयगत सहकारी संघ र त्यहाँका केहि प्रारम्भिक सहकारी संस्थाहरूले समेत आफ्नो प्रस्तुती गरेको थिए । संघका अध्यक्ष चौलागाईले जिल्लाको सहकारी अभियानको विषयमा प्रस्तुती गर्नुभएको थियो । साथै हाम्रो जनकल्याण बचत तथा ऋण सहकारी संस्थाका सिइओ दिपक बस्नेत, मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्थाका सिइओ ईश्वर न्यौपाने, जनसचेतन बचत तथा ऋण सहकारी संस्थाका सिइओ नवराज दाहालले आफ्नो संस्थाका नमुना कार्यको विषयमा प्रस्तुती गर्नुभएको थियो । मिलिजुली कालिञ्चोक र जनसचेतन साकोसले एसियाली स्तरको एक्सेस सिल्भर ब्रान्ड प्राप्त गरेका संस्था हुन् । त्यसैगरी हाम्रो जनकल्याण सोकोसले एसियाली स्तरको एक्सेस काश्य ब्रान्ड प्राप्त गरेको छ ।

दोलखामा एउटा जिल्ला सहकारी संघ र पाँच वटा जिल्लास्तरीय विषयगत सहकारी संघ रहेका छन् । जिल्लाको सहकारी अभियानले करिब एक हजारलाई पत्यक्ष रोजगारी दिएको छ ।

जिल्लामा ५ सय २ सहकारी संस्था रहेका छन् भने जिल्ला सहकारी संघमा ४३५ संस्था आवद्ध रहेको जिल्ला सहकारी संघ दोलखाका व्यवस्थापक अनिल दाहालले बताउनुभयो । जिल्ला सहकारी संघको बार्षिक ५१ करोडको कारोबार रहेको छ ।



# रणनीतिक नेतृत्व निर्माणमा महासंघ





राष्ट्रिय सहकारी महासंघको आयोजनामा २०७९ जेठ २० देखि २२ गतेसम्म नगरकोटको क्लब हिमालय होटलमा सहकारीकर्मीका लागि रणनीतिक नेतृत्व निर्माणसम्बन्धी विशेष प्रशिक्षण कार्यक्रम भयो । शत्रमा कार्यक्रमको उद्घाटन महासंघका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले गर्नुभएको थियो । उहाँले बदलिएको परिस्थितिलाई बुझेर सहकारीकर्मीहरू रणनीतिक रूपमा नेतृत्व निर्माणमा लाग्ने बेला आएको बताउँदै प्राथमिकतालाई ध्यानमा राखेर त्यसको आधारमा काम गर्नुपर्ने कुरामा जोड दिनुभयो । सहकारी अभियान बलियो हुनका लागि नेतृत्वकर्तामा रणनीतिक एव्म व्यवसायिक क्षमताको अभिबृद्धि हुनु अनिवार्य रहेको उहाँले बताउनुभयो । महाप्रबन्धक सुब्बाले महासंघले गत बर्षदेखि फरक शैलीको व्यवहारिक तालिम संचालन गर्दै आएको र अभियानबाट समेत यसलाई रूचाइएको अनुभव सुनाउँदै आगामी दिनमा पनि नेतृत्व विकासका लागि महासंघले नविनतम कार्यहरू ल्याउने जानकारी दिनुभयो ।

सो कार्यक्रमको सहजिकरण मास्टर चेतना कोच इन्द्र गुरूङ र मनोपरामर्शकर्ता राजेश्वरी श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा झापादेखि कञ्चनपुरसम्मका १९ जना सहकारीकर्मीहरूको सहभागिता रहेको थियो । सो कार्यक्रममा महासंघका अध्यक्ष

मिनराज कडेलको समेत सहभागिता रहेको थियो । उहाँले यो तालिमले व्यवसायिक र व्यक्तिगत जीवनलाई सन्तुलनमा राख्नका लागि योगदान गर्ने बताउनुभयो । 'पहिले आफूले आफैलाई रूपान्तरण गर्न सक्नुपर्‍यो । तबमात्र आफू कार्यरत संघ/संस्थालाई रूपान्तरण गर्न सकिने रणनीतिक नेतृत्वको निर्माण गर्न आवश्यक छ ।' महासंघले १० बर्षे रणनीतिक योजना अनुसार सहकारीलाई मर्यादित र दिगो बनाउनका लागि यस्तो तालिम संचालन गर्दै आएको छ ।

कार्यक्रममा रणनीतिक नेतृत्वमा हुनुपर्ने गुण र यसको कार्यन्वयनका सिप सिकाइएको थियो । सहजकर्ता मास्टर चेतना कोच इन्द्र गुरूले रणनीतिक नेतृत्व भनेको रणनीतिक दृष्टिलाई संचार गर्ने र आफ्नो टिमलाई त्यो भिजन हासिल गर्न उत्प्रेरित गर्ने क्षमता रहेको बताउनुभयो ।

रणनीतिक नेतृत्वले लक्ष्य निधारण गरेर त्यसको रणनीति निर्माण गर्ने, मानव पुँजीको व्यवस्थापनमा ध्यान दिने, परिवर्तन र संकट व्यवस्थापन गर्ने, रणनीतिक दक्षता विकास गर्ने, प्रभावकारी कार्यान्वयनका लागि नीति र योजना तर्जुमा गर्ने देखि रचनात्मक कार्य संस्कृतिको विकास गर्ने काम रणनीतिक नेतृत्व गर्नुपर्ने कुरामा प्रशिक्षकहरूले जोड दिनुभएको थियो ।

तालिममा रणनीतिक नेतासँग खुला विचार, दुरदर्शिता, जवाफदेहि, जोखिम लिने क्षमता, प्रभाव पार्न सक्ने, अनुशासन, सहनशीलता, अपटुडेट, आत्म नियन्त्रण र आत्म जागरूकता विभिन्न पक्षहरूमा माथि छलफल गरिएको थियो ।

सो कार्यक्रम समापनमा महासंघका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले नेपालमा सहकारीको औपचारिक शिक्षाको अभाव रहेको औल्याउँदै तालिम तथा प्रशिक्षणको महत्व रहेको बताउनुभएको थियो ।

उहाँले सो कार्यक्रममा अन्तर्राष्ट्रिय अभ्यासका विषयमा समेत जानकारी गराउनुभएको थियो । 'उच्चस्तरीय तालिम सहकारीमा आवश्यक महसुस गरेर महासंघले यस्तो उच्चस्तरीय तालिम संचालन गरेको बताउनु भएको थियो । यसको व्यापकता आवश्यक छ ।' उहाँले 'सदस्यको जिवनस्तर सुधार भएको खण्डमा मात्र सहकारी अभियान सफल भएको मानिने भएकाले सहकारीमा २५ बर्षे यात्राबाट आफुले निरन्तर सिकाईको आवश्यक रहेको अनुभव बटुलेको बताउनु भयो ।

सहभागीहरूले रणनीतिक नेतृत्व निर्माणसम्बन्धी तालिम जीवनको अपरिहार्य रहेको औल्याएका थिए । रूपन्देही कोलियादेवदह बचत तथा ऋण सहकारी संघका कोषाध्यक्ष प्रजापति सापकोटाले जिवनमा पहिलो पटक यस्तो तालिम लिएको प्रतिक्रिया दिनुभएको थियो । उहाँले भन्नुभयो,'यो तालिम मेरो जीवनको टर्निङ प्याइन्ड हो । यो सबैका लागि आवश्यक तालिम छ । सबैलाई जिवनमा एक पटक यो तालिम लिन पनि म आग्रह गर्दछु ।'

त्यसैगरि काठमाडौं नागरिक दैनिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शोभा कार्कीले तालिममा सिकेको कुरालाई संस्था प्रयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । उहाँले 'सहकारीले विपन्न वर्गको उत्थान गर्ने भएकाले रणनीतिक रूपमा अगाडि बढ्नुपर्ने बताउनु भयो ।

सोका लागि सुत्र प्रदान गरेकालेमहासंघलाई धेरै धेरै धन्यवाद व्यक्त गर्नुभयो । तालिमका सहभागिहरूलाई महासंघका वरिष्ठ उपाध्यक्ष मल्लले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।



# धुलिखेलबाट जारी भएको ३५ बुँदे

संघिय सहकारी विभागले सहकारीले जेठ १२ गते बिहिबारका दिन ३५ बुँदे एकीकृत निर्देशन काभ्रेको पर्यटकिय स्थल धुलिखेल पुगेर जारी गरेको छ । विभागले यस अघि जारी भएको ८८ बुँदे एकीकृत निर्देशनलाई परिमार्ज्न गरी नयाँ निर्देशन जारी गरेको हो ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री शशि श्रेष्ठले एक विशेष कार्यक्रमका अवसरमा सो ३५ बुंदे एकीकृत निर्देशन जारी गर्नुभएको थियो ।

सहकारी विभाग र समस्याग्रत सहकारी व्यवस्थापन समितिलेले संयुक्त रूपमा आयोजना गरेको सहकारी संस्थामा सुशासन प्रवर्द्धन र व्यवस्थापन विषयक कार्यशाला गोष्ठिको अवसरमा मन्त्री श्रेष्ठले ३५ बुँदे एकीकृत निर्देशन जारी गर्नुभएको थियो ।

यस अघि तत्कालीन रजिष्ट्रार झलकराम अधिकारी फागुन १ गते ८८ बुँदे एकीकृत निर्देशन जारी गर्नुभएको थियो । रजिष्ट्रार रूद्रप्रसाद पण्डितले जिम्मेवारी सम्हाले लगत्तै नयाँ निर्देशन जारी गर्ने घोषणा गर्नुभएको थियो । सो घोषणा पछि उहाँले निर्देशनका विषयमा बोल्दै राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय संघहरू तथा अभियानकर्मीसँग विभिन्न चरणमा छलफल गरेपछि ३५ बुँदे एकीकृत निर्देशन तयार गरिएको बताउनु भएको थियो ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँ बानेश्वर, काठमाडौं

फोनं. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेमसाइट : www.deoc.gov.np

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- १२८८

**पृष्ठभूमिः**

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरुप सहकारी संघसंस्थाको कामकारबाहीलाई जिम्मेवार, इमान्दार, अनुशासित, पारदर्शी एवं विधिसम्मत् तरिकाले सञ्चालन एवं व्यवस्थापन गरी सहकारी संघसंस्थामा सुशासन प्रवर्धन गर्न वाञ्छनीय भएकाले सहकारी ऐन, २०७४ को दफा २३, दफा २५ को खण्ड (ज) र दफा ९५(५) एवं सहकारी नियमावली, २०७५ को नियम ७२ (३) र नियम ७६ (१) (झ) बमोजिम सहकारी विभागको मिति २०७९।०२।१२ को निर्णयानुसार सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन, २०७९ जारी गरिएको छ ।

(क) **संघसंस्था दर्ता गर्ने अधिकारी तथा सदस्यको जिम्मेवारीसम्बन्धी :**

(१) महानगरपालिका, उपमहानगरपालिकाको कुनै वडामा प्रत्येक पाँच हजार जनसंख्या, नगरपालिकामा प्रत्येक दुई हजार जनसंख्या र गाउँपालिकामा प्रत्येक पाँच सय जनसंख्यामा नवढ्ने गरी वचत तथा ऋणको मुख्य कारोबार गर्ने एक मात्र सहकारी संस्था दर्ता हुन सक्ने कानूनी व्यवस्था परिपालनाको सम्बन्धमा हाल सञ्चालनमा रहेका सहकारी संस्थाहरुले सेवा पुर्‍याइरहेको जनसंख्याको अनुपातको आधारमा उल्लिखित मापदण्डभन्दा बढी सहकारी संस्थाहरु स्थापना हुने भएमा त्यस्तो नयाँ संस्था दर्ता गर्ने कार्य कानूनसम्मत् नहुने हुँदा संस्था दर्ता गर्ने अधिकारीले दर्ता प्रकिया रोक्का राख्न सक्नेछ । संस्था दर्ता गर्ने अधिकारीले संस्था दर्ता गर्दा प्रचलित नीति, ऐन, नियमका साथै सदस्य बन्नका लागि कानूनले तोके बमोजिमका कागजात र विवरणहरु सूक्ष्म ढंगले अध्ययन गरी आवश्यक देखिएमा स्थलगत निरीक्षण गरी प्रकृया पूरा भएका संस्था मात्र दर्ता गर्ने । दर्ता प्रमाणपत्रमा संस्थाको नाम र प्रकृतिसमेत स्पष्ट खुल्ने गरी संस्था दर्ता प्रमाणपत्र जारी गर्ने ।

(२) सहकारी संघसंस्थाको दर्ता तथा नियमनसम्बन्धी कार्यमा प्रत्यक्षरुपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन । उल्लिखित पदहरुमा बहाल रहेको भएमा तत्काल राजिनामा दिने । रिक्त पदका लागि आगामी साधारण सभामा उपनिर्वाचनको माध्यमबाट पदपूर्ति गर्ने व्यवस्था मिलाउने । साथै पेशागत आधारमा दर्ता भएका सहकारी संस्थामा सदस्यता प्राप्त गरेको अवस्थामा बाहेक लाभको पदमा कार्यरत कुनै पनि राष्ट्रसेवक सहकारी संघसंस्थाको सञ्चालकसमिति वा लेखा सुपरीवेक्षण समिति वा व्यवस्थापक वा कर्मचारी भई कामकाज नगर्ने ।

(३) कुनै पनि व्यक्ति सहकारी संस्थाको सदस्य बन्नु पूर्व संस्थाको कार्यक्षेत्र, संस्थाको कार्यालय, सञ्चालक समिति, व्यवस्थापक, उपलब्ध सेवा, सदस्य भएपछि पालना गर्नुपर्ने शर्तहरु, आफ्नो भूमिका, जिम्मेवारी र बहन गर्नुपर्ने दायित्व जस्ता विषयमा आवश्यक सूचनासमेत बुझिसकेपछि संस्थाले प्रदान गर्ने सहकारी शिक्षा सम्बन्धी तालिम लिएर मात्र सदस्यता स्वरुप शेयर प्रमाण पत्र लिने । संस्थाले बोलाएको बिस्तारित मञ्चको बैठक, सदस्य शिक्षा कार्यक्रम र साधारण सभामा सक्रिय रुपमा अनिवार्य सहभागिता जनाउने, नियमित बचत गर्ने लगायतका क्रियाकलापमा सहभागी हुने । सहकारी संस्थाको विषयमा यथार्थ नबुझी आफन्त, नातागोता वा बजार प्रतिनिधिको मात्र विश्वासमा परेर सदस्य बन्ने, बचत जम्मा गर्ने, ऋण लिने र धितो जमानत दिने लगायतका कार्य नगर्ने ।

(ख) सदस्य केन्द्रीयतासम्बन्धी :

(४) सहकारी संघसंस्थाहरुले सदस्य केन्द्रीयतामा आधारित रही सदस्यता सदैव खुल्ला राख्ने । कृत्रिम छेकवार खडा गरी सदस्यता प्राप्त गर्ने अधिकारको कुनै पनि कार्यहरु नगर्ने । संस्थाबाट सेवा प्रदान गर्दा सदस्यले आफू सुरक्षित हुन्छु र मेरो हित विपरीतको कार्य हुने छैन भन्ने विश्वासको भावना बढाउन र सदस्यको अधिकारको संरक्षण हुने गरी कार्यशैली र व्यवहारलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र महिला सदस्यहरुलाई उच्च प्राथमिकता दिई सेवाप्रवाह गर्ने । तदनुसारको सेवास्थलको विन्यास (Lay out) मा ध्यान दिने । संस्थाले सदस्यहरुलाई प्रदान गर्ने सेवाहरुमा लाग्ने सेवा शुल्क, ब्याज, हर्जानासम्बन्धी प्रक्रियाका विषयहरु समावेश गरी संस्थाको बडापत्र जारी गर्ने । संस्थाबाट उपलब्ध हुने सेवा, सेवाको प्रकार, सेवा प्राप्त गर्ने प्रक्रिया, सेवा प्राप्त गर्दा लाग्ने समय, जिम्मेवार शाखा वा कर्मचारी र सेवाका शर्तहरु समेत समावेश गरी बढीमा ३ महिनाभित्र बडापत्र, सूचना पाटी र संस्थाको वेभसाइटमा सार्वजनिक गर्ने ।

(५) सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यहरुलाई वित्तीय साक्षरता र सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु संचालन गर्ने, जोखिम सिर्जना नै हुन नदिन निरोधात्मक (Preventive) कार्यतर्फ केन्द्रित हुने । सदस्यको गुनासोको अभिलेखीकरण र सुनुवाईको प्रगति देखिने गरी अभिलेख राख्ने, सदस्यको सन्तुष्टि सर्भेक्षण गर्ने, गुनासो सुनुवाई संयन्त्र, गुनासो सुन्ने अधिकारी, गुनासो सुनुवाई प्रक्रियासमेत देखिने गरी संस्थाको गुनासो सुनुवाई कार्यविधि जारी गरी कार्यान्वयन गर्ने । सदस्यले सेवा प्राप्त गर्दा तेस्रो पक्षको संलग्नतालाई पूर्णतः निरुत्साहित गर्ने गरी कार्यप्रक्रिया व्यवस्थित गर्ने, संस्थाको आन्तरिक विवाद निरुपण गर्न आवश्यक कार्यविधि र संयन्त्रको विकास गरी लागू गर्ने । सदस्यहरुको व्यावसायिकता विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ग) आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी :

(६) सहकारी संघसस्थाहरुको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिका पदाधिकारी र व्यवस्थापकले संघसंस्थाको विनियममा निर्धारित आफ्नो अधिकार क्षेत्र बाहिर गई कामकारबाही नगर्ने/नगराउने र त्यसरी गरेको काम कारबाही उपर निजहरुलाई नै व्यक्तिगत रुपमा उत्तरदायी बनाउने । समितिका सदस्यहरु एकै अवधिमा समानस्तरको अर्को सहकारी संघसंस्थाको कर्मचारी वा कुनै समितिमा संलग्न हुन नपाउने गरी सदस्य, समिति, उपसमिति र कर्मचारीहरुको लागि आचार संहिता तयार गरी पालना गर्ने, गराउने ।

(७) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न लेखा सुपरीवेक्षण समिति सक्रिय रहने । समितिले संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने गराउने, आर्थिक कारोबारको नियमित निरीक्षण तथा मूल्याङ्कन गर्ने, सञ्चालक समितिको कामकारबाहीको सुपरीवेक्षण गर्ने, समितिलाई सुझावको रुपमा चौमासिक प्रतिवेदन पेश गर्ने । त्यसैगरी वार्षिक प्रतिवेदन साधारण सभामा पेश गर्ने, साधारण सभाको निर्देशन, निर्णय र सञ्चालक समितिको निर्णयहरु कार्यान्वयन गराउन जोड दिने जस्ता कार्यमा लेखा सुपरीवेक्षण समितिले सक्रिय रुपमा भूमिका निर्वाह गर्ने ।

(घ) सञ्चालन र व्यवस्थापनसम्बन्धी :

(८) सहकारी संस्थाले काउन्टरमा रहेको नगद र ढुकुटी (भल्ट) को अनिवार्य बिमा गर्ने । कुनै कर्मचारी वा पदाधिकारीको नियत वा लापरबाहीका कारणले नगदको हिनामिना, हानी नोक्सानी, चोरी, लुटपाट

जस्ता कार्य भएको पाइएमा सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाई प्रचलित कानून वमोजिम कारबाहीको प्रकिया अगाडि बढाउने ।

(९) सहकारी संघसंस्थाहरुले टिकटक, भाइवर, फेसबुक जस्ता सामाजिक संजाल, विद्युतीय तथा छापा माध्यम प्रयोग गरी संस्थागत सूचना संप्रेषण गर्ने बाहेक कुनै चिठ्ठा, उपहार, बढी ब्याज लगायतका प्रलोभनजन्य कार्य गरी सदस्य बनाउने, बचत सकंलन गर्ने तथा ऋण उपलब्ध गराउने गरी विज्ञापन वा प्रचारप्रसार नगर्ने । संस्थाले कमिसन एजेन्ट राखी वा कसैलाई कमिसन बापत कुनै किसिमको पारिश्रमिक दिएर शेयर, बचत वा अन्य कुनै प्रकारको रकम संकलन नगर्ने, नगराउने ।

(१०) सञ्चालकसमिति, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, सल्लाहकार तथा कर्मचारीहरुबाट लिने ऋणको ब्याज कम र सदस्यबाट लिने ऋणको ब्याज बढी नगर्ने । त्यसैगरी उल्लिखित पदाधिकारीलाई वितरण गर्ने लाभांशको प्रतिशत बढी र सदस्यलाई वितरण गर्ने लाभांशको प्रतिशत कम हुने गरी विभेदजन्य कार्य नगर्ने । त्यस्तो कार्य गरेको पाइएमा कम तिरेको ब्याज र बढी लिएको लाभांश बापतको रकममा संस्थाले लिने गरेको अधिकतम ब्याजसमेत जोडी संघसंस्थाको जगेडा कोषमा दाखिला गर्ने । तर साधारण सभाबाट पारित कार्यविधिको अधिनमा रही संघसंस्थामा कार्यरत कर्मचारीहरुलाई दिइने सुविधामा सहुलियतपूर्ण ब्याजदर कायम गर्न यो व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।

(११) सहकारी संघसंस्थाहरुले अधिकार प्राप्त अधिकारीको लिखित स्वीकृति नलिई प्रदेश कार्यालय, शाखा कार्यालय, उपशाखा कार्यालय, फिल्ड कार्यालय, सदस्य सेवा केन्द्र/कार्यालय, बिक्री केन्द्र/कार्यालय आदि खोल्ने, स्थानान्तरण गर्ने लगायतका कार्य गरी सदस्य बनाई शेयर तथा वचत संकलन गर्ने, ऋण लगानी गर्ने/गराउने कार्य नगर्ने । उपयुक्त कार्यहरु सहकारीजन्य ठगीको कसुर मानी प्रचलित कानून बमोजिम कारबाही हुने हुँदा यस्ता कार्यहरु नगर्ने, नगराउने । स्वीकृति लिई सञ्चालन भएको अवस्थामा सो सम्बन्धी जानकारी सम्बन्धित संस्था रहेको प्रदेश र स्थानीय तहलाई समेत दिनुपर्नेछ ।

(१२) सहकारी संघसंस्थाहरुले ATM, QR Code, Mobile Banking लगायतका अन्य विद्युतीय प्रविधि प्रयोग गरी सेवाप्रवाह गर्दा संस्थाको विनियमको उद्देश्य तथा कार्यहरुमा समावेश गरी साधारण सभा र नियामक निकायवाट स्वीकृत गरेको हुनुपर्नेछ । विद्युतीय माध्यममार्फत उल्लिखित कारोबार गर्दा नेपाल राष्ट्र बैकंले तोकेका मापदण्ड समेत पूरा गर्ने । सदस्यहरुलाई यस्ताप्रकारका सेवाप्रवाह गर्दा लाग्ने न्यूनतम सेवा शुल्क सञ्चालक समितिले स्वीकृत गरे अनुसारको मात्र लिने गरी सेवा सञ्चालन गर्ने । यसरी सेवाप्रवाह गर्ने संघसंस्था र सो सेवा प्रदायकबीच भएको सम्झौताको प्रति नियामक निकायमा सम्झौता भएको मितिले १ (एक) महिना भित्र पेश गर्ने ।

(ङ) **समिति/उपसमिति तथा साधारण सभासम्बन्धी :**

(१३) सहकारी संघसंस्थाहरुको जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन ऋण लगानी उपसमितिले जोखिमको विश्लेषण गरी सोको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने । सञ्चालक समितिले उक्त प्रतिवेदन र नियामक निकायबाट प्राप्त निरीक्षण तथा अनुगमनको प्रतिवेदनलाई साधारण सभामा अनिवार्य छलफलको विषय बनाउने ।

(१४) सहकारी संघसस्थाहरुले कार्यालय भवन, जग्गा, गोदाम, शित भण्डार लगायतका अचल सम्पत्ति खरिद गर्नुपर्ने भएमा साधारण सभाबाट निर्णय गराई सदस्यको बचत रकम बाहेक जगेडा कोष र शेयर पूँजीको रकमबाट मात्र खरिद गर्नुपर्ने । यसरी खरिद गर्दा अनिवार्य रुपमा प्राथमिक पूँजीकोषको

विश्लेषण गरी प्राथमिक पुँजी कोष र कुल बचत दायित्वको निर्धारित सीमाभित्र रही खरिद गर्नुपर्ने । यस्तो खरिद गर्दा तत्काल कायम रहेको जगेडा कोषको पचास प्रतिशतभन्दा बढी खर्च नगर्ने ।

(१५) साधारण सभाको अधिकार क्षेत्रभित्र पर्ने सदस्यको दायित्व मिनाहा गर्ने विषय, सञ्चालक समितिको भत्ता निर्धारणको विषय, कोषको बाँडफाँड एवं लाभांश वितरणको विषय, लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने विषय तथा व्यवस्थापकको पारिश्रमिक तथा सुविधा तोक्ने विषय, संस्थाले लिने ऋण दायित्वको अधिकतम सीमा तोक्ने विषय, संस्था एकीकरण, विघटन तथा विभाजन गर्ने विषय, स्थिर सम्पत्ति खरिदको विषय र कुनै खास काम स्पष्ट तोकि सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने विषय लगायतका अधिकार संस्थाको साधारण सभाले मात्र प्रयोग गर्ने । त्यस्तो साधारण सभाको अधिकार सञ्चालक समितिले प्रयोग गरेको पाइएमा सो बमोजिम छुट/मिनाहा दिएको रकम, पारिश्रमिक तथा भत्ता बापतको खर्चको रकम र ऋण लिएको निर्णयमा संलग्न रहने सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुलउपर गरी जगेडा कोषमा जम्मा गर्ने ।

(१६) एकै संस्थामा एकै अवधिमा एकै परिवारको एकभन्दा बढी व्यक्ति सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको पदमा नरहने । संस्थाको लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुको निर्वाचन गर्दा सहकारी सम्बन्धी तालिम र अनुभव भएको सदस्यलाई प्राथमिकता दिई साधारण सभावाट निर्वाचित गर्ने व्यवस्था मिलाउने । सञ्चालक समितिका सदस्य, लेखा सुपरीवेक्षण समिति र अन्य उपसमितिहरुमा रहने सदस्यहरुले निर्वाचन भएको तीन महिना भित्र सहकारी सम्वन्धी तालिम लिनुपर्नेछ ।

(१७) साधारण सभा तीस दिनको म्याद राखी प्रस्तावसहित आह्वान गर्ने । साधारण सभाको सार्वजनिक सूचना जारी हुँदाका बखत कायम सदस्यहरुले मात्र निर्वाचन प्रयोजनार्थ आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन् । निर्वाचन हुने साधारण सभाको सूचना जारी भई सकेपछि साधारण सभा सम्पन्न नहुँदासम्मको अवधिमा सदस्यताका लागि प्राप्त हुने आवेदन उपर निर्वाचनको कार्यसम्पन्न भएपछि मात्र निर्णय गरी सदस्यता प्रदान गर्ने । प्रारम्भिक सहकारी संस्थाहरुले प्रत्येक वर्ष पौष महिनाभित्र साधारण सभा सम्पन्न गरी नियामक निकायमा सोको प्रतिवेदन बुझाउने । समयमै सम्पन्न गर्न नसक्ने मनासिव माफिकको कारण भएमा नियामक निकायको पूर्वस्वीकृति लिई सम्पन्न गर्ने ।

**(च) बचत तथा ऋण परिचालन र कोष बाँडफाँड सम्बन्धी :**

(१८) सहकारी संघसंस्थाले स्वीकृत विनियममा उल्लेख भएको शेयर पूँजीभन्दा बढी शेयर रकम संकलन नगर्ने । संस्थाको तत्काल कायम रहेको कुल पूँजी कोषको अधिकतम १० (दश) प्रतिशतमा नबढ्ने गरी प्रति सदस्य ऋण प्रवाह गर्ने, गराउने । यस प्रयोजनका लागि कुल पूँजी कोष भन्नाले शेयर पूँजी, जगेडा कोष, अन्य कोष र असल ऋण नोक्सानी व्यवस्था (LLP) को कुल योगलाई सम्झनु पर्नेछ । सहकारी बैकंको हकमा नेपाल राष्ट्र बैकंले तोके बमोजिमको मापदण्डसमेत पूरा गर्नुपर्नेछ ।

(१९) आफ्नै वा मानो नछुटि्टएको एकाघर परिवारको मञ्जुरीना लिएर बाहेक संस्थाहरुले आफ्ना सदस्यहरुलाई तेस्रो पक्ष धितो (Third Party Collateral) राखी ऋण प्रवाह गर्ने कार्य नगर्ने, नगराउने । तर सहकारी संघ र सहकारी बैकंको हकमा यो व्यवस्था लागु हुने छैन ।

(२०) सहकारी संघसंस्थाहरुको निष्क्रिय कर्जा (Non Performing Loan) कुल ऋणको ५% भन्दा कम कायम गर्ने । साथै सहकारी संघ तथा प्रारम्भिक संस्थाले तोकिए बमोजिम असल ऋणमा १%, १२ महिनासम्मको भाखा नाघेको ऋणमा ३५% र १२ महिनाभन्दा बढी भाखा नाघेको ऋणमा १००% ऋण

हानी व्यवस्था (Loan Loss Provision) गर्ने । उल्लिखित व्यवस्था नगरी शेयर लाभांश वितरण गरेमा यसरी वितरण गरिएको लाभांश सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी जगेडा कोषमा जम्मा गर्ने । सहकारी बैकंको हकमा नेपाल राष्ट्र बैकंले तोके बमोजिमको मापदण्ड समेत पूरा गर्नुपर्नेछ ।

(२१) सहकारी संघसंस्थाहरुले नकमाउने सम्पत्ति (Non Performing Assets) (घरजग्गा, उपकरण, कार्यालय सामान, नगद, पेश्की, चल्ती खाता लगायत) कुल सम्पत्तिको ५% भन्दा कम कायम राख्ने । प्रचलित कानूनबमोजिम लिलाम प्रकृयाबाट सकार भई आएको गैर बैंकिङ्ग सम्पत्तिको कारणले अनुपात बढ्न गएमा दुईवर्ष भित्र त्यस्तो सम्पत्तिलाई तरलतामा रुपान्तरण गर्ने ।

(२२) संघसंस्थाले बचत परिचालन गर्दा सबै बचतहरुमा निर्धारण गरे बमोजिम ब्याज दिने । एकै प्रकृतिको खातामा एकै समयमा विभिन्न सदस्यहरुबाट संकलित बचतको ब्याजदरमा फरक पर्ने गरी ब्याज प्रदान नगर्ने । त्यसैगरी सदस्यलाई एउटै शीर्षकबाट एकै अवधिमा ऋण लगानी गर्दा फरक ब्याजदर कायम नगर्ने ।

(२३) संस्थाका सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका कुल ४९% भन्दा बढी पदाधिकारीहरुले एकैपटक संस्थाबाट ऋण नलिने । तर संस्थाको पछिल्लो तीन महिनाको औषत तरलता गणना गर्दा २५% भन्दा बढी तरलता कायम भएको अवस्थामा सञ्चालक समितिले विशेष निर्णय गरी कुल ६७% पदाधिकारीहरुसम्मले अल्पकालीन अवधिका लागि ऋण लिन सक्नेछन् । सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका सदस्यलाई प्रवाह गरेको ऋण र धितोको विवरण नियामक निकायमा मासिक रुपमा पठाउने ।

(२४) सहकारी संघसंस्थाहरुले अचल सम्पत्ति बिक्री तथा अन्य लगानी लगायतका पूँजीगत सम्पत्तिको बिक्रीबाट भएको पूँजीगत नाफालाई जगेडा कोषमा नराखी सम्बन्धित आ.व.को नाफामा समावेश गरी वितरण/खर्च गरेको पाइएमा सञ्चालक समिति र खाता संचालन गर्ने अधिकारीबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा जम्मा गर्ने ।

(२५) सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा शेयर संख्या, बचत कारोबार र धितो समेतको मूल्यांकनको आधारमा तिर्न सक्ने क्षमता (Ability to pay) लाई अधिक प्राथमिकतामा राखी सो सम्बद्ध पक्षहरुको विश्लेषणलाई उच्च प्राथमिकता दिने, ऋण सम्बन्धी पूर्ण सूचना दिने । संभावित जोखिमहरुको बारेमा पर्याप्त जानकारी दिने । उत्पादनमूलक कार्यमा लगानी गर्दा व्यावसायिक योजना (Business Plan) अनिवार्य रुपमा संलग्न राख्ने । ऋण जारी भएपछि तोकिएको उद्देश्य वा प्रयोजनमा लगानी र प्रतिफल प्राप्त भए नभएको विषयमा निरन्तर निगरानी र अनुगमन गर्ने । उक्त प्रतिवेदन सञ्चालक समितिमा छलफल गर्ने व्यवस्था मिलाउने ।

(२६) सहकारी ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमका कोषहरु खडा गर्ने । सम्बन्धित कोषमा छुट्याइएको रकम तत् तत् कोषको उद्देश्य पूरा गर्न खर्च गर्ने । कृत्रिम रुपमा नाफा देखाई कुनै प्रकारको लाभांश वितरण नगर्ने । शिक्षा कोष र संस्था विकास कोषबाट गर्नुपर्ने कतिपय खर्चहरु सम्बन्धित कोषबाट नगरी वार्षिक कार्यक्रम तथा बजेटमा सिधै व्यवस्था गरी खर्च लेखाङ्कन गर्दा संस्थाको मुनाफा (खुद बचत) मा चाप सिर्जना हुने देखिन्छ । यसबाट नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने कर दायित्व कम हुन सक्ने देखिएको हुँदा यस्ता कार्य नगर्ने, नगराउने । उक्त कोषमा छुट्याइएको रकम सम्बन्धित आर्थिक वर्षमा नपुग हुने अवस्था सिर्जना भएमा मात्र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी खर्च गर्न सक्ने ।

(२७) वित्तिय कारोबार गर्ने संघसंस्थाहरुले PEARLS Monitoring System लाई पालना गरी संस्थाको वित्तीय संरचनालाई PEARLS का मानकले तोकेको सूचक भित्र राख्ने साथै सदस्य केन्द्रीयता सूचकांक (MCI) का सूचकहरुको पूर्ण परिपालना गर्ने ।

**छ) तरलता व्यवस्थापन तथा आर्थिक स्रोत परिचालनसम्बन्धी :**

(२८) सहकारी संघसंस्थाहरुले सबै समयमा तरलता (Liquidity) कम्तीमा कुल बचतको १०-१५% कायम राख्ने । १०% भन्दा कम तरलता रहेको अवस्थामा व्यवस्थापकले सञ्चालक समितिलाई जानकारी गराउने । तरलता व्यवस्थापनमा सञ्चालक समिति जिम्मेवार रहने । सहकारी संघसंस्थाहरुले साप्ताहिक रुपमा तरलताको गणना गर्ने । लेखा सुपरीवेक्षण समितिको चौमासिक प्रतिवेदनमा सो विषय समावेश गरी सञ्चालक समितिमा पेश गर्ने । तोकिए बमोजिमको तरलता व्यवस्था नगरी संस्थाले लाभांश वितरण नगर्ने । लाभांश वितरण गरेमा सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा दाखिला गर्ने ।

(२९) महासंघ, संघहरु एवं सहकारी बैंकले ऋण लगानीलाई अधिकतम उत्पादनमुखी, स्थानीय स्रोत साधनहरुको प्रभावकारी परिचालन, व्यावसायिकताको विकास, वातावरण संरक्षण, रोजगारी सिर्जना आदिमार्फत गरिवी न्यूनीकरणतर्फ उच्च प्राथमिकता दिनुपर्ने । संस्थाको स्वीकृत विनियमको उद्देश्य र कार्य विपरीत व्यापार मात्र गर्ने उद्देश्यले कुनै पनि मालसामान तथा अचल सम्पत्ति खरिद नगर्ने ।

(३०) सहकारी संघ संस्थाहरुले जलविद्युत आयोजना, अस्पताल, विद्यालय, क्याम्पस, होटल व्यवसाय, पेट्रोल पम्प लगायतका परियोजनाहरु संचालन गर्ने उद्देश्य तथा कार्यहरु विनियममा समावेश नगरी कुनै पनि परियोजनामा लगानी नगर्ने । परियोजना सञ्चालन गर्ने गरी विनियम स्वीकृत गरेका संघसंस्थाहरुले यस्ता परियोजनामा गरेको लगानी संस्थाको पूर्ण स्वामित्व कायम हुने गरी मात्र गर्नुपर्ने । संस्थाले सदस्यको बचत रकम परिचालन गरी परियोजनामा लगानी नगर्ने । यस्ता परियोजनामा प्रवाह हुने बाह्य ऋण कुल सम्पत्तिको ५% मा नबढ्ने गरी गर्ने । आन्तरिक कोष परिचालन गरी परियोजनामा लगानी गरेको अवस्थामा पूँजी कोषको सीमा कायम गर्ने । माथि उल्लिखित व्यवस्थामा अन्यथा भएमा सञ्चालक समिति तथा खाता सञ्चालन गर्ने अधिकारीको समेत जिम्मेवारी हुने हुँदा लगानी गरिएको उक्त रकममा तत्कालको अधिकतम ब्याजदर समेत जोडी दामासाहीले असुल उपर गरी संस्थाको खातामा जम्मा गर्ने । नेपाल सरकारको स्वीकृतिमा बाह्य मुलुकबाट ऋण लिने संघसंस्था वा विशिष्टकृत सहकारी संघ वा दुई वा दुई भन्दा बढी संघसंस्थाले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन र सेवाको बजारीकरण गर्दा ५% को सीमासम्बन्धी व्यवस्था लागू हुने छैन ।

(३१) सहकारी संघसंस्थाहरुले एक लाख रुपैयाँ भन्दा बढीको ऋण लगानी गर्दा सामूहिक जमानी वा व्यक्तिगत धन जमानी वा धितो लिएर मात्र गर्ने । ऋणको क्षेत्रगत वर्गीकरण गर्ने । प्रवाह भएको कुल ऋणको कम्तीमा ५१ प्रतिशत ऋण उत्पादन तथा आयमूलक व्यावसायमा लगानी गर्ने । विभागले तोकेको सन्दर्भ ब्याजदर अनुसार ब्याजदर कायम गर्ने । महामारी वा विपद घोषणाको समयमा बाहेक ऋणको पुर्नतालिकीकरण र पुर्नसंरचना नगर्ने ।

**(ज) कर्मचारी व्यवस्थापनसम्बन्धी :**

(३२) सहकारी संघसंस्थाहरुले आफ्नो कार्यबोझ विश्लेषणको आधारमा साधारण सभाबाट वार्षिक नीति तथा कार्यक्रम र बजेटमा कर्मचारीको दरवन्दी र कर्मचारी सम्बन्धी कार्यविधि स्वीकृत गरी कर्मचारी

पदपूर्तिको व्यवस्था मिलाउने । स्वीकृत दरबन्दीभन्दा वढी कर्मचारी भर्ना गरी तलब भत्ता भुक्तानी गरेको पाइएमा त्यसरी भुक्तानी गरेको सम्पूर्ण रकम सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुलउपर गरी संस्थाको खातामा दाखिला गर्ने । संस्थाका कुनै पनि कर्मचारीलाई श्रम ऐनले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी मासिक पारिश्रमिक अनिवार्य रुपमा उपलब्ध गराउने ।

**(झ) अभिलेख व्यवस्थापन तथा लेखा परीक्षणसम्बन्धी :**

(३३) सहकारी संघसंस्थाहरुले वित्तीय कारोवार लगायत संघसंस्थासँग सम्बन्धित गतिविधिहरुको विवरण सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (www.copomis.gov.np) मा आवद्ध भई सो प्रणालीमा अद्यावधिक विवरणहरु अनिवार्य रुपमा प्रविष्ट गर्ने । संस्थाका मासिक, वार्षिक विवरण, सदस्यको विवरण, सम्पत्ति शुद्धीकरण निवारण लगायत साधारण सभा, लेखा परीक्षणसम्बन्धी अन्य प्रतिवेदनहरु सोही प्रणालीमार्फत प्रेषित गर्ने ।

(३४) सहकारी संघसंस्थाहरुले नेपाल सरकारबाट जारी गरेको लेखामान अनुरुप लेखा अभिलेख राख्ने । सहकारी विभागवाट सफ्टवेयरको न्यूनतम मापदण्ड लागू भएपछि सोही बमोजिम हुने गरी हाललाई सञ्चालक समितिबाट निर्णय गराई गुणस्तरीय र सुरक्षित सफ्टवेयरको प्रयोग गर्ने ।

(३५) सहकारी संघसंस्थाहरुले अन्तिम वा बाह्य लेखापरीक्षण गराउँदा राष्ट्रिय लेखामान अनुरुप लेखा राखे नराखेको, सहकारी ऐन नियम र यस निर्देशनको परिपालना भए नभएको, सम्पत्ति शुद्धीकरण निवारण कानून तथा निर्देशनको पालना भए नभएको, सहकारीका मानक अनुरुप लेखा परीक्षण प्रतिवेदनमा लेखा परीक्षकको विशेष टिप्पणीसहितको लङ्गफर्म समेत समावेश गर्ने ।

**(ञ) खारेजी तथा बचाउ सम्बन्धी :**

(१) सहकारी विभागबाट मिति २०७८।११।०१ मा सहकारी संघसंस्थालाई जारी एकीकृत निर्देशन खारेज गरिएकोछ ।

(२) सहकारी विभागबाट यस अघि जारी भएका परिपत्र अनुसार भए गरेका कार्यहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल सरकारको आर्थिक बर्ष २०७९/०८० को बार्षिक बजेट कार्यक्रमको प्राथमिकतामा सहकारी क्षेत्र




सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व बृद्धि। रोजगारी सिर्जना र गरिवी निवारण गर्ने लक्ष्य आर्थिक बर्ष २०७९/८० को बार्षिक बजेटले लिएको छ । अर्थमन्त्री जर्नादन शर्माले २०७९ जेठ १५ गते संसदमा बजेट प्रस्तुत गर्दै आगामी आर्थिक बर्ष आत्मनिर्भरताको लागि कृषि उत्पादनको राष्ट्रिय अभियान बर्षको रूपमा सरकारले घोषणा गरेको छ । जसमा सहकारीको भूमिकालाई समेत उल्लेख गरिएको छ । नेपालको ग्रामीण क्षेत्रलाई कृषि उत्पादनको केन्द्रको रूपमा विकास गर्दै किसानहरूलाई कृषि सहकार्य समूह र सहकारीमा संगठित गरी उपलब्ध खेतीयोग्य जमिनका साथै बाँझो जमिनको उपयोग गरी कृषि उत्पादन बढाउने सरकारको योजना रहेको छ ।

कृषि उत्पादनदेखि बजारीकरणसम्मका प्रक्रियाहरूमा उत्प्रेरक परिचालक र श्रम सहयोगीको रूपमा सहभागी हुने गरी प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार युवाहरू मध्येबाट प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत श्रम सहकारीमा आवद्ध गरी कम्तीमा ३ सय कृषि स्वयंसेवक तयार पार्ने योजना बजेटले लिएको छ । संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयमा बाँझो एवं  उपयोगविहिन खेतीयोग्य जमिन, कृषक, कृषक सहकार्य समूह तथा कृषक सहकारीलाई लिजमा उपलब्ध गराउने व्यवस्था मिलाउने कार्य सरकारले गर्ने भएकोछ ।

'सहकारीको मन्त्रः आत्मनिर्भर अर्थतन्त्र' भन्ने नारालाई सार्थक बनाई सहकारी क्षेत्रलाई मूलुकको आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा परिचालन गर्ने योजना सरकारको रहेको छ । सहकारी क्षेत्रको बचतलाई उद्यम विकास, उत्पादनमूलक क्षेत्र तथा रोजगारी सिर्जनामा परिचालन गर्न प्रोत्साहन गर्ने, सहकारीको कुल लगानीको कम्तीमा ५० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने, सहकारी संस्थाले

> **संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयमा बाँझो एवं उपयोगविहिन खेतीयोग्य जमिन, कृषक, कृषक सहकार्य समूह तथा कृषक सहकारीलाई लिजमा उपलब्ध गराउने व्यवस्था मिलाउने कार्य सरकारले गर्ने भएकोछ**

कम्तीमा एउटा स्वदेशी उत्पादनको खरिद विक्री र बजारीकरणमा सहयोग गर्ने व्यवस्था कायम गरेको छ ।

## कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गर्ने सहकारीलाई अनुदान

कम्तीमा रू २० करोड चुक्ता पुँजी सहने गरी कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गर्ने सहकारीलाई नेपाल सरकारले चुक्ता पुँजीको ५ प्रतिशत रकम पुँजीगत अनुदान प्राप्त गर्ने भएको छ ।

स्थानीय तहरले स्वपुँजी लगानी गरी कम्तिमा ३ सय स्थानिय किसानहरूको सहभागितमा कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गरेमा त्यस्ता उद्योगहरूमा आवश्यक मेसिनरी औजार खरिदमा २० प्रतिशत अनुदान प्राप्त गर्ने बजेटमा उल्लेख छ ।

## सहुलित ब्याजदरमा सहकारी संस्थालाई कर्जा

भूमिहिन दलित, सुकुम्बासी, राउटे, वनकरिया, मुसहर र डोम समुदायद्वारा स्थापित सहकारी संस्थाहरूमार्फत संचालन हुने कृषि पशुपालन, तरकारी खेती ग्रामिण उद्यम र व्यवसाय संचालनको लागि अधिकतम ५ प्रतिशत सहुलियत ब्याजदरमा कर्जा प्रवाह हुने बजेटमा उल्लेख छ ।

## श्रम सहकारीमार्फत रोजगारी

कम्तिमा ५ लाख विपन्न बेरोजगार नागरिकलाई सम्बन्धित स्थानीय तहमा श्रम सहकारीको रूपमा दर्ता भई आपसी प्रतिस्पर्धाको आधारमा संघ, प्रदेश र स्थानीय तहबाट संचालन हुने १० करोडसम्मको विकास आयोजना निर्माणमा संलग्न गराई रोजगारीको अवसर प्रदान गर्ने बजेटमा उल्लेख छ ।

श्रम सहकारीमार्फत विभिन्न सीपमूलक तालिम प्रदान गर्नुका साथै श्रमिकहरूलाई मागका आधारमा विभिन्न परियोजना निर्माण कार्यमा खटाउने व्यवस्था सरकारले गरेको छ ।

## बचत तथा ऋण सहकारी संस्थाहरुको नियमन गर्न दोस्रो तहको संरचना

बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरिक्षण तथा सुपरिवेक्षण व्यवस्था प्रभावकारी बनाउनका लागि नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय दायरा बाहिर रहेका वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारी र गैर सरकारी संस्थाहरूको प्रभावकारी नियमन, निरिक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको नियामक निकाय स्थापना गर्ने व्यवस्था बजेटले गरेको छ ।

## सहकारी क्षेत्रमा कर बृद्धिको चर्को विरोध

कृषि सहकारीले कृषिजन्य उत्पादन ढुवानी गर्न खरिद गर्ने एक थान ढुवानी साधनको आयातमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट प्रदान गर्ने निर्णय गरेको छ ।

सरकारी क्षेत्रमा लामो समयदेखि मुलमुद्दा बन्दै आएको आयकरको समस्य आ.व. २०७६/७७ देखी न.पा.मा पाँच प्रतिशत उपमहानगरमा सत प्रतिशत र महानगरमा दश प्रतिशत कायम गरिदैँ आएकोमा यस वर्ष बजेटले आश्यर्यजनक रूपमा सहकारी क्षेत्रका करका दरमा पुनरावलोकन गरिएको छ । सहकारी ऐन२०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले करछुट हुने कारोबार बाहेकका कारोबार गरेमा नगरपालिका क्षेत्रभित्र संचालन भएका सहकारीको हकमा ७.५ प्रतिशत, उपमहानगरपाकिलाको हकमा १० प्रतिशत र महानगरपालिकाको हकमा १५ प्रतिशत कायम गरिने भएको छ ।

सरकारले अगामी आर्थिक बर्षको लागि १७ खर्ब ९३ अर्ब ८३ करोड रूपैयाँको बजेट सार्वजनिक गरेको हो । सरकारले आगामी बर्षमा १२ खर्ब ४० अर्ब ११ करोड रूपैयाँ राजस्व प्राप्त हुने उल्लेख गरेको छ । आन्तरिक ऋणबाट २ खर्ब ५६ अर्ब, वैदेशिक ऋणबाट २ खर्ब ४२ अर्ब २६ करोड र वैदेशिक अनुदानबाट ५५ अर्ब ४६ करोड रूपैयाँ स्रोत प्राप्त गर्ने लक्ष्य बजेटको छ । चालुतर्फ ७ खर्ब ५३ अर्ब ४० करोड, पुँजीगततर्फ ३ खर्ब ८० अर्ब ३८ करोड, वित्तीय व्यवस्थामा २ खर्ब ३० अर्ब २२ करोड र प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तराण्का लागि ४ खर्ब २९ अर्ब ८३ करोड रूपैयाँ छ ।

लघुवित्त र बचत तथा ऋण सहकारी संस्थाको विनयमन, निरीक्षण तथा सुपरिवेक्षण व्यवस्था प्रभावकारी बनाउने योजना रहेको छ । त्यसैगरी सीमान्तकृत तथा दलित समुदायको वित्तीय पहुँच अभिबृद्धि गर्न सीमान्तकृत तथा दलित उत्थान कोष स्थापना गर्ने भएको छ । विद्यालयत तहदेखि नै बैकिङ तथा वित्तीय क्षेत्रका विषयमा विद्याथीलाई साक्षर बनाई बैकिङ सेवाको पहुँच विस्तार गरिने सरकारको योजना छ । उद्योग स्थापनाका लागि आवश्यक जग्गाको हदबन्दीसम्बन्धी व्यवस्था पुनरावलोकन गरिने भएको छ । उद्योग संचालनका लागि ५० बर्षसम्म जग्गाा लिजमा दिने सकीने व्यवस्था बजेटले गरेको छ । उद्योगालाई विद्युत महसुलमा २ देखि १५ प्रतिशतसम्म छुट दिने व्यवस्था गरिएको छ ।

स्वदेशी बस्तुको उत्पादन र प्रयोग बढाउन आफ्नो उत्पादन आफ्नै उपभोग अभियान संचालन गरिने बजेटमा उल्लखे छ । मेक इन नेपाल तथा मेड इन नेपाल अभियानलाई सरकारकबाट सहयोग उपलब्ध गराउने बजेटमा उल्लेख छ ।

सरकारले किसानलाई आवश्यक पर्ने कृषि कर्जा किसानको घरदैलामा सरल र सहज रूपमा उपलब्ध गराउने उल्लेख छ । ५ खर्ब रूपैयाा बराबरको कर्जा प्रवाह गर्न १ लघु वित्त कोष स्थापना गर्ने लक्ष्य ब जेटल `लिएको छ । आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वनयका लागि १० खर्ब रूपैयाँ विनियोजन गरेको छ । आधारभूत कृषि उत्पादन धान, मकै, गहुँ तरकारी र फलफूलको आयात आगामी बर्ष न्यूनतम ३० प्रतिशतले क मगर्ने लक्ष्य सरकारले राखेको छ ।



# आर्थिक वर्ष २०७९/०८०को बजेट कार्यान्वयन चुनौतीपूर्ण

*सहकारी अभियानका अगुवाहरूले बजेट कार्यान्वयनमा चुनौती हुने बताउनु भएको छ । आर्थिक वर्ष २०७९/०८०को बजेट सम्बन्धमा सहकारी अभियानका अगुवाहरूको प्रतिकृया के छ भनी सहकारी सन्देशले गरेको प्रश्नको जवाफ दिंदा उहाँहरूले सो कुरा बताउनु भएको हो ।*

**केशव प्रसाद बडाल**
*पूर्वमन्त्री एवं निवर्तमान अध्यक्षःराष्ट्रिय सहकारी महासंघ लि. नेपाल*



सर्वप्रथम सहकारी ऐन,२०४८ ल्याउँदा सहकारीमा कुनै कर लाग्ने छैन भनी संसदबाट पास गरिएको थियो । सहकारीले कर तिर्न सक्ने नागरिक विकास गर्ने भएकाले सहकारी कर मुक्त हुनुपर्छ भन्ने मान्यता हो र यो २०५६ सालसम्म कायम रह्यो । तर पछि एकै पटक २०५७ सालमा सरकारले सहकारीलाई ३० प्रतिशत कर लगायो । त्यसको धेरै बिरोध गरेपछि २० प्रतिशतमा झाऱ्यो र आर्थिक वर्ष २०७९/०८० को सरकारको बार्षिक बजेटमा सहकारीलाई लाग्दै आएको करमा करीब ५० प्रतिशत बृद्धि गरेको छ । यसलाई कुनै पनि कोणबाट राम्रो मान्न सकिन्न । मलाई त अझ के लाग्छ भने बजेट बनाउने र जारी गर्नेहरूमा नै सहकारीका बारेमा गम्भिर भड्काउ छ । सरकारले सहकारीलाई लगाउँदै आएको कर सम्बन्धमा हामीले धेरै हण्डर खेपिसकेकै कारण सहकारी ऐन, २०७४ जारी गर्दा गाउँपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरूलाई कर नलाग्ने, नगरपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरूलाई ५ प्रतिशत, उपमहानगरपालिका क्षेत्रमा सञ्चालत सहकारी संस्थाहरूलाई ७ प्रतिशत र महागरपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरूलाई १० प्रतिशत कर लाग्ने किटान नै गर्नु परेको हो ।

आर्थिक वर्ष २०७९/०८० को बार्षिक बजेटका धेरै बुँदाहरूले सहकारीको स्वतन्त्रता र स्वायत्तताप्रति ध्यान दिन सकेको छैन । स्वतन्त्रता र स्वायत्तता सहकारीको मुटु हो । सहकारी स्वायत्त सामाजिक व्यवसायको आधार निर्माण गर्न बजेटको विशेष व्यवस्था हुनुपर्ने थियो, त्यो पाइएन । सामूहिक खेती सरकारले गर्ने होइन, बाँझो जमीनलाई आवादि गर्ने कुरा सुन्नलाई राम्रो भए पनि राज्य नियन्त्रित गर्ने खालको आएको छ । समग्र बजेटको भोलुम नै अत्यन्तै कम्जोर छ । सहकारी क्षेत्रलाई छुट्टाइएको बजेट सन्तोषजनक छैन । सहकारीले कृषि क्षेत्रलाई माथि उठाउन गरेको योगदान अनुसार बजेटले संबोधन गर्न सकेको छैन, किसानलाई संबोधन गर्न सकेको छैन । लागत भन्दा कम मूल्यमा कृषि उत्पादन बिक्री गर्न किसान बाध्य हुनु परिरहेको छ । उत्पादकले सस्तोमा र उपभोक्ताले महङ्गोमा उपभोग गर्न बाध्य छन् । सहकारीको उत्पादनको थोक बिक्रीका लागि मल पोखरीको जमीन मांग गर्दा सरकारले सुनुवाई गरिरहेको छैन । झट्ट हेर्दा राम्रो देखिने तर परिणाम नआउने बजेट छ । सहकारीको उत्थानका लागि जुन प्रकारको बजेट आउनु पर्ने थियो,त्यस्तो बजेट आएन ।

आयात प्रतिस्थापन गर्ने बजेट आएको छैन । जुन वस्तु आयात गर्न पाइन्छ, निर्यात गर्न पनि पाउनुपर्छ । मेक इन नेपाल यतिकै हुँदैन । आयात-निर्यात समान भए मात्र मेक इन नेपाल अर्थपूर्ण हुन्छ ।

**मिनराज कंडेल**
*अध्यक्षःराष्ट्रिय सहकारी महासंघ लि. नेपाल*



नेपाल सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०७९/०८० को बजेटमा सरकार, सहकारी र निजी क्षेत्रको सहकार्यमा उत्पादन, उत्पादकत्व बृद्धि र रोजगारी सिर्जना र गरिबी निवारण, कृषि उत्पादनको राष्ट्रिय अभियान, आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना गर्ने कुरा बजेटले ल्याएको छ ।

सहकारीलाई अनुदान र कर्जा, श्रम सहकारी मार्फत मांगका आधारमा श्रमिकहरूलाई विभिन्न परियोजना निर्माणमा खटाउने लगायतका कार्यक्रमहरू राम्रा छन् । तर सहकारी संघ/संस्थाहरूलाई लाग्दै आएको करमा ५० प्रतिशत बृद्धि गरेकोमा सहकारी अभियानको गम्भिर असहमति छ । यो सहकारी ऐन विपरित छ । त्यसलाई तत्काल सच्चाएर सहकारी ऐन,२०७४ अनुसार व्यवस्था गर्नुपर्छ । बजेट महत्वाकांक्षी र अब्यबहारिक भएकाले कार्यान्वयन चुनौतीपूर्ण छ । यद्यपि सरकारले तदारूकता दिएमा सहयोग गर्न सहकारी अभियान तयार छ ।

**परितोष पौडेल**
*अध्यक्षःनेपाल बचत तथा ऋण सहकारी संघ लि.*



प्रथमतः आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट बचत तथा ऋण सहकारीको सुपरीवेक्षणका लागि दोस्रो तहको नियमक निकाय स्थापना गर्ने व्यवस्था हचुवाको भरमा आएको छ । सहकारीको स्तरीकरण कार्यक्रम छैन । पूर्वाधारमा बजेट छैन । सहकारी ऐन, २०७४ लाई नजर अन्दाज गरी उपेक्षा गरिएको छ ।

सहकारीमा कति कर लगाउने भन्ने कुरा ऐनमा स्थापित भएको विषय हो । सहकारी संघ/संस्थाहरूमा लाग्दै आएको करमा ५० प्रतिशत बृद्धि गरेकोप्रति मेरो गम्भिर आपत्ति छ ।

उत्पादन सेवा मुखी कार्यमा यो बजेटले दबाब दिएको छ । केही गरौं भन्ने हुटहुटी छ । तर खै बजेटले सहकारी व्यवसायलाई उत्पादन प्रणालीमा समावेश गरेको छैन । डिजिटल पेमेण्ट, डिजिटाइजेशन र पेमेण्ट सिष्टमको पाटोमा बजेटले छोएकै छैन । समयको गति भन्दा बिपरित आएको यो बजेट कार्यान्वयन चुनौतीपूर्ण छ । कार्यान्वयन हुन्छ भन्ने कुरामा नै मलाई विश्वास कम छ ।

# सहकारीको आयकर बृद्धि को विरूद्धमा महासंघले उठायो आवाज



राष्ट्रिय सहकारी महासंघद्धारा सरकारले आगामी आर्थिक बर्षको बजेटमा सहकारीले तिर्नुपर्ने आयकरमा ५० प्रतिशतले बृद्धि गरेकोमा आपत्ति जनाइएको छ । महासंघले अर्थमन्त्री जनार्दन शर्मालाई २०७९ जेठ २३ गते भेटी सहकारी ऐन, २०७४ अनुसार करको समायोजन गर्न जोडदार माग गरेको हो । सहकारी ऐन २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा नगरपालिका क्षेत्रभित्र संचालन भएकोमा ७.५ प्रतिशत, उपमहानगरपालिका क्षेत्रभित्र संचालन भएकोमा १० प्रतिशत र महानगरपालिका क्षेत्रभित्र संचालन भएकोमा १५ प्रतिशत कायम गरेको छ । यस अघि सहकारी ऐन २०७४ मा तोकिएकै आधारमा नगरपालिका क्षेत्रमा ५ प्रतिशत, उपमहानगरमा ७ र महानगरपालिका क्षेत्रभित्र संचालन भएका सहकारीको हकमा १० प्रतिशत रहेको थियो । गाउँपालिकाको हकमा भने कर छुट रहेको छ । महासंघको पहलकदमीमा आर्थिक वर्ष २०७६/७७ को बजेटमार्फत सहकारी ऐन २०७४ अनुसार आर्थिक ऐनमा व्यवस्था भई आयकर समायोजन भएको थियो ।

महासंघका अध्यक्ष मिनराज कडेलको नेतृत्वमा अर्थमन्त्रालय पुगेको सहकारीकर्मीको टोलीले सहकारी ऐनमा नै आयकरको स्पष्ट व्यवस्था गरिएको र विगतका वर्षदेखि सोही अनुरूप भएको आयकरलाई आर्थिक विधेयकमार्फत बृद्धि गर्न नहुने बताएको छ । अर्थमन्त्री शर्माले छलफल गरेर महासंघसँग अन्तक्रिया गर्ने भन्दै छोटो प्रतिक्रिया दिनुभयो । 'के भएछ । म बुझौला, किन बढ्यो सचिवसँग बुझौला ।' उहाँले भन्नुभयो । महासंघका अध्यक्ष कँडेलले यस विषयलाई गम्भिर रूपमा लिन आग्रह गर्नुभएको थियो ।

महासंघका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले ऐनमा उल्लेख भएको विषयलाई सम्बोधन गर्न माग गर्नुभयो । उपाध्यक्ष रमेश पोखरेललगायत केन्द्रीय संघका प्रतिनिधिहरूको समेत उपस्थिति थियो । महासंघका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले राजश्व परामर्शको छलफलमा महासंघलाई अघिल्ला बर्षहरूमा बोलाउने गरिएको भए पनि यस बर्ष नबोलाइएकाले त्रुटी भएको बताउनुभएको थियो ।

जेठ १५ गते बजेट भाषणमार्फत सहकारीको आयकरमा बृद्धि गरेपछि अभियानकर्मीले तत्काल विरोध गरेका थिए । महासंघले १७ जेठमा विज्ञप्ती निकाल्दै समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि राज्यको एक महत्वपूर्ण आधारशिलाका रूपमा रहेको सहकारी संघ/संस्थाका लागि आयकर दर बृद्धि गर्नु न्यायोचित नभएकोले आयकरलाई यस अघि झै यथावत राख्ने नेपाल सरकार, संघिय संसद एवं सम्बद्ध पक्षसँग माग गरेको थियो ।

महासंघले संशोधन नभएको खण्डमा अभियानले थप कदल चाल्न बाध्यन हुने उक्त विज्ञप्तीमार्फत जानकारी गराएको थियो । महासंघका अध्यक्ष मिनराज कडेलले हस्ताक्षर गरेको विज्ञप्तीमा सामाजिक न्याय आर्थिक सम्बृद्धिको संवाहकका रूपमा रहेको सहकारी क्षेत्रको सामर्थ्यलाई उच्च प्राथमिकता दिँदै सहकारी ऐन २०७४ को दफा १४१ मा व्यवस्था भए अनुरूप सरकार र सहकारी अभियानका बिच विभिन्न चरणमा भएका उच्चस्तरीय अध्ययन वार्ता तथा छलफल पश्चात नेपाल सरकारद्वारा आ.व. ०७६/०७७ देखि नगरपालिकामा संचालित सहकारीका लागि पाँच, उपमहानगरपाकिलामा संचालित सहकारीका लागि सात र महानगरपालिकामा संचालित सहकारीका लागि दश प्रतिशतका दरले आयकर लाग्ने व्यवस्थ भएको थियो ।

## संसदमा पनि उठ्यो आवाज


सांसद घनश्याम खतिवडाले सहकारीमो आयकर बृद्धि भएको विषयमा संसदमा समेत कुरा उठाउनुभएको छ । उहाँले २३ जेठमा बजेटबारे छलफलमा बोल्दै सहकारीमा आयकर बढाएर सरकारले सहकारी ऐन २०७४को धज्जी उडाएको आरोप लगाउनुभयो ।

'राज्यको तीनखम्बे अर्थनीति अर्न्तगत सहकारीलाई एउटा महत्वपूर्ण खम्बा स्वीकार गरिएको छ । करोडौं कर छलि गर्नेलाई केही गर्न नसक्ने सरकारले सहकारीलाई निरिह देखेर अट्याक्क गरेको हो । सहकारी ऐनमा नै आयकरको व्यवस्था गरिएको भएपनि बजेटमार्फत आयकर वृद्धि गरेर सहकारीको धज्जी उडाइएको छ ।,' उहाँले भन्नुभयो । उहाँले छुट्टै बचत तथा ऋण सहकारी ऐनको समेत माग भएको र त्यसमा सरकारको ध्यान नगएको आरोप समेत लगाउनुभयो । उहाँले सरकारले सहकारीलाई ठेक्कापट्टा काम दिने घोषणा गर्नु दुखद् भएको समेत बताउनुभयो ।

# सहकारीमा डिजिटल रूपान्तरणका लागि महासंघ र इन्फोडेभलपर्स बीच रणनीतिक साझेदारी



राष्ट्रिय सहकारी महासंघले सहकारीको डिजिटल रूपान्तरणका लागि इन्फोडेभलपर्ससँग रणनीतिक साझेदारी गरेको छ । यसका लागि महासंघले जेठ ९ गते एक सम्झौता समेत गरेको छ । ललितपुरको हिमालयन होटलमा महासंघले इन्फोडेभलपर्ससँग रणनीतिक साझेदारी गरेको सम्झौता सार्जजनिक गरेको थियो । महासंघले अब सहकारीलाई द्रुतमा गति डिजिटलाइजेसनतर्फ अघि बढाउनुपर्ने भएकाले यो साझेदारी गरेको बताएको छ । महासंघले यस अघि देखि नै सहकारीलाई प्रविधिमैत्री बन्नका लागि आव्हान गर्दै आइरहेको छ ।




सहकारी व्यवसायलाई मर्यादित र पारदर्शी बनाउँदै सुशासन कायम गर्न प्रविधिको भूमिका अपरिहार्य भएकाले इन्फोडेभलपर्ससँग रणनीतिक साझेदारी गरेको महासंघका अध्यक्ष मिनराज कँडेलले बताउनुभयो ।

'हामी सबै प्रकारका सहकारीमा प्रविधिको पहुँच विस्तार गर्ने अभियानमा छौं', उहाँले सम्झौता पछि भन्नुभयो । सम्झौता पत्रमा महासंघका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बा र इन्फोडेभलपर्सका प्रमुख कार्यकारी अधिकृत उमेश रघुवंशीले हस्ताक्षर गर्नुभएको थियो ।

सहकारी तथा लद्युवित्तलाई मुख्य क्षेत्र बनाएर काम गरेको इन्फोडेभलपर्सले अहिले नेपाल सरकार, अन्तर्राष्ट्रिय एजेन्सीलगायतका लागि महत्वपूर्ण सफ्वेयर विकास गरेको बताएको छ । सो कम्पनीले हाल १ हजारभन्दा बढी सहकारी, दर्जनौं लघुवित्त र केही बैंकहरूलाई सेवा दिइएहेका छ ।

कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले सहकारी डिजिललाइजेसनमा जानुपर्ने र नयाँ प्रविधिसँग युवा पुस्तालाई सहकारीमा आवद्धता गर्न जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले बैकिङ सफ्वेयरमा एकरूपता र विश्वसनियता सिर्जना गर्नुपर्ने बताउनुभयो ।


राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केवी उप्रेतीले देशकै प्रतिष्ठित कम्पनीसँग एनसीएफले रणनीतिक साझेदारी गरेकोमा खुसी व्यक्त गर्नुभयो । महासंघका महाप्रबन्धक सुब्बाले महासंघले डिजिटल सहकारी अभियानका लागि कार्य गरिरहेको र त्यसको एउटा कार्यको रूपमा इन्फोडेभलपर्ससँगको साझेदारी रहेको बताउनुभयो ।

विकु साकोसका सिइओ माधव पौडेलले सहकारीमा प्रविधिको प्रयोग सुशासनको प्रस्थानविन्दु भएको औल्याउँदै इन्फोडेभलपर्सले विकास गरेको इन्फिनिटी सफ्वेयर प्रयोग गरेसँगै डिजिटल सेवा लिने सदस्यहरू बढेको अनुभव सुनाउनुभयो । त्यस्तै विन्धबासिनी साकोसका सिइओ केवी लामाले प्राविधिक सेवा उत्कृष्ट रहेको बताउनुभयो ।

इन्फोडेभलपर्सका सिइओ रघु राघुवंसीले इन्फिनिटी सफ्वेयरलगायत अन्य प्रडक्टहरूको विषयमा प्रस्तुती गर्नुभएको थियो । कार्यक्रममा इन्फोडेभलपर्सका सिओओ डा. राजिव सुब्बाले गरिवी निवारण गर्ने, सदस्यलाई आत्मनिर्भर बनाउने, सामाजिक जीवनलाई समृद्धि गराउने क्षेत्रका रूपमा रहेको सहकारीमा प्रविधिको उच्चतम प्रयोगले ठूलो परिवर्तन हुने बताउनुभयो । 'यो साझेदारीले नयाँ तरंग सिर्जना गरेको छ' उहाँले भन्नुभयो ।

इन्फोडेभलपर्सले सहकारी, माइक्रोफाइनान्स र अन्य संस्थाहरूको डिजिटलाइजसेनको प्रयासमा सघाउन विभिन्न प्रडक्टहरू ल्याएको छ । महासंघले सहकारीमा ती प्रडक्टलाई मापन गरी पहिचान गर्न योग्य भएको सावित गरेको बताइएको छ ।

# तीन खम्बे अर्थनीतिलाई व्यवहारमा उतार्न जरूरी





**केशव बडाल**
पूर्वमन्त्री एवं निवर्तमान
अध्यक्ष : राष्ट्रिय सहकारी
महासंघ

**पृष्ठभूमिः**

संसारका सम्पूर्ण प्राणी, पदार्थ र घटनालाई हेर्ने, विचार गर्ने, विश्लेषण गर्ने र व्याख्या गर्ने तरिकालाई दर्शन भनिन्छ । सामाजिक विज्ञान र भाव बीच ज्ञानबाट समाज र संस्कृतिको चिन्तशील मूल्यांकन र समालोचनाबाट सिद्धान्तको प्रतिपादन हुन्छ । सामाजिक न्याय र उत्पादकत्वको विकासमा आधारित दर्शनमा रहेर गरिने समाजिक व्यवसाय नै सहकारी व्यवसाय हो । यही दर्शनमा आधारित भएर निर्माण भएको सिद्धान्त सहकारी सिद्धान्त हो र समाजवादतर्फको यात्राको प्रस्थान विन्दु पनि हो ।

विश्व सहकारी आन्दोलनले रवर्ट ओवेनलाई सहकारीको पिताको रूपमा स्विकार गरेको छ । सन् १८७१ मा बेलायतको न्युटनमा जन्मिएका रबर्ट ओवनले नै सहकारीको जग बसाएका हुन् । उनको यो अभियानलाई डा.विलियन किङ, विलियम थमसन र एफ डब्लु राइफाइसनले विकास र विस्तारमा महत्वपूर्ण भूमिका निभाएका हुन् । सन् १८४० को दशकमा आमरूपमा सिंगै युरोप र खास रूपमा बेलायतमा भयानक अकाल, अनिकाल र भोकमरी भएको थियो । यसै बेला डा. विलियम किङले द कोअपरेटर नामको विश्वकै पहिलो सहकारी म्यागेजिन प्रकाशित गरेर सहकारीको आवश्यकता र महत्व बोध गराएका थिए । यसको प्रभावबाट सन् १८४४ मा बेलायतको म्यानचेष्टरमा २८ जना मिलेर २८ पाउण्ड जम्मा गरेर विश्वकै पहिलो सहकारी संस्था स्थापना गरेर श्रमिक र आधारभूत तहका जनताको हितमा सहकारीको आवश्यकता बोध गराएका थिए । यसपछि युरोप, अमेरिकालगायत विश्वका विभिन्न स्थानमा सहकारी संस्थाहरू स्थापना हुँदै गए । सहकारीको विकास हुँदै गयो ।

१८ अगष्ट १८९५ मा लण्डनमा भएको विश्व सहकारी सम्मेलनले अन्तर्राष्ट्रिय सहकारी महासंघ गठन गर्‍यो । महासंघको गठनपछि संसारका विभिन्न देशमा सहकारी क्षेत्रको विकास र विस्तार हुँदै गयो । अन्तर्राष्ट्रिय सहकारी महासंघकै पहलमा सन् १९२३ देखि हरेक बर्ष जुलाईको पहिलो शनिवारको दिनलाई अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउने गरिन्छ । यो दिवसमा सहकारीको दर्शन, सिद्धान्त, मूल्य मान्यता र आचरणलाई परिस्कृत गर्न योगदान पुग्ने गरी लेख रचना, स्मारिका प्रकाशित गर्ने र विभिन्न कार्यक्रम गर्ने गरिन्छ ।

सन् १९३७ मा अन्तर्राष्ट्रिय सहकारी महासंघले सन् १८४४ मा पहिलो सहकारी स्थापना गर्ने रोचडेली पायोनियरहरूले प्रतिपादन गरेको सिद्धान्तलाई परिमार्जन गऱ्यो । यो परिमार्जन गरिएको सिद्धान्तलाई परीक्षण गर्न सन् १९६६ मा एउटा आयोग बन्यो । यो आयोगले सहकारीका सात सिद्धान्तलाई केही परिमार्जन गऱ्यो, जुन आजसम्म पनि स्विकार्य सिद्धान्तको रूपमा प्रचलित छ ।

यसपछि सन् १९९४ को डिसेम्बर २३ मा संयुक्त राष्ट्र संघको महासभाले संसारका सबै देशलाई सहकारी दिवस मनाउन र सहकारी सिद्धान्त अनुसार आफ्नो नीति कार्यक्रम तय गर्न निर्देशन जारी गऱ्यो । विश्व सहकारी आन्दोलनका लागि यो अत्यन्त महत्वपूर्ण र उपलब्धिमूलक घटना हो ।

यस पछि संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले सहकारीको आवश्यकता महत्वबारे थप गतिशील ढंगले अघि बढ्न थाल्यो । यसपछि अन्तर्राष्ट्रिय सहकारी महासंघलाई संयुक्त राष्ट्र संघको परामर्श स्तर कन्सल्टेटिभ स्टाट्सको रूपमा स्थान दिएको छ ।

यसरी अन्तर्राष्ट्रिय सहकारी महासंघले अँगालेको दर्शन, सिद्धान्तका बारेमा संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय श्रम संगठन, यूएनडिपीलगायत विश्वका प्रायः संगठनहरूले अन्तर्राष्ट्रिय सहकारी महासंघलाई महत्वपूर्ण विश्व संगठनको रूपमा स्विकारेका छन् । यसको कारण विश्वमा शान्ति, समानता र न्यायपूर्ण समाज स्थापना गर्ने सहकारीको महत्वलाई स्विकार गर्नु हो ।

सन् २०११ मा अन्तर्राष्ट्रिय सहकारी महासंघको संयुक्त राज्य अमेरिकाको क्षेत्रीय महासंघले सहकारीका सात सिद्धान्तबारे वर्तमान विश्वपरिस्थितिमा बहसको आवश्यकता महसूस गरी अध्ययन र विश्लेषणको माग गरेको थियो । यही माग अनुसार सन् २०१२ मा वेलायतको म्यानचेस्टरमा आयोजना भएको अन्तर्राष्ट्रिय सहकारी महासंघको विशेष महासभाले सहकारीका सात सिद्धान्त एक्काईसौं शताब्दीको आवश्यकता अनुसार भएर नभएको अध्ययन गर्न एउटा शक्तिशाली विशेष कार्यदल गठन गर्ने निर्णय गऱ्यो ।

अन्तर्राष्ट्रिय सहकारी महासंघकी अध्यक्ष डेम पोलिन ग्रिनको विशेष अग्रसरतामा जीन लुईस वंसलको अध्यक्षतामा, आकिरा बन्जेइ(जापान), सुलेमोन कम्बो(तान्जानिया) दाते काकोउना(अर्जेन्टिना), रामोस इम्पेरियल जुनियर(मेक्सीको), आकिरा कुरिमोतो(जापान), जेन अण्डरसन लागो(स्विडेन), मेरियन विल्सन(युके) समेतको कमिटी बन्यो । यसले नेपालसहित विभिन्न देशको राय लिएर १०३ पृष्ठको प्रतिवेदन तयार गऱ्यो । जसमा सात सिद्धान्तको व्याख्यात्मक टिप्पणी सहित सात सिद्धान्तको आवश्यकता, महत्व र गम्भिरतालाई झन उन्नतस्तरको भएको कुरा सन् २०१५मा क्यानडाको क्युवेकमा सम्पन्न भएको सहकारी महासम्मेलनले सर्वसम्मतिले पारित गऱ्यो । यसरी सहकारीको दर्शन, सिद्धान्त र नीतिलाई आजको विश्व परिस्थितिमा शान्ति, समानता, विकास र सम्बृद्धका लागि झन अपरिहार्य भएको र संयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरूले सयुक्त राष्ट्र संघले अघि सारेको दीगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी क्षेत्र र सहकारी सिद्धान्तलाई व्यवहारमा उतार्न अझ जरूरी भएको कुरालाई अन्तर्राष्ट्रिय सहकारी महासंघ र संयुक्त राष्ट्र संघले मिलेर काम गर्नुपर्ने निष्कर्षमा पुगेको छ ।

> **राष्ट्रिय सहकारी विकास बोर्डका तत्कालिन अध्यक्ष दिपक प्रकाश बाँस्कोटाले सहकारी महासंघ परामर्श दात्री समितिको प्रतिवेदन र विश्वको विभिन्न देशका ऐन कानूनको अध्ययन गरेर सहकारी ऐन, २०४८ निर्माणमा योगदान गर्नुभयो**

## नेपालमा सहकारीको विकासक्रमः

नेपालमा सन् १९५३ मा कृषि मन्त्रालयमा सहकारी विभाग गठन भयो । १९५४ मा सहकारी गठन आदेश जारी भयो । सन् १९५६ मा (२०१३ चैत २० गते) नेपालमा पहिलो सहकारी संस्था बखान सहकारी संस्था चीतवनमा स्थापना भयो । सन् १९६० मा तत्कालिन प्रधानमन्त्री विपी कोइरालाको कार्यकालमा सहकारी ऐन आयो तर त्यसको कार्यन्वयन हुन नपाउँदै दलमाथि प्रतिबन्ध लाग्यो । निर्देशित पंचायती व्यवस्थामा निर्देशित प्रजातन्त्र र निर्देशित साझा संस्थाहरू खुले । जुन सहकारीको विश्वव्यापी मान्यता अनुसारको सहकारीका सात सिद्धान्त अनुसार थिएनन् । त्यस्तो भएकाले तत्कालिन सरकारले जतिसुकै लगानी गरे पनि सहकारी सिद्धान्त अनुरूप परिचालित नभएको स्वायत्तता र स्वतन्त्रता नभएकाले त्यसले प्रगति गर्न सकेन ।

वि.सं.२०४६ सालको जनआन्दोलन सफल भएपछि बहुदलीय व्यवस्था स्थापना भएपछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठन भएको सरकारमा कृषि भूमिसुधार तथा वनमन्त्री झलनाथ खनाल हुनुहुन्थ्यो । त्यसबेला जननेता मदन भण्डारीसँग मैले अनुरोध गरे, 'हाम्रो अर्थतन्त्रको स्वरूप समाजवाद उन्मुख हुनुपर्छ । त्यसका लागि सहकारी अर्थतन्त्रको आधार बनाउन आजैबाट प्रयास गर्न जरूरी छ । त्यसका लागि सहकारी आधार निर्माण गर्न, हाम्रा नेता नै कृषि, भूमिसुधार वनमन्त्री झलनाथ खनाल हुनुहुन्छ । यो मन्त्रालय सोझै जनतसँग गाँसिएको मन्त्रालय हो । यही मन्त्रालयमार्फत सहकारी क्षेत्रको विकासका लागि कार्यक्रम बनाएर विश्व सहकारीको अनुभवको आधारमा सहकारी ऐन कानून र कार्यक्रम निर्माण गर्न जरूरी छ ।'

जननेता मदन भण्डारी उत्साहित हुनुभयो । उहाँले मन्त्री खनासँग कुरा भएपछि झलनाथ खनालले राधाकृष्ण मैनालीको अध्यक्षतामा सहकारी महासंघ परामर्श दात्री समितिको गठन गर्नुभयो । यो समितिमा राधाकृष्ण मैनाली, सुभाष चन्द्र नेम्वाङ, डा. चैतन्य मिश्र, कुलचन्द्र अधिकारी, भोगेन्द्र चौधरी, मुकुन्द सत्याल हुनुहुन्थ्यो । यसले देशका ४० जिल्लाको अध्ययन गरेर प्रतिवेदन बुझायो । राष्ट्रिय सहकारी विकास बोर्डका तत्कालिन अध्यक्ष दिपक प्रकाश बाँस्कोटाले सहकारी महासंघ परामर्श दात्री समितिको प्रतिवेदन र विश्वको विभिन्न देशका ऐन कानूनको अध्ययन गरेर सहकारी ऐन, २०४८ निर्माणमा योगदान गर्नुभयो ।

वि.सं.२०४८ को आम निर्वाचनपछि संसदमा सहकारी ऐन प्रस्तुत भयो । संसदको प्राकृतिक स्रोत साधान र वातावरण

समितिमा म केशव बडाल र द्रोणप्रसाद आचार्यसमेतले यो सहकारी ऐन,२०४८ लाई आवश्यक परिमार्जनसहित पारित गर्ने काम गऱ्यौं । नेपालमा सहकारीको इतिहास लामो भएपछि यो सहकारी ऐन, २०४८ पछि नै सहकारीमा नयाँ जागरण आयो । त्यस अघि सहकारीको सिद्धान्त, दर्शन, मूल्य–मान्यता र सात सिद्धान्तकै बारे राम्रो जानकारी थिएन । यो ऐन आएपछि नै सहकारीले गति लिन थाल्यो । राष्ट्रिय सहकारी संघलगायत विभिन्न विषयगत संघहरू स्थापित हुँदै गए । राष्ट्रिय सहकारी बैंक पनि स्थापना भयो । अहिले देशभरि ७३ लाख सेयर सदस्य छन् । राष्ट्रिय सहकारी बैंक, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ , नेपाल कृषि केन्द्रीय सहकारी संघ, दुग्ध सहकारी केन्द्रीय संघसमेत १९ वटा विषयगत सहकारी संघहरू स्थापना भएका छन् । करीब ३० हजार प्रारम्भिक सहकारी संस्थाहरू छन् । ३ सय २५ वटा जिल्ला संघ र जिल्ला विषयगत संघहरू छन् । संचालक लेखा समिति सदस्य मात्रै  २ लाख ४७ हजार छन् । प्रत्यक्ष रोजगारी ९१ हजार र अप्रत्यक्ष १० लाखले रोजगारी पाएका छन् । कारोबार करीब ७ खर्ब पुगिसकेको छ । महिला सदस्यहरूको सहभागीता ५६ प्रतिशत रहेको छ । देशका सबै पालिका, ७७ जिल्ला र सातै प्रदेशमा सहकारीको उपस्थिति छ । सहकारीले गरिबी न्यूनिकरण र बहुआयामिक गरिवी न्यून गर्न ठूलो भूमिका खेलेको छ । सहकारी संघ/ संस्थाहरूका कुनै पनि सदस्यमा जात, भाषा, धर्म, संस्कृति, पोशाक, रूपरंग र लिंगका आधारमा विभेद गर्न नहुने र गरेमा अपराध मानिने हुँदा सहकारी जारणले सबै जात, सबै भाषा, सबै धर्म, सबै समुदाय बीचको एकतालाई बल पुऱ्याउने हुँदा यसले सामाजिक एकता र सामाजिक जागरणमा ठूलो योगदान गरेको छ । समग्रमा भन्नुपर्दा समाजवादका आधारभूत विषय यसको जगैदेखि अवलम्बन गरिने हुँदा सहकारीले सामाजिक सद्भाव र सामाजिक एकतालाई सवल बनाउन भूमिका निभाएको छ ।

नेपालको संविधान,२०७२ को प्रस्तावनामै प्रष्ट भनिएको छ–'हाम्रो प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र निस्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहि सम्बृद्ध राष्ट्र निर्माण गर्ने,' अठोट गरेको छ । अर्थात् संविधानको प्रस्तावनादेखि राज्यको निर्देशक सिद्धान्तले तीन खम्बे अर्थनीतिको आवश्यकता र महत्व बोध गराएको छ । एक्लै राज्यले पनि केही गर्न सक्दैन, एक्लै सहकारीले पनि केही गर्न सक्दैन । एक्लै निजी क्षेत्रले पनि केही गर्न सक्दैन । 'संवृद्ध नेपाल, सुखी नेपाली'को अवधारणालाई व्यवहारमा उतार्न तीन  खम्बे अर्थनीतिलाई व्यवहारमा उतारेपछि मात्र समाजवादतर्फको यात्रामा सफलता हासिल गर्न सकिन्छ । त्यसैका लागि समाजवाद उन्मुख राज्य प्रणालीको आधार खडा गर्ने चरणमा नेपाल रहेको छ । त्यसै अनुसारको दर्शन, सिद्धान्त, नीति कार्यक्रम र कार्यनीतिलाई स्थानीय तह, प्रदेश र संघीय सरकारले निर्माण गर्न र व्यवहारमा उतार्न तीब्रतासाथ लाग्न जरूरी छ ।

वर्तमान अवस्थामा स्वतन्त्र व्यापारमा निजी क्षेत्रको बाहुल्यता, वाह्य क्षेत्रको सहायता र ऋणमा आधारित सार्वजनिक, लगानीका लागि बाह्य पुँजीमाथिको निर्भरता, अर्थतन्त्रमा राज्यका अत्यन्त कमजोर उपस्थिति सहकारी क्षेत्रको प्रारम्भिक अवस्थाको उपस्थिति छ । यो स्थिति यथावत रहेर समाजवादतर्फको यात्रा सफल हुन सक्दैन । त्यसको लागि हाम्रा सोचाईको आधारका केही महत्वपूर्ण नीतिगत, कानूनी र व्यवहारिक परिवर्तन आवश्यक भएको कुरा नेपालको संविधान,२०७२ ले निर्देशित गरेको छ । त्यो नै तीन खम्बे अर्थनीति हो ।

यसका लागि उत्पादनका साधनहरूको सामूहिकिकरण, राष्ट्रिय पुँजीको निर्माणमा जोड, सामाजिक तथा भौतिक विकास तथा सामाजिक न्यायमा आधारित उच्च आर्थिक बृद्धिका लागि सम्पूर्ण ध्यान केन्द्रित हुन, गर्न जरूरी छ । यसका लागि क्रान्तिकारी भूमि सुधार, सहकारी खेतीमा प्रोत्साहन, वैज्ञानिक प्रणालीको विकास, कृषि श्रमिक र अन्य सिमान्तकृत श्रमजीवी समुदायको जीवनमा प्रत्यक्ष सुधारको आधार निर्माण गर्नुपर्छ । कृषि सहकारीलाई सवल, सक्षम र प्रभावकारी बनाउन सबै खाले पूर्वाधारमा राज्यको सकारात्मक भूमिका समग्रमा उत्पादक शक्तिमा हौसला सिर्जना गर्न सबै खाले आधार निर्माणमा राज्यको भूमिका आवश्यक पर्छ । औद्योगिक क्षेत्रमा राष्ट्रिय पुँजी परिचालन, साना तथा मझौला उद्योगको स्थापना र विकास, औद्योगिक श्रमिक प्रोत्यसाहन आजको युगको चौथो औद्योगिक क्रान्तिको आवश्यकता अनुसारको शिक्षा, स्वास्थ्य, लगायतका पुर्वाधार, श्रमको न्यूनतम सुविधा र सामाजक सुरक्षा, गास बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षाको आधार निर्माण गर्न तीनै तहको सरकार अर्थात स्थानीय प्रदेश र संघीय सरकार तथा सबै तहका सहकारी संघ संस्थाहरू बिचको हातेमालो हुन जरूरी छ ।

केही महत्वपूर्ण व्यक्ति व्यक्तित्वहरूका केही सान्दभिक भनाइ पनि यहाँ सामेल गर्न उपयुक्त रहेको छ । सिभिल सोसाइटी प्लेटफर्म फर पिस विल्डिङ एण्ड स्टेट विल्डिङ( ओएसपीपीएस) का अध्यक्ष पिटर भानले भनेका छन्, 'संसारका विभिन्न देशका विभिन्न अध्ययनले सबै निकायलाई सँगसँगै लिएर अघि बढ्न सक्ने र शान्ति स्थापना र विकासमा सहकारी क्षेत्र सबैभन्दा महत्वपूर्ण क्षेत्र हो यो कुरा युरोपलगायत विभिन्न देशको अध्ययनले पुष्टि गरेको छ ।'

डाइरेक्टर भार्लिन सिमीनकी भन्छन्,' सहकारीले केन्द्रीय र स्थानीय सरकार र अन्य सम्बन्धित संस्थासँग सहकार्यको आधार निर्माण गर्न महत्वपूर्ण भूमिका निभाउने गर्छ । एक अर्का सहयात्रीको रूपमा काम गर्ने कुराको महत्वबोध गराउँछ । हरेक समस्या र संकटलाई पार लगाउन महत्वपूर्ण निकायको रूपमा भूमिका निभाउँछ । द्वन्द्व न्युनिकरण गर्न, द्वन्द सिर्जना हुन नदिन, द्वन्द समाधान गर्नका लागि पहल गर्छ र द्वन्द समाधान पछि पुर्ननिर्माण गर्न सबै जात, सबै भाषा, सबै धर्म, संस्कृति र रूपरंगका मानिससँग आपसी विश्वासको वातावरण सिर्जना गर्न र समाजमा मिलिजुली बस्ने र मिलिजुली विकास गर्न उत्साहित र प्रोत्साहित गर्छ ।'

यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठनले प्रष्ट रूपमा भनेको छ,'सहकारी एकै साथ ३ खाले बटमलाईन ग्रहण गरेको सामाजिक व्यवसाय हो । यो एक सामाजिक संगठन हो, वातावरण संरक्षणको एक्टर हो । आर्थिक आधारको प्रतिनिधि संगठन हो । यति मात्र होइन सहकारी अनुशासन र आर्थिक सहभागीतासहितको सामाजिक व्यवसाय हो । यो शान्ति, समानता र विकासका लागि अग्रणी एक्टर हो ।' अर्थात सहकारी समाज र राष्ट्रको समग्र विकासका लागि एक भरपर्दो खम्बा हो भन्ने कुरा उक्त भनाईले पुष्टि गर्दछ । अर्थात अबको विश्वको र नेपालको समग्र विकासमा तीन खम्बे अर्थनीतिको महत्वपूर्ण स्थान रहने छ ।

हाम्रो देशको सात दशकदेखि प्रतिक्षामा रहेको संविधान सभाबाट संविधान निर्माण गर्ने ध्येय २०७२ आश्विन ३ गते पूरा भयो । संविधानको प्रस्तावनामा लेखिएको समाजवाद उन्मुख अर्थतन्त्र, धारा ५० र ५१ मा तय गरिएको ३ खम्बे अर्थनीतिको सिद्धान्त र संविधानको धारा १६ देखि ४८ सम्मका मौलिक अधिकारको विषयले अघि सारेका लक्ष्य हासिल गर्न, एक्लै राज्यले पनि सक्दैन, एक्लै सहकारीले पनि सक्दैन, एक्लै निजी क्षेत्रले पनि सक्दैन । ती लक्ष्य हासिल गर्न तीन खम्बे अर्थनीतिलाई व्यवहारमा उतार्ने अठोटका साथ हाम्रो नीति, सिद्धान्त बजेत

व्यवस्था, हाम्रो शिक्षा नीतिमा अनुसन्धानका सबै क्षेत्रमा सबै कार्यक्रममा यही आधारमा कदम चालिनु पर्छ अनि मात्रै हाम्रो संविधानले अठोट गरेका मौलिक अधिकार निर्देशक सिद्धान्त र प्रस्तावनालाई व्यवहारमा अनुवाद गर्न सकिन्छ ।

संयोज नै भन्नुपर्छ सने २०१५ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको दीगो विकासका १७ लक्ष्यहरूमध्ये नेपालको संविधान२०७२ को मौलिक अधिकारका १३ वटा बुँदा सयुक्त राष्ट्र संघले अघि सारेका १७ लक्ष्य भित्र समेटिएको छ ।

संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने अठोट गरेका विषयहरूमा

- सबै जनताको चरम गरिवी अन्त्य गर्ने
- गरिवीमा बाँचिरहेको सबै उमेरको महिला पुरूष, बालबालिकाको अनुपात आधार घटाउने
- सबैका लागि सामाजिक सुरक्षा प्रणाली कार्यान्वयन गर्ने
- आर्थिक, प्राकृतिक स्रोत साधान प्रविधिमा समान अधिकार सहितको पहुँच सबैमा पुऱ्याउने
- गरिवी र संकटग्रस्त अवस्थामा रहेका मानिसहरूलाई लागि आर्थिक, सामाजिक, वातावरणीय र विपदजन्य अवस्थाबाट सुरक्षित अवस्थामा पुऱ्याउने
- चरम गरिवी ५ प्रतिशत झार्ने
- बहुआयामिक गरिवी ७ प्रतिशतमा झार्ने
- सबैभन्दा तल्लो २० प्रतिशत गरीबको उपभोग हिस्सा ७.६बाट १२ प्रतिशत पुऱ्याउने
- सामाजिक संरक्षण खर्च बजेटको १५ प्रतिशत पुऱ्याउने ।

संयुक्त राष्ट्र संघको हाम्रो संविधानको र दीगो विकास लक्ष्यमा नेपालको अठोट छ । यी सबै लक्ष्य हासिल गर्न तीन खम्बे अर्थनीति आवश्यक छ र त्यसमा सहकारीको भूमिका महत्वपूर्ण छ । सहकारी सामाजिक मूल्यमा आधारित व्यवसाय हो । यसले गर्ने सेवा वा वस्तु व्यवसाय वा मानवीय आवश्यकताका जुनसुकै व्यवसाय पनि गर्न सक्छ र गर्नुपर्दछ । सहकारीले गर्ने नुहने व्यवसाय भनेको

- मानव चरित्रमा प्रतिकुल असर पार्ने कुनै पनि सेवा वा वस्तु व्यवसाय गर्दैन, गर्नु हुँदैन ।
- मानव स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै पनि सेवा वा वस्तु व्यवसाय गर्दैन, गर्नु हुँदैन ।
- द्वन्द्वलाई वढाउने खालका कुनै पनि सेवा वा वस्तु व्यवसाय गर्दैन, गर्नु हुँदैन ।
- राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, सार्वभौमिकता र लोकतन्त्रको हितमा प्रतिकुल असर गर्ने कुनै पनि सेवा वा वस्तु व्यवसाय गर्दैन र गर्नुहुँदैन ।

अरू मानवीय आवश्यकताका जुनसुकै सेवा वा बस्तु व्यवास गर्छ र गर्नुपर्छ । हरेक सहकारी संस्था र संघहरूले कुनै पनि जात भाषा, धर्म, संस्कृति रूपसंग, क्षेत्र र अवस्थाका आधारमा विभेद गर्दैन र गर्नु हुँदैन । समाजमा भएका सबै जात भाषा धर्म संस्कृति र अवस्थाका जनता बीच विभेद गर्दैन र गर्नु हुँदैन । अनेक जात, अनेक धर्म, अनेक संस्कृति अनेक रूपसंग भएका अनेक भेषभुषा भएका सम्पूर्ण नेपाल आमाका सन्तानप्रति समान र सम्मानपूर्ण व्यवहार गर्नु सहकारीको न्यूनतम आचरण हो । यसले गर्दा सम्पूर्ण नेपाली जनताबीचको एकता र पारस्परिक सम्मानको वातावरण सिर्जना गर्न सहकारीले ठूलो भूमिका निभाउन सक्छ र निभाएको छ ।

केही समय पहिले राष्ट्रिय योजना आयोग र अक्सफोर्ड युनिर्भसिटीले नेपालका सातै प्रदेशमा गरेको एक अध्ययनले यसको नतिजा प्रकाशित गरेको छ । यो अध्ययनले जुन जुन प्रदेशमा सहकारी संघ/संस्थाहरू सघन रूपमा क्रियाशील छन् त्यो त्यो स्थानमा बहुआयामिक गरिवी कम छ । हाम्रो देशको प्रदेश नम्बर १मा सोलुखुम्बु, खोटाङदेखि ताप्लेजुङ, झापा, मोरङसम्म सहकारी वाक्लै भएकाले देशभरिको सालाखाला २८.६ प्रतिशत बहुआयामिक गरिबी भएकोमा प्रदेश १ मा १९ प्रतिशत मात्र बहुआयामिक गरिवी देखियो । मधेश प्रदेशमा सहकारी सदरमुकाम र राजमार्ग छेउछाउ मात्रै भएकाले बहु आयामिक गरिवी ४७ प्रतिशत देखियो । बागमती प्रदेशमा गौरीशंकरको फेदीदेखि चितवनको माडीसम्म बाक्लै सहकारी भएकाले बहुआयामिक गरिवी १२ प्रतिशत मात्रै देखियो । गण्डकी प्रदेशममा हिमाल पारीका जिल्लादेखि तराई मधेशका पाकिला जिल्लाहरूमा सहकारी बाक्लै भएकाले बहुआयामिक गरिबी १४प्रतिशत मात्रै देखियो ।

यसैगरी लुम्बिनी प्रदेशमा २० प्रतिशत, कर्णालीमा ५२.२ प्रतिशत र सुदुरपश्चिममा ३३ प्रतिशत देखियो । यो अनुसन्धानमुलक नतिजाले बहुआयामिक गरिवी न्यून गर्न सहकारीको राम्रो भूमिका देखियो । सहकारीमा कुल ७३ लाख सदस्य मध्ये ५६ प्रतिशत महिला छन् । कृषि सहकारी केन्द्रीय संघ अन्तर्गतका सदस्यमा महिला ७७ प्रतिशत छन् । अल्पसंख्यक राउटे, कुसुण्डा, दरै, जिरेल, सुरेल, वनकरिया, चेपाङ, थामी, मुसहर, डोम, खप्वे, हलेखोर, राजवंशी धिमाल समेत सबै समुदायमा सहकारीको पहुँच पुगेका छन् । यो सबै अध्ययनले के देखाएको छ भने पछाडि परेका समुदाय, महिला र अल्पसंख्याक समुदायको जीवनमाथि उठाउन यसको भूमिका महत्वपूर्ण छ । छरिएको पुँजी श्रम, सीप अनुभव र सीप र कलालाई आजको युग सुहाउँदो ढंगले विकासका लागि खावश्यक तालिम, प्रशिक्षण, पूर्वाधार र बजारसँग गाँस्ने गरी अघि बढाउन सहकारीले महत्वपूर्ण भूमिका निभाउन सक्छ ।

यसरी राज्य, सहकारी र निजी क्षेत्रका आ-आफ्नो भूमिका छन् । त्यो भूमिकालाई प्रोत्साहन गर्न, सबै खाले किसान, मजदुर, कालिगढलगायतका श्रमजिवी जनतामा उत्साह र जागर बढाउन उपयुक्त पूर्वधारको विकास गर्न जरूरी छ । प्रमुख उत्पादक शक्ति किसान र श्रमिक हुनु प्रमुख उत्पादक शक्तिमा उत्साह, आत्मविश्वास र जागरण ल्याउन सहकारीले महत्वपूणृ भूमिका निभाउन सक्छ । निजी क्षेत्रको पुस्तैनी स्रोत साधान पुँजी र व्यवसायिक सफलता हुन्छ । त्यसलाई भरपुर प्रोत्साहन आवश्यक छ । यसरी राज्य सहकारी र निजी क्षेत्रको भूमिकालाई राज्यका खासगरी तीनै तहका सरकार र आ-आफ्नो तहको सहकारी क्षेत्रको आवश्यक ठानेर नै हाम्रो संविधानले तीन खमबे अर्थ नीतिलाई व्यवहारमा उतार्न निर्देशित गरेको छ ।

अहिले काठमाडौं विश्वविद्यालय र राष्ट्रिय सहकारी महासंघले गहन अध्ययन गरिरहेको छ । प्रदेश एक र मधेश प्रदेशको अध्ययन अन्तिम चरणमा पुगेको छ भने कर्णाली र लुम्बिनीको अनुसन्धानमूलक अध्ययन केही महिनादेखि जारी छ । यसरी अनुसन्धान र विकासमा निरन्तर अघि बढ्दै हाम्रो संविधानले अघि सारेको तीन खम्बे अर्थनीतिलाई व्यवहारमा लागु गर्दै अघि बढ्ने क्रमलाई अझै प्रभावकारी रूपमा लैजान जरूरी छ ।

## सन्दर्भ ग्रन्थहरू


१) नेपालको संधिवान, २०७२
२) ह्युमनाइजिङ दि इकोनोमी- जोन रेस्टो किस
३) को अपरेटिभ एण्ड पिस स्ट्रेन्थेनिङ डेमोक्रेसी पार्टी सिपेसन एण्ड ट्रष्ट - अन्तर्राष्ट्रिय सहकारी महासंघको प्रकाशन
३) समाजवादतर्फको यात्रामा सहकारी- केशव बडाल
४) सहकारी स्वायत्तता र स्वतन्त्रता- केशव बडाल

# कृषि सहकारी औद्योगीकीकरणका समस्या तथा संभावनाहरू





**बाबुल खनाल**
नायवमहामप्रवन्धक,
राष्ट्रिय सहकारी महासंघ
लि. नेपाल

**सहकारी सामूहिक सहकार्यका आधारमा गरिने सामाजिक व्यवसाय भएकोले सदस्यहरूले सहकारी व्यवसायवाट प्राप्त हुने लाभ र अवसरको समानुपातिक रूपमा उपयोग गर्न पाउँदछन् ।**

**परिचय**

नेपालको संविधान, २०७२ ले सार्वजनिक, निजी र सहकारीक्षेत्र समेतको ३ खम्वे लोककल्याणकारी आर्थिक विकास नीति अवलम्बन गरेको छ । सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा राज्यको लगानी रहने,व्यवसायिक हिसावमा मुनाफा आर्जन हुने क्षेत्रमा मात्र नीजी क्षेत्रको लगानी रहने हुँदा यी दुवै क्षेत्रको दरार पूर्ति गर्न विश्वभर सहकारी क्षेत्रको भूमिका निर्विकल्प रहेको पाइन्छ । सहकारी सामूहिक सहकार्यका आधारमा गरिने सामाजिक व्यवसाय भएकोले सदस्यहरूले सहकारी व्यवसायवाट प्राप्त हुने लाभ र अवसरको समानुपातिक रूपमा उपयोग गर्न पाउँदछन् । तसर्थ, उत्पादनका स्रोत साधनको न्यायोचित वितरण हुने हूँदा सहकारी आर्थिक मोडेललाई समाजवादउन्मुख अर्थतन्त्र निर्माणको आधारशिलाको रूपमा लिइएको हो । विश्वका धेरै देशहरूमा कृषि उत्पादन, संकलन, प्रशोधन, भण्डारण, बजारीकरण लगायतका कृषिजन्य मूल्य श्रृङ्खला मात्र नभई शिक्षा,स्वास्थ्य, विज्ञानप्रविधि,यातायात, सञ्चार, विद्युत्, आवास, बीमा, सामाजिक सुरक्षा लगायत मानव जीवनमा आवश्यक यावत क्षेत्रहरूमा सहकारी आर्थिक मोडेल कामयावी

भएका थुप्रै दृष्टान्तहरू छन् ।विलायतमा उपभोक्ता सहकारी, जर्मनीमा ऋण सहकारी, डेनमार्कमा दूग्ध सहकारी, स्पेनमा श्रमिक सहकारी,जापानमा कृषि वहुउद्देस्यीय र उपभोक्ता सहकारी संस्थाहरू, इजरायलमा सामूहिक खेती कृषि सहकारी, अमेरिकामा उर्जा र कृषि सहकारी, भारतमा दूग्ध, रसायनिक मल, तथा वजारीकरण सहकारीहरू, चिनको कृषि तथा उपभोक्ता सहकारीहरु अलग अलग भुगोल, कार्यप्रकृति र स्वरूपमा भएपनि अत्यन्तै लोकप्रीय मानीन्छन् । यी सहकारीहरूले उत्पादनमा मात्र होइन उत्पादित वस्तुको प्रशोधन,उपभोग्य वस्तु वजारीकरणमा सक्रिय भुमिका निर्वाह गर्दै आफ्ना सदस्य र आम उपभोक्तालाई सेवा पुर्‍याइ रहेकाछन् । हाम्रो देशमा राज्य, राजनीतिक दलहरू, नागरिक समुदायले आशा र भरोसा गरेको कृषि सहकारी क्षेत्रले किन अपेक्षा अनुसार प्रतिफल दिन सकिरहेको छैन, यसमा सवैले गंभीर भएर सोच्नुपर्ने र तदनुरूप ठोस नीति, र कार्यक्रमहरू ल्याउन अव ढिलो गर्नु हुदैन ।

नेपाल जस्तो वर्षेनी असन्तुलित रूपले अर्वौ व्यापार घाटा व्यहोरीरहेको मुलुकका लागि ग्रामीण क्षेत्रका वहुसख्यक जनताले अंगालेको निर्वाहमुखी कृषि पेशालाई व्यवसायिककृषिमा रूपान्तरण गर्न, सहकारीताका आधारमा साना र मझौला कृषि उद्योगको स्थापना र रोजगारी श्रृजना गरी कृषिलाई  दिगो एवं मर्यादित व्यवसायका रूपमा स्थापित गर्न संगठित प्रयासको खाँचो रहेको छ । सहकारीतावाट दिगो विकासका लागि अपरिहार्य पारस्पारिक सम्वन्ध र शान्ति, समावेशिता, सहभागिता, र शशक्तिकरणको अभ्यास भई निरपेक्ष सामाजिक पूँजी विकास एवं सामाजिक न्याय हासील हुने मात्र नभई मुलुकको कृषि उत्पादन वृद्धि, आयात प्रतिस्थापन, रोजगार श्रृजना, आय आर्जन र गरीविनिवारणका लागि पनि यो सहकारी मोडेल प्रभावकारी हुन सक्दछ । सहकारीले स्थानीय कृषि उत्पादन वढाउन, मूल्य श्रृङ्खला विकास गर्न तथा सहकारीद्वारा उत्पादित वस्तुको वजारीकरण गर्न एवं कृषिको औद्योगीकरण गरी आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ भन्ने कुरामा दुइमत छैन । सहकारी मोडेल मार्फत राज्यले साँच्चीकै कृषि उत्पादन वृद्धि र मूल्य श्रृङ्खला विकास गर्न र हरित रूपान्तरण गर्न चाहन्छ भने राज्यले नीतिगत, कानूनी, संरचनागत र कार्यक्रमगत क्षेत्रहरूमा लगानी वढाउनु अपरिहार्य रहेकोछ । आर्थिक विकास र भूँइस्तरका जनताको जीविकोपार्जनका लागि लोककल्याणकारी राज्यले गर्दै आएको लगानी अप्रयाप्त मात्र होइन अप्रभावकारी र एकिकृत पनि नभएका कारण यस क्षेत्रवाट अपेक्षित प्रतिफल हासील गर्न नसकिएको तथ्य सवैका सामुजगजाहेर छ । ग्रामीण क्षेत्रमा सञ्चालित सहकारीहरू त झन सरकारको सेवा र स्रोत आम जनसमुदायसम्म पुर्‍याउने एउटा प्रभावकारी संयन्त्र बन्न सक्छन् ।

सहकारीको यति ठूलो संभावना हुँदा हुँदै पनि किन सहकारी क्षेत्र आर्थिक वृद्धि र कृषि विकासको संवाहक बन्न सकेको छैन ।सहकारी क्षेत्रको विकास र प्रवर्द्धन सम्वन्धी स्पष्ट दीर्घकालीन सोच र योजनाको अभाव भएर होइन । नत राज्यको कृषि विकास रणनीतिमा सहकारी क्षेत्र नपरेर नै हो । होत उपलव्ध नीति योजना र कार्यक्रमहरूको कार्यान्वयनको अभाव । नेपाल सरकारद्वारा हालै संघीय संसदमा प्रस्तुत आ. व. २०७९/०८० को वार्षिक वार्षिक,नीति कार्यक्रममा कृषि क्षेत्रको विकासका लागि विशेष जोड दिइएको छ ।समुदायमा आधारित उत्पादनमुलक सहकारीलाई स्थानीय र प्रदेश सरकारहरुद्धारास्पष्ट नीति, विधि, प्रविधि एवं पूँजीगत सहयोग र उत्प्रेरणाको कमी, कमजोर शुसासन, आदि कारणले सहकारीले अपेक्षित प्रतिफल दिन सकेको छैन । माथि चर्चा गरिए झैं विभिन्न देशका अभ्यासहरू हेर्दा  र हाम्रै देशको अभ्यासवाट पनि कृषि व्यवसाय प्रवर्द्धनमा सहकारी मार्फत गरिएका संगठित प्रयासहरू तुलनात्मक रूपमा वढि प्रभावकारी देखीएका छन् । तर सो का लागि देहाए अनुसार वर्तमान अवस्थामा भोग्नु परेका कृषिक्षेत्रका मुल मुद्दाहरू र तिवाट सृजित समस्या र निराकरणका उपायहरू उपर ध्यान दिनु जरूरी छ ।

**सहकारी मार्फत मूल्य श्रृङ्खला विकास एवं कृषि औद्योगीकरणका मुद्दा समस्याहरू तथा समाधानका उपायहरू :**

| कृषिका मुल मुद्दाहरू | समस्याहरु | समाधानका उपायहरू |
|---|---|---|
| न्यून कृषि उत्पादन | ➢ टुक्रे खेती (Small Scale Farming) र निर्वाहमुखी खेती प्रणाली ।<br>➢ बीउ/बिरूवा मल र औषधीहरु समयमा उपलब्ध नहुनु<br>➢ उत्पादन सम्वन्धी ज्ञान, उपयुक्त प्रविधि, औजार,उपकरणहरू नपाउनु,<br>➢ गुणस्तरमा एकरूपता नहुनु,<br>➢ कृषि क्षेत्रमा लगानी नहुनु<br>➢ आवश्यक परिमाणमा उत्पादन गर्न नसकी नियमित आपूर्ति दिन नसक्नु<br>➢ उत्पादक किसान र सहकारी बीच आवश्यक समन्वय सूचना, सहयोगको कमी ।<br>➢ बसाईसराई र बैदेशिक रोजगारीको कारण कृषि श्रमिकको अभाव । | ➢ स्थानीय सहकारी संघ संस्थाहरू मार्फत मल विउ उपलब्ध गराउने व्यवस्था गर्ने<br>➢ उत्पादनका ल्कष्टर तोकी सहकारीहरूद्वरा कृषि प्रविधिकहरू मार्फत कृषि प्राविधिमेसिनरी यन्त्रहरु को प्रयोग सम्वन्धी तालीम, परामर्शसेवा र गुणस्तर वृद्धिका लागि वजेट व्यवस्था गर्ने ।<br>➢ प्राथमिकता प्राप्त क्षेत्रको थोक कर्जा सहकारी मार्फत कम व्याजदरमा लगानी गर्ने<br>➢ उत्पादन योजना बनाई भुगोल हावापानी र माटो परिक्षणका आधारमा सामूहिक खेती गर्ने ।<br>➢ कृषक सदस्य एवं उत्पादक सहकारी विच समन्वय वढाई उत्पादन सम्बन्धी डिजिटल सूचना आदान प्रदान गर्ने ।<br>➢ बाली तथा पशु बिमा योजनाहरु प्रभावकारी रूपमा लागू गर्ने । |

| | | |
|---|---|---|
| कृषि उत्पादन तथा प्रशोधन | ➢ बस्तुको प्रशोधन वेगर कच्चामाल नै सिधै बजारमा विक्रि गर्ने अभ्यास ।<br>➢ कृषि उत्पादन तथा प्रशोधनलाई चाहिने पूर्वाधार (सञ्चयस्थल तथा शित भण्डार, कृषि मेसीनरी, हारवेस्टर, कृषि औजार उपकरण, प्रशोधनयन्त्र तथा ढुवानी साधन आदि) को अप्रयाप्तता ।<br>➢ ब्रान्डिङ्, प्याकेजिङ्, लेबलिङ् र ग्रेडिङ्को अभाव ।<br>➢ उत्पादनमा नवीनता र बस्तु विकास गर्न नसक्नु । | ➢ कृषि उत्पादन तथा प्रशोधनलाई चाहिने पूर्वाधार ( शित भण्डार, कृषि मेसीनरी, हारवेस्टर, कृषि औजार उपकरण, प्रशोधनयन्त्र तथा ढुवानी साधन आदि) विकासका लागि सहकारी, सरकार र दातृ निकायको सहयोग तथा योगदानमा पूँजीगत अनुदानको व्यवस्था गर्ने<br>➢ कृषि वस्तु विविधिकरणका लागि आधुनिक प्रशोधनशालाको व्यवस्था गरी प्रशोधित वस्तुहरू ग्रेडिङ्, प्याकेजिङ्, लेबलिङ् रब्रान्डिङ् गरी सहकारी सञ्जाल मार्फत विक्रि वितरणको व्यवस्था<br>➢ सहकारी मार्फत वजार क्षमता अभिवृद्धि र जनचेतना जागृतिका कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>➢ आयात प्रतिस्थापनका लागि "एक क्षेत्र एक उत्पादन" लक्षित कृषि उत्पादन योजना ल्याईउत्पादक कृषकका लागि आर्थिक तथा गैरआर्थिक प्रोत्साहन प्याकेज ल्याउने । |
| कृषि उत्पादन बजारीकरण | ➢ पूर्ण रूपमा सहकारी मोडेल (उत्पादक सदस्य, प्रारम्भिक सहकारी, तहगत सहकारी र उपभोक्ता बीचको व्यवसायिक सवन्ध) मा आधारित मूल्य श्रृंखला विकास गर्न नसकिनु ।<br>➢ आवश्यकता र संभावनको आधारमा बजारीकरणको रणनीतिक मोडेल (C2C, C2G, C2B) निर्क्योल गर्न नसक्नु ।<br>➢ बस्तुको प्रतिष्पर्धात्मक क्षमताका आधारमा उत्पादन र बजारीकरण गर्ने रणनीतिको अभाव ।<br>➢ उत्पादक- सहकारी र उपभोक्ता बीचको समन्वय र विश्वासको कमी ।<br>➢ उत्पादन र बजारीकरणलाई प्रविधिमैत्री बनाउन नसक्दा डिजिटल मार्केटिङ गर्न नसकिनु ।<br>➢ बजार प्रवर्द्धन सम्बन्धी अध्ययन तथा कार्यक्रमहरु प्रभावकारी नहुनु । | ➢ मूल्य श्रृंखलाका हरेक चरणमा सहकारीको तहगत सञ्जाललाई कामयावी वनाई वजारीकरण गर्ने अर्थात सहकारी मोडेल कार्यान्वयनमा उत्पादक संस्था एवं सहकारी संघको क्षमता वृद्धि गरी सक्रियतुल्याउने ।<br>➢ वस्तु वजारीकरणका लागि उपयुक्त मोडेल (C2C, C2G, C2B) छनोट गर्ने वातावरण मीलाउने ।<br>➢ वस्तु निर्यातका लागि सहकारी ऐन नियमानुसार राष्ट्रिय सहकारी महासंघवाट उत्पत्तिको प्रमाणपत्र प्रदान गर्ने वातावरण मिलाउने<br>➢ Online portal डिजिटल ल्पेटफर्म तथा वेवसाइट, मोबाइल एप्स, सामाजिक संजाल, फेसबुक, टुइटरआदि मार्फत आवश्यक प्रचार-प्रसार एवं सूचना प्रवाह गरी वस्तु बिक्री वितरण तथा वजारीकरण गर्ने ।<br>➢ कृषि उत्पादन र वजार सूचना सम्बन्धी डाटा वैंक स्थापना गर्ने । |
| अन्य | ➢ कृषि व्यवसाय प्रवर्द्धन मैत्री सरकारी नीति नियम र वजेटको कमी वा भएर पनि प्रभावकारी कार्यान्वयन हुन नसक्नु<br>➢ सहकारी उत्पादनहरूको उत्पादन र उपभोग गर्न प्रोत्साहित गर्ने संस्कार नहुनु ।<br>➢ बैदेशिक उत्पादनलाई गुणस्तरीय र साख मान्ने उपभोक्ताको संस्कार ।<br>➢ अनुदानको अप्रयाप्तता एवं सही व्यक्तिले अनुदान पाउन नसक्नु । | ➢ सरकारद्वारा उत्पादन मैत्री नीति नियमहरु तर्जुमा,संसोधन तथा परिमार्जन गर्ने ।<br>➢ स्वदेशी उत्पादनहरूको उपभोगका लागि प्रोत्साहन तथाजनजागृती गर्ने ।<br>➢ सहकारी उद्योगहरूको उत्पादन उपभोगमा प्रोत्साहन गर्ने ।<br>➢ रोजगारीमूलक साना तथा मझौला उद्योग व्यवसायमा र पूर्वाधार विकासमा सरकारी अन्तरसहकारी, नीजी क्षेत्र (PPCP) मोडेलमा सामूहिक लगानीको वातावरण निर्माण गर्ने ।<br>➢ सहलियतपूर्ण कृषि कर्जाहरू र कृषि व्यवसाय प्रपर्द्धन सम्वन्धि परियोजनाहरू उत्पादक सहकारी संस्थाहरू मार्फत कार्यान्वयन गर्ने र परीयोजनाको नीति निर्माण तथा अनुगमन मूल्यांकन गर्ने तहमा सहकारी संघ/महासंघको प्रतिनिधित्व गराउने<br>➢ अनुदानलाई प्रतिफलसँगै जोडी सोको आधारमा मात्र अनुदान उपलब्ध गराउने व्यवस्था हुनु । |

अतः उल्लेखित अवस्थालाई विश्लेषण चार गर्दा निर्वाहमुखी खेती प्रणाली, आवश्यक कृषि सामग्रीहरूको अप्रयाप्तता आदि कारणले कृषि उत्पादनमा कमीभई अपेक्षित प्रतिफल प्राप्त गर्न नसक्दा कृषि क्षेत्रवाट किसान पलायन हुने समस्या एकातिर छ भने उत्पादित कृषि उपजसोझै वजारमा लग्दा मूल्य अभिवृद्धि हुन नसकी कृषकहरूले उचित प्रतिफल प्राप्त गर्न नसकेको अवस्थाछ । अर्को तर्फ मौसमी उत्पादनका कारण उचित मूल्य

प्राप्त नहुनु, उत्पादित वस्तुको सुरक्षित भण्डारण नहुनु, आवश्यक पूँजी प्रविधि,शिप लगायतका पूर्वाधारको अप्रयाप्तता, प्रशोधित बस्तुको गुणस्तरमा एकरूपता नहुनु तथा मूल्य अभिवृद्धिको सोच विकास नहुनु रहेका छन् । सहकारी उत्पादन बजारीकरणका समस्याहरूमा उत्पादनको प्रतिष्पर्धात्मक क्षमतामा आधारित सहकारी मूल्यश्रृंखला विकास गर्न नसकिनु स्थानीय, प्रदेश, संघ सरकार र सहयोगी निकायहरू विच सहकार्य र साझेदारीताको कमी जस्ता कारणहरू रहेका छन् । यसका साथै कृषि सहकारीको व्यवसायिक उत्पादन एवं मूल्य श्रृङ्खला विकास गर्न कृषि सहकारी व्यवसाय प्रवर्द्धन मैत्री एकिकृत सरकारी कार्यनीति नहुनाले पनि लगानी अनुसार कृषि क्षेत्रवाट अपेक्षित प्रतिफल प्राप्त गर्न नसकीरहेको अवस्था छ ।

**संभावित पहल कदमी**

सवै पक्षहरूलाई विचार गर्दा नेपाल सरकारले प्रदेश तथा स्थानीय तह समेतलाई परिचालित गरी प्राथमिकताका साथ कृषि क्षेत्रमा पूँजी, प्रविधि, पूर्वाधार र क्षमता विकासमा विशेष लगानी गर्नुपर्ने आवश्यक्ता देखिन्छ । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि कृषक सदस्य एवं उत्पादक सहकारी संस्था विच समन्वय वढाई "एक क्षेत्र, एक उत्पादन" लक्षित कृषि उत्पादन राजनीतिक योजनाका साथ आर्थिक तथा गैरआर्थिक प्रोत्साहन प्याकेज ल्याइ उत्पादक कृषकलाई उत्प्रेरित गर्नुपर्दछ । यस्ता प्याकेजहरूमा स्थानीय सहकारी संघ संस्थाहरू मार्फत मल विउ वितरण, सामूहिक खेती अभियान, उत्पादनका ल्कष्टर तोकी कृषि सहकारी प्राविधिकहरू मार्फत उत्पादन, प्रशोधन र गुणस्तर सुधारका लागि प्राविधिक ज्ञान, शिप, तालीम, परामर्श सेवा एवं मेसिनरी यन्त्रहरूको प्रयोग सम्वन्धी अभ्यास गर्ने व्यवस्था लागु गनुर्पर्दछ ।

उत्पादन तथा वजार मूल्य सम्बन्धी Online portal डिजिटल प्लेटफर्म मार्फत सूचना प्रविधिको विकास गर्ने, शित भण्डार, कृषि मेसीनरी, हारभेस्टर, कृषि औजार/उपकरण, प्रशोधनयन्त्र तथा आधुनिक प्रशोधनशाला निर्माण, ढुवानीका साधन वा ढुवानीमाअनुदान, बाली तथा पशु बिमा योजनाहरु आदिमा प्राथमिकताका आधारमा सहकारी, राज्य र दातृ निकायको सहयोग एवं योगदान र पूँजीगत अनुदानको व्यवस्था गर्ने, प्राथमिकता प्राप्त क्षेत्रको थोक कर्जा सहकारी मार्फत प्रभावकारी रूपमा लगानी गर्ने, मूल्य श्रृंखलाका हरेक चरणमा सहकारीको तहगत सञ्जाललाई प्रभावकारी रूपमा परिचालित गरी कृषि उत्पादनको ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग र ब्रान्डिङ्ग गरी अवस्था अनुसार C2C वा C2G वा C2B मोडेलमा

> नेपालमा बेरोजगारी बढ्नुको मुख्य कारण उद्यमशीलताको अभाव र राज्यको प्रभावकारी रोजगारी व्यवस्थापन नीति नहुनुहो । नागरिकलाईउद्यमशील बनाउन सकियो भने उत्पादन तथा रोजगारी वृद्धि गर्न सकिन्छ ।

विक्रि वितरणको व्यवस्था गर्नु पर्छ । यसका लागि सरकारद्वारा उत्पादन मैत्री नीति नियमहरु तर्जुमा,संसोधन तथा परिमार्जन गर्ने, सरकार र सहकारी अभियानले स्वदेशी उत्पादनहरूको उपभोगका लागि प्रोत्साहन गर्ने, रोजगारमूलक साना तथा मझौला उद्योग व्यवसायमा र पूर्वाधार विकासमा सरकार, अन्तरसहकारी र नीजी क्षेत्र (PPCP) मोडेलमा सामूहिक लगानी गर्नु पर्दछ । सहकारी अनुदान उत्पादनका आधारमा दिनु पर्दछ ।

कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धि परियोजनाहरू सहकारी संघ/संस्थाहरू मार्फत कार्यान्वयन गर्ने गराउने र परीयोजनाको नीति निर्माण तथा अनुगमन मूल्यांकन गर्ने तहमा केन्द्रिय तथा राष्ट्रिय सहकारी महासंघको प्रतिनिधित्व रहने व्यवस्था गरिनु पर्दछ । यसो हुन सक्यो भने मात्र सहकारीले स्थानीय कृषि उत्पादन वढाउन, कृषि वस्तु प्रशोधन, तहगत वजारीकरण एवं औद्योगीकरण गरी मूल्य श्रृङ्खला विकास गरी आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन, रोजगारी श्रृजना र गरीविनिवारणमा ठोस योगदान पुर्याउन सक्दछन् ।

**उपसंहार**


न्यून कृषि उत्पादन,निर्वाहमुखी कृषि, कृषि क्षेत्रमा न्यून लगानी, उत्पादनको उचित भण्डारण, प्रशोधन, वजारीकरण, कमजोर नीतिगत, कानूनी र संरचनागत पक्षहरू अहिलेको नेपाली कृषि अर्थतन्त्रका प्रमुख समस्या हुन । हाल नेपालमा कुल गार्हस्थ्य उत्पादनमा औधोगिक क्षेत्रको योगदान १३.१ प्रतिशत मात्रै रहेको छ र नेपालमा ११.४ प्रतिशत श्रमशक्ति वेरोजगार छन् ।

यस परिस्थितिमा कृषिको रूपान्तरण गरी औद्योगिकीरणमा जोड दिनुको विकल्प छैन । नेपालमा बेरोजगारी बढ्नुको मुख्य कारण उद्यमशीलताको अभाव र राज्यको प्रभावकारी रोजगारी व्यवस्थापन नीति नहुनुहो । नागरिकलाई उद्यमशील बनाउन सकियो भने उत्पादन तथा रोजगारी वृद्धि गर्न सकिन्छ । उद्यमशीलता विकासको लागि पहिलो कुरा नागरिक सदस्यलाई उद्यमशीलता तर्फ उत्प्रेरित गर्नुपर्छ ।

त्यसपछि राज्य एवं सहयोगी निकायले लगानी र आवश्यक तालिम शीप तथा प्रविधिको व्यवस्था गर्नुपर्छ । त्यसैले सवै पक्षले उद्यमशीलता सम्वन्धी तालीम दिएर हरेक नागरिकलाई उद्यमी वनाउनु जरूरी छ । यसका लागि राज्यले नीजिक्षेत्र, सहकारी तथा सरकारी साझेदारीमा उद्यमशिलता र रोजगार विकास अभियान सञ्चालन गर्नुपर्छ ।वाँझो जमीनउत्पादनशिल वनाउनु र खण्डीकृत जमीनचक्लावन्दी गरीसामूहिक खेतीका माध्यमवाट कृषि उत्पादन वृद्धि गर्न राज्य र सहकारी क्षेत्रको साझेदारीता हुनु जरूरी छ ।

सहकारी सामाजिक न्यायमा आधारित आर्थिक विकासको अभियान हो । सहकारी अभियानमा सन्नीहित सामाजिक पूँजीको प्रभावकारी परिचालन गर्न सके यस क्षेत्रले भूइस्तरका जनताको सम्वृद्धिका लागि धेरै काम गर्ने अवसर छन् । तर यसका लागि राज्यले नीतिगत सहजीकरणका साथै पूँजी, प्रविधि,पूर्वाधार र क्षमता विकासमा राज्यको लगानी जरूरी छ । सहकारी र नीजीक्षेत्र समेतको सहभागितामा कृषि उत्पादनको मूल्य श्रृङ्खला विकास र औद्योगिकीकरणमा सहकारी दिगो माध्यम बन्न सक्छ । राज्यले संविधानमै समाजवाद उन्मुख अर्थतन्त्रको दिशामा अघि बढ्ने भनेर उल्लेख गरिसकेको अवस्थामा माथि चर्चा गरिएका कृषिका जल्दा-बल्दा समस्यालाई समाधान गरी कसरी समुन्नत र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न सकिन्छ भन्ने विषयमा ठोस कार्ययोजना बनाउन जरूरी छ । यसका लागि तिनै तहका सरकार, सहकारी संघ संस्थाहरू, र राष्ट्रिय अन्तराष्ट्रिय सहयोगी निकायका प्रयासहरूमा तादम्यता ल्याउनु चुनौतीपूर्ण छ ।

# साउन महिनामा कर्जा सूचना केन्द्र जारी गर्ने योजनामा छौं



रूद्र प्रसाद पण्डित
रजिष्ट्रार, सहकारी विभाग

**सहकारी विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डित बिगत ३३ वर्षदेखि सरकारी सेवामा कार्यरत हुनु हुन्छ । सहकारी विभागको रजिष्ट्रार हुनुभन्दा अगाडि उहाँ जुम्ला, सिरहा, बारा र तनहु जिल्लामा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी पूरा गरिसक्नु भएको छ । वि.सं.२०७८ साल जेष्ठ महिनामा सहसचिवमा बढुवा हुनु भएका रजिष्ट्रार पण्डितले ०७८ फाल्गुणदेखि विभागको रजिष्ट्रारको जिम्मेवारी वहन गरिहनु भएको छ । 'सहकारी विभागमा वहाली भएपछि सहकारी विषय-वस्तुमाथि बिस्तृत अध्ययनको क्रमसंगै ३५ बुँदे निर्देशिका जारी गर्ने काम भएको' बताउनु हुने रजिष्ट्रार पण्डितसंग सहकारी सन्देश मासिकका लागि सह-सम्पादक केदार बाँस्कोटाले गरेको अन्तर्वार्ता ।**

**यस अघि जारी भएको ८८ बुँदे निर्देशनलाई फेरी संशोधन गरी ३५ बुँदे एकीकृत निर्देशन जारी गरिएको छ । सहकरी ऐन र नियमावली पनि छँदैछन् । ऐन र नियमावली कार्यान्वयमा नै फोसक गर्दा मात्र पनि हुने थिएन र ?**

वि.सं.२०७८ साल फाल्गुण १ गते ८८ बुँदे निर्देशन जारी भएको रहेछ । त्यसमा सहकारी ऐन,२०७४ र सहकरी नियमावली, २०७५ मा भएका नीति नियमहरू पुनः दोहोरिएको,सम्पत्ति सुद्धिकरणको कानूनहरू दोहोरिएको थियो । तर हाम्रा कानूनहरूले के भन्छन् भने सम्पत्ति सुद्धिकरण सम्बन्धी मुद्दाहरू मन्त्रालयको निर्णयबाट मात्र कार्यान्वयन हुन्छ । त्यसैले ८८ बुँदेमा समावेश भएका सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धी २९ वटा बुँदाहरू हटाइयो । सहकारी संघ/संस्थाहरूले सुशासन प्रवर्द्धनका सम्बन्धमा सबैले पालना गर्नु पर्ने, छोटो,सरल र सबैले बुझ्ने ३५ बुँदे एकीकृत निर्देशन जारी जारी भएको हो । सहकारी ऐन,२०७४ र सहकारी नियमावली, २०७५ लाई नै प्रभावकारी कार्यान्वयनका लागि सो दिर्नेशन जारी गरेका हौं । यही जेष्ठ १२ गते जारी भएको सो निर्देशन सबै सहकारी संघ/संस्थाहरूलाई वितरण गरिसकिएको र सहकारी विभागको वेभसाइडमा समेत राखिएको छ । त्यति मात्र नभएर सो निर्देशन कार्यान्वयनका लागि संघीय नेपाल सरकारका अन्य

निकायहरू, प्रदेश सरकार, ७ सय ५३ स्थानीय तह र सरोकारवाला सबै निकायहरूलाई परिपत्र समेत भइसकेको छ । वास्तवमा सहकारी विभागको आफ्नै लामो अभ्यास र अनुभवका आधारमा पनि यो जारी भएको हो । आवश्यक भएरै जारी भएको हुनाले अब अर्को हुँदैन । यद्यपि सम्पति सुद्धिकरण निवारण निदेर्शिका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट स्वीकृति भइसकेको भन्ने जानकारी आएको छ । त्यो विभागमा आएपछि छुट्टै पुस्तिका प्रकाशन गरेर सरोकारवाला सबैलाई वितरण गर्छौं ।

**विभागले सहकारी क्षेत्रको परिपक्क तथ्यांक दिन सकन भन्ने आरोप पनि छ ?**

सहकारीको विश्वसनिय 'डाटा' नभएको सम्बन्धमा सहकारी बिभाग जानकार छ । सहकारीको सही तथ्यांक नभएसम्म कुनै पनि नीति र कार्यक्रम अगाडि बढाउन सकिंदैन । सहकारीको आधिकारिक तथ्यांक पूर्वशर्त हो । त्यसका लागि राष्ट्रिय सहकारी महासंघ लि.नेपाल, केन्द्रीय सहकारी संघहरू, राष्ट्रिय सहकारी बैंक लि. र जिल्ला सहकारी संघहरूको सक्रिय सहभागीता जरूरी छ ।

**कोपोमिस कार्यान्वयनलाई लिएर कडा उर्दी जारी भएको छ तर यसमा समस्या आएको भन्ने गुनासोलाई कसरी सम्बोधन गर्नुहुन्छ ?**

कोपोमिस अपेक्षित रूपमा तथ्यांक इन्ट्री हुन नसकेको भन्ने छ, त्यो व्यक्ति-व्यक्तिको तथ्यांक समावेश गर्दा सिष्टमले एसेप्ट नगरेको र समस्या आउने गरेको सही हो । यही कुरालाई आत्मसाथ गरेर विभागले सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा सहकारी संघ/संस्थाहरूको आधारभूत सूचनाहरू समावेश गर्नका लागि नयाँ एप्लिकेशन थप गरिएको छ । नेपाल सरकारको गृह मन्त्रालयमा रहेको जिआइडिसीमा रहने गरी सफ्टवेयर खरिद भइसकेको छ । यही असार मसान्तभित्र जडान हुन्छ । अब त्यसमा कुनै समस्या छैन सामान्य कम्प्युटर टाइप गर्ने व्यक्तिले आफ्नो सहकारीको तथ्यांक राख्न सक्छ । सोही प्रयोजनका लागि सहकारी बिभागले वि.सं.२०७९ साल जेष्ठ ९ गते राष्ट्रिय सहकारी महासंघ लि.नेपाल, केन्द्रीय सहकारी संघहरू, राष्ट्रिय सहकारी बैंक लि. र जिल्ला सहकारी संघहरू लगायत सबै सरोकारवालाहरूसंग समन्वय गरेर परिपत्र गरिसकेका छौं । फेरि पनि जोड दिएर भन्छु-कोपोमिस सहकारी संघ/संस्थाहरूको आधारभूत सूचना संग्रह गर्ने र नियमन समेत गर्ने सफ्टवेर हो । सहकारी नियमावली,२०७५ लागू भएको चार वर्ष पूरा भइसकेको अवस्थामा अब कोपोमिस कार्यान्वयनको चरणमा रहेको छ । वि.सं.२०७५ साल बैशाख २३ गते जारी भएको सो नियमावली २०७९ साल बैशाख २२ गते चार वर्ष पूरा भएको हुनाले अब कोपोमिसमा सबै सहकारी संघ/संस्थाहरू समावेश हुनुको विकल्प छैन ।

आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्ममा सबै सहकारी संघ/संस्थाहरूको आधारभूत सबै सूचनाहरू कोपोमिसमा अनिवार्य दाखिला भइसक्नु पर्नेछ र हरेक वर्षको माघ महिनाको मसान्तभित्र सहकारी संघ/संस्थाहरूको तथ्यांक अनिवार्य रूपमा दाखिला गरिसक्नुपर्ने छ । त्यसपछि पनि कोपोमिस कार्यान्वयन भएन, सहकारी सूचनाहरू अभिलेखिकरण भएनन् भने त्यस्तो दाखिला नगर्ने सहकारी संघ/संस्थाहरूलाई आगामी आर्थिक वर्षदेखि नेपाल सरकारले दिने कुनै पनि अनुदानहरू नदिने, कर चुक्ता सम्बन्धमा आन्तरिक राजश्व कार्यालय मार्फत नविकरण नगर्ने र त्यस्ता सहकारी संघ/संस्थाहरूलाई कार्वाहीका लागि अगाडि बढ्ने लगायतका कानूनी प्रकृयामा सहकारी विभाग लाग्ने जानकारी गराउन चाहन्छु । यसै सन्दर्भमा विभागले आर्थिक वर्ष २०७९/०८० को कार्यक्रम पेश गरिसकेको र २०७९ जेष्ठ १५ गते त्यो आइसकेको छ ।

**हालसम्म कोपोमिसमा कति सहकारी संघ/संस्थाहरू समावेश भएका छन् ?**

हालसम्म कोपोमिसमा इन्ट्री भएका सहकारी संघ/संस्थाहरूको तथ्यांक ४ हजार ४७ मात्र छ । त्यो बाहेक सहकारीको अन्य तथ्यांक विभागसंग छैन । त्यही कारण विभागले सम्पूर्ण सहकारी संघ/संस्थाहरूको तथ्यांक अद्यावधिक हुनुपर्छ भन्दै आएको हो । अद्यावधिक नभएसम्म सहकारीको आधिकारिक तथ्यांक सार्वजनिक गर्न सकिंदैन । त्यही भएर नै विभागले मुख्यतः कोपोमिस कार्यान्वयनका लागि सहकारी संघ/संस्थाहरूले इन्ट्री गराएको उपलब्धीका आधारमा उनीहरूसंगको साझेदारीमा कार्यान्वयन गर्ने कार्यक्रमहरू राखिएको छ । अर्थात् सहकारी संघ/संस्थाहरूको समष्टीगत तथ्यांकहरू कोपोमिसमा समावेश गर्ने अनिवार्य व्यवस्था गरेको हो ।

**अभियानले कर्जा सूचना केन्द्र स्थापनाको माग गरिरहेको छ तर यहाँहरूले त्यसतर्फ चासो दिनुभएन भन्ने आरोप छ नी ?**

विभागले गर्ने अर्को काम भनेको सहकारी नीति २०६९ लाई परिभार्जन गरी समसामयिक बनाउनका लागि आउँदो असार १० गतेदेखि १२ गतेसम्ममा सरोकारवाला स्टेक होल्डरहरूसंग ब्यापक समीक्षा गर्ने कार्यक्रम राखेका छौं । यसकासाथै असार १५ गतेसम्ममा कर्जा सूचना केन्द्र स्थापना सम्बन्धमा विस्तृत रूपमा छलफल गर्ने र कार्यान्वयनको प्रकृयामा अगाडि बढाउने कार्यक्रम रहेको छ । यति मात्र नभएर सहकारी विभागले आफ्नो भिजन पेपर पनि तयार गरिहेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पेश गरिसकेको छ । यस विषयमा मन्त्रलयलगायत सरोकारवालाहरू सबै सरोकारवालाहरूसँग आवश्यक छलफल गरेर २०७९ को साउन महिनामा कर्जा सूचना केन्द्र जारी गर्ने योजनामा छौं ।


**संघीय सहकारी बिभागले सहकारी संघ/संस्थाहरूको अनुगमनको पाटोलाई कसरी संबोधन गरिरहेको छ ?**

सहकारी विभागमा म बहाली भएको भरखरै सय दिन भएको छ । यस बीचमा नीतिगत र व्यवस्थापकीय दृष्टिले कामहरू भइरहेका छन् । अहिले पनि सहकारी विभागका अधिकृत र सहायक कर्मचारीहरू विभिन्न सहकारी संघ/संस्थाहरूको अनुमनमा खटिरहनु भएको छ । उहाँहरूले दिएको प्रतिवेदनका आधारमा सम्बन्धित सहकारी संघ/संस्थाहरूलाई निर्देशन दिने कार्य हुँदै आइरहेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल राष्ट्र बैंक र सहकारी विभागलगायतका सरोकारवालाहरूको संयुक्त टोलीले सघन अनुगमन गर्ने कार्यक्रम अनुसार काम भइरहेको छ । यो काम २०७९ असार मसान्तसम्ममा सकिने छ ।

**सहकारी प्रवर्द्धन कोषमा जम्मा भएको रकम आजसम्म पनि किन वितरण गरिएन भन्ने ठूलो चासो देखिन्छ ?**

सहकारी विभागको रजिष्ट्रारको हैसियतमा भन्नुपर्दा सहकारी प्रवर्द्धन कोषमा हालसम्म करीब चार करोड रूपैयाँ जम्मा भएको छ । त्यो कोष भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहन्छ । त्यो कोषमा भएको रकम परिचालन हुनुपर्छ । त्यो परिचालन भयो भने राष्ट्रिय सहकारी महासंघ र केन्द्रीय सहकारी संघ र जिल्ला सहकारी संघहरू समेत स्वतः परिचालन हुन्छन् । उनीहरूका आ-आफ्ना कार्यक्रमहरू सञ्चालन गर्न सहज हुन्छ । सो कोष परिचालनका लागि मैले प्रस्ताव गरिसकेको छु र राष्ट्रिय सहकारी महासंघका पदाधिकारीहरू लगायतका सरोकारवालाहरू पनि सो कोष

गठन र परिचालन गर्ने सम्बन्धमा छलफल गर्नका लागि विभागीय मन्त्रीज्युसंग समय मांग भइरहेको अवस्था छ ।



**लामो संघर्षपछि सहकारी ऐन, २०७४ र सहकारी नियमावली,२०७५ मा किटान भएको प्रचलित करको दरमा ५० प्रतिशत बृद्धि भएर आएको छ । यसलाई ऐन अनुसार समायोजन गर्ने माग अभियानको छ । यसमा यहाँको धारणा के छ ?**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली,२०७५ मा कर सम्बन्धी भएको नीतिगत व्यवस्थालाई विस्थापन गरी आर्थिक विधेयक २०७९ मा नयाँ करको दर आएको छ । यसले मुख्य गरी सहकारीको जगेडा कोष र सदस्यले प्राप्त गर्ने लाभमा असर गर्ने देखिन्छ । आर्थिक विधेयक २०७९ मा सहकारी संघ/संस्थाहरूलाई निर्धारण गरिएको कर सम्बन्धी व्यवस्था राष्ट्रिय सहकारी महासंघ लगायतका सरोकारवाला सहकारीका नेतृत्वदायी निकायहरूलाई चित्त बुझेको छैन । यद्यपि अर्थ मन्त्रालयको राजश्व परामर्श सम्बन्धी कार्यदलमा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष स्वयम् सदस्य रहने व्यवस्था छ र त्यसमा उद्योग वाणिज्य महासंघको अध्यक्ष पनि सदस्य हुनुहुन्छ र अर्थ मन्त्रालयको प्रतिनिधि हुनुहुन्छ । यो उहाँहरूले गर्ने निर्णय हो । यसमा सहकारी विभागको संलग्नता कही पनि छैन । कर सम्बन्धी निर्णय अर्थ मन्त्रालयले मात्र गर्न सक्ने भएकाले महासंघ लगायतको सहकारी अभियानको उच्च नेतृत्वले अर्थ मन्त्रालयमै छलफल गर्नु सान्दर्भिक हुने देखिन्छ ।

**सरकारले सहकारीको पुँजीलाई उत्पादनमा लगानी गर्नुपर्छ भन्दै आइरहेको भए पनि त्यसमा जटिलता छ । त्यस्तै उत्पादनमा जाने सहकारी संघ/संस्थाहरूलाई सरकारले के के सुविधाहरू उपलब्ध गराउँछ ? त्यो स्पष्ट छैन । यस्तो अवस्थामा यो विषयलाई कसरी संबोधन गर्न सकिन्छ ?**


सहकारी विभागले हालै मात्र जारी गरेको ३५ बुँदे एकीकृत निर्देशिकामा ५० प्रतिशत लगानी गर्ने भनी उल्लेख गरेका छौं र सोही अनुरूप आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तब्यमा पनि आएको छ । यद्यपि कुन क्षेत्रमा भनेर स्पष्ट किटान गरेको अवस्था छैन र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संघ/संस्थाहरूले प्रत्यक्ष रूपमा उत्पादनमा लगानी गर्न पनि मिल्दैन । तर त्यस्ता संस्थाहरूले आफ्ना सदस्यहरूलाई लगानी गरेको ऋणको ५० प्रतिशतसम्म पुँजी उत्पादनका क्षेत्रमा जान सकोस् भन्ने सदासयता हो । अर्को कुरा बहुउद्देश्यीय लगायतका उत्पादनमा संलग्न सहकारी संघ/संस्थाहरूले भने त्यो काम आफैं गर्न सक्छन् । त्यसै वास्तविकतालाई मनन् गरेर नै सरकारले उत्पादनमा लगानी गर्न चाहने सहकारी संघ/संस्थाहरूलाई ऋणमा सहुलियत र प्रोत्साहन दिने हो । त्यसैले २० करोडसम्म पुँजीकृत भएका सहकारी संघ/संस्थाहरूले उत्पादनमा संलग्न भए भने त्यस्ता सहकारी संघ/संस्थाहरूलाई नेपाल सरकारले एक करोड रकम थपिदिने भन्ने प्रत्यक्ष व्यवस्था छ । आ.व.२०७९/०८० को बजेट कार्यान्वयनको सन्दर्भमा २०७९ साल जेष्ठ १९ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीज्युको अध्यक्षतामा बैठक बसेर गहन छलफल भइसकेको छ । कार्य विधि नभएको अवस्थामा कार्य विधि बनाउने र बजेटलाई शतप्रतिशत कार्यान्वयन गर्ने निर्णय भएको हुँदा यसलाई कार्यविधिबाट व्यवस्थित गर्दै जानुपर्छ । अर्को शब्दमा भन्नुपर्दा बजेट बक्तब्यमा विस्तृत व्याख्या गर्न नसकिने भएको हुँदा संकेतिक रूपमा सबै विषय वस्तुहरूलाई समेट्ने प्रयास भएको छ । बजेटको सफल कार्यान्वयनका लागि सरकार र सहकारी अभियान मिलेर संगसंगै अगाडि बढ्नुपर्छ ।

**अन्त्यमा सबैको चासो सहकारी संघ/संस्थाहरू सुशासनमा छ । सहकारी संघ/संस्थालाई कसरी मर्यादित बनाउने होला ?**

प्रथमतःसहकारी संघ/संस्थाहरूमा सुशासन कायम गर्नका लागि सहकारीका विश्वव्यापी ७ सिद्धान्त, मूल्य-मान्यता र प्रचलित ऐन/कानूनहरूको अक्षरस पालना गर्नु हो । जुन-जुन सहकारी संस्थाहरू विधिसम्मत रूपमा सञ्चालन भएका छन्, सदस्यहरूको सरसल्लाह एवं परामर्शमा चलेका छन् र सदस्य केन्द्रित कारोकार गरिरहेका छन् ती सो अनुरूप स्थापना भई सञ्चालनमा रहेका जुन-जुन सहकारी संघ/संस्थाहरूमा सञ्चालक र व्यवस्थापक हाबी भएको छैन, ती सहकारी संघ/संस्थाहरूमा स्वतः सुशासन कायम भएको हुन्छ । जहाँ सञ्चालक र व्यवस्थापक हाबी हुन्छ, त्यहाँ सुशासन कायम हुँदैन । सुशासन कायम गर्नका लागि सरकारी नियामक निकायमा कार्यरत जनशक्तिले क्याटलिष्टको भूमिका निर्वाह गर्नुपर्छ । सहकारी अभियानको नेतृत्वदायी निकायहरू सचेतना र सशक्तिकरणका कार्यक्रमहरू निरन्तर गरिरहनुपर्छ र सहकारी संघ/संस्थाहरूको नेतृत्वले पनि आफू कुन उद्देश्यले स्थापना भएको हो भन्ने कुरा राम्रोसंग हेक्का राखेर विधिसम्मत रूपमा सञ्चालन हुनुपर्छ ।

# सहकारीको प्रर्वधनमा सरकारका विभिन्न तहको भूमिका



डा. खिमलाल देवकोटा

### १. प्रारम्भिकः

संघीयता कार्यान्वयनका सन्दर्भमा मुलुक नयाँ युगमा प्रवेश गरेको छ । संविधानले परिकल्पना गरे अनुसार तीन तहका सरकारले कार्यआरम्भ गरिसकेका छन । लामो समयसम्म स्थानीय निकायको निर्वाचन नहुँदा स्थानीय स्तरमा राजनीतिक गतिविधि प्राय शून्य जस्तै थियो । भ्रस्टचारले जरो गाडेको थियो । वेलायतबाट प्रकाशन हुने द इकोनोमिस्ट पत्रिकाले नेपालको स्थानीय निकायमा ९० प्रतिशतसम्म भ्रष्टचार हुने गरेको समाचार केही वर्ष अगाडि छापेको थियो । अहिले स्थानीय तहमा ३५ हजार जनप्रतिनिधि निर्वाचित भएका छन । निर्वाचित जनप्रतिनिधिमा करिव ४१ प्रतिशत महिला छन । यसै गरी करिव १९ प्रतिशत दलित महिला छन । प्रदेश तथा संघीय संसदमा समेत महिलाको प्रतिनिधित्व एकतिहाई छ । संविधानले परिकल्पना गरेको समावेशिता पूर्ण रुपमा कार्यान्वयनमा आएको छ ।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि आएपछि अहिले गाँउ/टोल र शहर/वजारमा एक किसिमको विकासको लहर देखा परेको छ । सिंहदरवारको अधिकारको प्रयोग अव प्रदेश तहमा पनि शुरुभईसक्यो । केही समस्याका वावजुद प्रादेशिक सरकारलेपनि संविधानले दिएको अधिकार प्रयोग गर्दै छन । साँच्चिकै मुलुक संवैधानिक रुपमा राजनीतिक, आर्थिक, प्रशासनिकलगायतका क्षेत्रमा विकेन्द्रिकृत भईसकेको छ । वास्तवमा संविधानले परिकल्पना गरेको गणतन्त्र,संघीयता, लोकतन्त्र, समावेशिता, बालिग मताधिकार जस्ता आधारभूत सिद्धान्तलाई तीन तहकै चुनावले संस्थागत गरेको छ । मुलुक अव दिगो शान्ति, सुशासन, विकास र समृद्धिको दिशामा उन्मुख छ ।

संविधानले तीन खम्वे अर्थनीतिलाई आत्मसात गर्दै सहकारी क्षेत्रलाई महत्वपूर्ण आयामका रुपमा अंगिकार गरेको छ ।यस सन्दर्भमा सार्वजनिक, निजी र सहकारी क्षेत्रकोसहभागिता तथा विकास मार्फत समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भन्ने व्यवस्था संविधानमा छ । यसै गरी राज्यका नीति अन्तर्गतसंविधानले सहकारी

क्षेत्रलाई राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्नेभन्ने लक्ष्य समेत छ । वास्तवमा संविधानले सहकारी क्षेत्रलाई उच्च महत्व दिएको देखिन्छ । संविधानले सहकारीलाई प्रदेश र स्थानीय तहमा विकेन्द्रिकृत गरेको छ । प्रदेशलाई प्रदत २१ वटा एकल अधिकारमा सहकारीलाई दोस्रो नम्वरमा राखिएको छ । यसै गरी स्थानीय तहका लागि प्रदत २२ वटा एकल अधिकारमा प्रदेशकै जस्तो गरी सहकारीलाई दोस्रो नम्वरमै राखिएको छ । सहकारीका सम्वन्धमा संविधानत संघको भूमिका अव नियमनका रूपमा रहने छ ।

वि.स २०१३ साल चैत्र २० गते चितवनमा बखानपुर सहकारी ऋण समितिको स्थापना भएपछि शुरूवात भएको नेपालको सहकारी अभियानको ६१ वर्षको अवधिमा करिव ३० हजार सहकारी संस्थामा ७३ लाख भन्दा वढी नागरिक प्रत्यक्ष/परोक्ष रूपमा संलग्न छन । यति धेरै नागरिक सम्वभत कुनै पनि क्षेत्रमा संलग्न छैनन । हाल नेपालका सहकारीको कुल कारोवार रु १० खर्व बढी अरव छ । वास्तवमा सहकारीले समेटने क्षेत्र व्यापक छ । यसका वहुआयामिक फाईदा तथा प्रभाव छन । निश्चय पनि सहकारी अभियानले मुलुकको सामाजिक आर्थिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन ।

पन्ध्रौ योजनाले सहकारिताको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सहकारितामा आधारित उत्पादन, उधम र सेवा व्यवसायको विकास र विस्तार गर्ने उद्धेश्य लिएको छ । यसको लक्ष्य सामाजिक शशक्तिकरण र आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउनु हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मानदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्ने लगायतका अधिकारहरु स्थानीय तहलाई दिईएको छ । यसै सन्दर्भमा संविधानको भावना अनुसार सहकारी ऐन, २०७४ कार्यान्वयनमा आएको छ । यस ऐनले सहकारीतालाई फराकिलो अवसर दिएको छ । ऐन अनुसार जुनसुकै तहका सरकारले सहकारीतालाई प्रोत्साहन गर्दै मुलुकको दिगो विकासमा हातेमालो गर्न सक्छन । पछिल्लो पटक सरकारले मन्त्रालयको संख्यामा उल्लेखनीय रूपले कटौती गर्दा पनि सहकारीको मर्मलाई उच्च महत्व दिएको छ । सीमित घेरामा रहेको सहकारी मन्त्रालयमा भूमि व्यवस्थालाई समेत जोडीवृहत खालको भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय वनाएको छ । यसै सन्दर्भमा सहकारीको प्रवर्द्धनमा सरकारका विभिन्न तहको भूमिका लगायतका विषयसँग सम्वन्धित यस लेखले सहकारीको सिद्धान्त र प्रयोगलाई समेत जोड दिइएको छ ।

## २.सहकारीको सिद्धान्त र विकासक्रम:

'Co-operative'zAbLatin Word 'Co-oprari'बाट आएको हो । यसको अर्थ Co-सबै/सँगै र Operari–काम/प्रयास भन्ने हो । तसर्थ सहकारीको अर्थ कुनै साझा आर्थिक तथा सामाजिक उद्देश्य प्राप्तिका लागि स्वस्फूर्त रूपमा आफ्नै मन, वचन, कर्म र धनको प्रयोग गरी आफ्नै समूहमा आर्थिक, सामाजिक र नैतिक उन्नति र प्रगति गर्नका लागि एउटै समूहमा बसेर काम गर्नु हो ।

सहकारीको जन्म हुनुमा बेलायती नागरिक रर्बट ओवेन(Robert Owen)को महत्वपूर्ण भूमिका छ । आयरलैण्डमा जन्मेका रर्वट ओवेन प्रसिद्ध क्रान्तिकारी, सफल उद्योगपति र सहकारी अभियानका प्रेरक थिए । तत्कालिन समयमा विद्यमान वेलायतको गरिबी, बेरोजगारी, भोकमरी र विभेदीकरण जस्ता समस्याबाट मुक्ति पाउन, आर्थिक, सामाजिक तथा नैतिक परिवर्तन गर्न उनी सहकारीको संघर्षमा लाग्ने अठोट गरे । उनकै प्रेरणाबाट बेलायतका रोचडेली पायोनियर(Rochdale Pioneers) हरूले सन् १८४४ मा रोजडेली इक्विटेवल पायनियर सहकारी संस्था(Rochdale equitable pioneers co-operative society)स्थापना गरे ।

रोचडेलीहरूका अनुसार विभिन्न व्यवसायहरूमा फैंलदै गएको मध्यस्थकर्ताको दबदवालाई विना संघर्ष अन्त्यगरी प्रत्यक्षरूपमा वास्तविक उत्पादक र उपभोक्ताबिच पारस्परिक सम्बन्ध अभिवृद्धि गर्दै आफ्नो क्षमता अनुसार आफै काम गरी त्यसको लाभ आफ्नै समुहमा वितरण हुने गरी एकजुट हुनुलाई नै सहकारी भनिन्छ । वास्तवमा सहकारीले सामुहिक सहकार्यको मान्यतामा विश्वास गर्दछ । सामुहिक रूपमा साधन तथा स्रोतहरूलाई अधिकतम प्रयोग गरी सामुहिक सद्‌भाव र सहयोग अभिवृद्धि गर्नु सहकारीको मूल मन्त्र हो ।

सहकारीको जन्म हुनुमा वेलायतको औधोगिक क्रान्तिनै प्रमुख कारण हो । सन् १७५०-१८५० सम्ममा भएको बेलायतको औद्योगिक क्रान्तिले श्रमिक प्रविधिलाई मेसिनरी प्रविधिले विस्थापित गरायो । उद्योग, कृषि लगायतका हरेक क्षेत्रमा मेसिनको प्रयोग बढन थाल्यो । फलस्वरूप श्रमिकहरु बेरोजगार हुन थाले । कृषि श्रमिकमा पनि यस्तै प्रभाव हुनथाल्यो । सिमान्तकृतहरु गरिवी तथा अभावमा पिल्सिन थाले । ठूलो जनमानस बेरोजगारी र गरिवीको कुचक्रमा भासिन थालेको अवस्थामा बेलायतमा सन् १८०८-१८३० सम्म मेसिन विरोधी आन्दोलन नै भयो । यस्तो अवस्थामा रर्वट ओवेनले मेसिनको विरोध भन्दा पनि विकल्प खोज्नु पर्ने बाटोको रूपमा सहकारी स्थापना गरी व्याप्त गरिबी, अभाव र बेरोजगारी जस्ता भयानक आर्थिक तथा सामाजिक समस्याहरूलाई समाधान गर्ने उपयुक्त विकल्प सहकारी हो भनेर प्रमाणित गरिदिए । त्यसैले आज विश्वका सम्पूर्ण सहकारीहरु रोजडेली सहकारीलाई प्रेरणाको स्रोत मान्छन् । सन् १८४४ मा बेलायतमा स्थापना भएको रोजडेली पायोनियर सहकारीले कानुनी मान्यता पाएको थिएन । तत्कालिन बेलायतका उद्योगपति तथा व्यापारीहरूले सहकारीलाई तहसनहस बनाउन विधुत आपूर्ति बन्द गरीदिने गरेको तथ्य फेला परेको छ तर सहकारीमा जुटेका मजदूरहरु मैनबत्ती बालेरै भएपनि सहकारीको भावनालाई मूर्त रूप दिन सहकारीका सदस्यहरूले रातको समयमा पाउरोटी बनाउने काम गर्दथे । यो संघर्ष सन् १८५२ मा बेलायतमा पहिलो सहकारी कानुन बनेपछि मात्र सफल भयो ।

सहकारीको उत्पत्ति र विकास विभिन्न आर्थिक, सामाजिक, दैनिक संकट परेको बेला संकटमोचनका लागि प्रतिपादित भएको हो । पछि यसले सिद्धान्तको रूप लियो । सन् १८५० को दशकमा जर्मनीका यहुदी व्यापारी तथा उद्योगपतिहरूबाट शोषित भई ऋणमा डुबेका जनताहरु ऋणको भारबाट मुक्त भई स्वतन्त्र र स्वाभिमानपूर्वक बाँच्नका लागि सहकारीको अभियान सुरु गरे । भारतमा सन् १८९० को दशकमा देखा परेको सुख्खा, खडेरी, भुकमरी, बेरोजगारी र गरिवीबाट मुक्ति पाउनका लागि सहकारीको आवश्यकताको महसुस गरियो । विशेष गरी ब्रिटिश साम्राज्यबादबाट स्वतन्त्र (१९४७) पछि भारतमा सहकारीको व्यापक विकास भएको छ । भारतका अधिकांश चिनीमिलहरु सहकारी संस्थाबाट संचालित छन् । चिनका सुधारवादी नेता सनयात्सेनले सन् १९१२ मा सहकारी आन्दोलनको सुत्रपात गरे । दोस्रो विश्वयुद्ध पछि विश्वका धेरै जसो राष्ट्रमा सहकारीको तिब्र रूपमा विकास भएको पाइन्छ ।

नेपालको सन्दर्भमा विसं २०१३ चैत्र २० गते चितवन जिल्लाको बखान ऋण सहकारी समितिको स्थापनाबाट सहकारीको शुरूवात भएको देखिन्छ । जुन बेलायतको पहिलो सहकारी स्थापनाको एक सय १२ वर्षपछि नेपालमा सहकारीले प्रवेश पाएको देखिन्छ ।

सहकारीको परिभाषाका सवालमा संयुक्त अमेरिका कृषि विभागको परिभाषा उत्कृष्ट भनिन्छ । विभागका अनुसार स्वस्फूर्त रूपमा संगठित र नियन्त्रित भई कुनै पनि व्यवसायिक संमृद्धि हासिल गरी त्यसको लाभ समुहमै समान रूपमा वितरण गरिने व्यवसाय नै सहकारी हो [United States Department of Agriculture (USDA), 1987] । सहकारी पद्धति अनुशासित र मर्यादित ढंगले आफ्ना मूल्य, मान्यता र सिद्धान्त अनुसार सञ्चालन हुने हुनाले यसका अवश्यकता र महत्व विश्वव्यापी बन्न पुग्यो ।

विश्वव्यापी रूपमा फैलदै गएको सहकारी क्षेत्रमा अन्तर्राष्ट्रिय

सहकारी महासंघको (International Co-operative Alliance) सन् १९९५ मा बेलायतको मेनचेस्टरमा भएको सतवार्षिकी समारोहले सहकारीको परिभाषालाई केही परिमार्जन गऱ्यो । ICA 1995 का अनुसार सहकारी सँयुक्त स्वामित्व र लोकतान्त्रिक नियन्त्रणयुक्त व्यवसाय मार्फत साझा आर्थिक, समाजिक, नैतिक, सांस्कृतिक आवश्यकता पुर्ति गर्ने स्वच्छिक रूपमा संगठीत भएका व्यक्तिहरूको सामुहिक स्वायत्त संस्था हो ।'

रोजडेली पायोनियरहरु अत्यन्तै महत्वकांक्षी र विशिष्ट उद्देश्यबाट प्रेरित थिए । उनीहरूले सहकारीको माध्यमबाट सदस्यहरूलाई घर खरिद गर्ने, आवश्यक वस्तुहरु आफै उत्पादन गर्ने, आफ्नै मेहेनतबाट आफै रोजगार बन्ने र उचित पारिश्रमिकको व्यवस्था गर्ने जस्ता उत्कृष्ट लक्ष्य लिएर सहकारीको स्थापना गरे । पछि गएर रोजडेली पायेनियरको सहकारी एउटा विशिष्ट संगठनको रूपमा खडा भयो । अहिले संसारभरि विस्तारित सहकारीहरु रोजडेली पायोनियरका सन्तती हुन् ।

सहकारी संस्था स्वावलम्बन, स्वउत्तरदायित्व, समानता र स्वतन्त्र तथा लोकतान्त्रिक मान्यतामा आधारित हुन्छ । नैतिकता, पारदार्शिता, जवाफदेहिता र लोककल्याणकारी मान्यता नै सहकारीका मुलभूत विशेषता हुन् । कुनै पनि धर्म, वर्ण, जात-जाति, लिंग, समाज र राजनितिको समेत प्रवाह नगरी स्वचालित रूपमा संगठित भई सामुहिक सद्भाव र सहयोग अभिवृद्धि गर्नु सहकारीको सिद्धान्त भित्र पर्दछ । सन् १९९५ मा बेलायतमा भएको अन्तर्राष्ट्रिय सहकारी महासंघ (International Cooperative Alliance 1995)को महासभाबाट सहकारीका सात सिद्धान्त तय गरेको छ ( कोष्ठ १) ।

**कोष्ठ १ : सहकारीका सात सिद्धान्त**

**१. खुल्ला तथा स्वैच्छिक सदस्यता**

(Voluntary and open membership):

सहकारीको सदस्य बन्नका लागि कुनै पनि धर्म, वर्ग, लिंग, जातजाति भाषा र राजनीतिले कुनै महत्व राख्दैन अर्थात सामुहिक उत्तरदायित्व बहन गर्न सक्ने जो कोही पनि सहकारीको सदस्य बन्न सक्दछ ।

**२. सदस्यहरूको प्रजातान्त्रिक नियन्त्रण**

(Democratic Member Control) :

सहकारीका सदस्यहरु विभिन्न विषय र क्षेत्रहरूमा बराबर हिस्सेदार हुन्छन् । सम्पूर्ण सदस्यहरु नीतिगत रूपमा सार्वभौम रहन्छन् ।

**३. सदस्यहरूको आर्थिक सहभागिता**

(Member economic participation):

सहकारीको पूँजीमाथि सम्पूर्ण सदस्यहरूको प्रजातान्त्रिक अनुगमन तथा नियन्त्रण रहन्छ ।

**४. स्वयत्तता र स्वतन्त्रता**

(Autonomy and Independence):

सहकारी स्वायत्त तथा स्वाबलम्बी रूपमा स्वतन्त्र रूपले परिचालित हुन्छ । कुनै संघ, संगठन, नियम वा सरकारी नियन्त्रण सहकारीको मान्यता विपरीत हुन जान्छ ।

५. शिक्षा तालिम र सूचना

(Education, Training and information):

सहकारी संस्थाको सम्पूर्ण सदस्यहरूलाई आवश्यक शिक्षा, तालिम र सूचना दिई सहकारीलाई सक्षम बनाउनु पर्दछ ।

**६. सहकारीहरू विच पारस्पारिक सहयोग**

(Co-operation among co-operatives) :

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी सञ्जालबिच पारस्परिक सद्भाव र प्रभावकारी सहयोग आदान प्रदान हुनुपर्दछ ।

**७. समुदाय प्रति चासो**

(Concern for Community):

समुदाय र सदस्यहरूको हितलाई मध्यनजर ठानेर शिक्षा स्वास्थ्य, वातावरण, पर्यावरण जस्ता विषयमा निरन्तर र दीगो विकास हुनेगरी प्रत्येक सहकारी समुदायसँग उत्तरदायी हुनु पर्दछ ।

## ३. सहकारीमा आवद्धता र रोजगारी

विश्वमा बढ्दै गएको गरिवी तथा बेरोजगारी जस्ता समस्याहरूलाई केही हदसम्म भएपनि सहकारी आन्दोलनले न्यूनगरेको छ । अतिकम विकसित तथा अल्पविकसित राष्ट्मा मात्र हैन अमेरीका, जापान, बेलायत जस्ता सम्पन्नशाली राष्ट्रहरूमा समेत सहकारीको योगदान उच्च छ । सहकारीका क्षेत्रमा विश्वभर२५ करोडमानिसहरूले प्रत्यक्ष रोजगारी पाएका छन । यसै गरी जी २० मुलुकको कुल रोजगारी संख्यामा सहकारीको योगदान १२ प्रतिशत छ । यसै गरी अहिले संसारभरि ३० लाख सहकारी छन । ६ जना मानिसमा एक जना सहकारीमा आवद्ध छन । संसारभरिको कुल रोजगारीमा सहकारीको योगदान १० प्रतिशत छ ।सहकारीले करिव २.१ खर्व डलर उत्पादन गरेको छ । विश्वका विभिन्न देशमा सहकारी सहभागिता कोष्ठ २मा छ ।

कोष्ठ २ : सहकारीमा आवद्धता
नर्वे,क्यानडा र होण्डरस-तीन जनामा एकजना मानिस
जर्मनी र अमेरिका -चार जनामा एक जना मानिस
चीनमा-१९ करोड जनता
बेलायत -९८ लाख जनता
ब्राजील -५६ लाख जनता
आयरल्याण्ड- कूल जनसंख्याको ७० प्रतिशत जनता
फिनल्याण्ड -कूल जनसंख्याको ६० प्रतिशत जनता
अष्ट्रिया -कूल जनसंख्याको ५९ प्रतिशत जनता
सिङ्गापुर -कूल जनसंख्याको ५० प्रतिशत जनता
भारत- २४ करोड २० लाख जनता,
अमेरीका- ३५ करोड जनता, र
संसारमा -एक अर्व मानिस ।
स्रोतः Global Business ownership 2012 and https://ica.coop/

विश्व अर्थतन्त्रमा सहकारीले लगभग एक अर्व मानिसहरूलाई संगठित गराएको छ । विशेषगरी कृषि सहकारी, विद्युत सहकारी, उद्योग, बाणिज्य र वचत तथा ऋण सहकारीको क्षेत्रमा ठूलो समुदायले रोजगारी पाएका छन ।

क्यानडाकै क्युवेक प्रान्तमा लगभग ७० प्रतिशत र सस्केचवान प्रान्तमा ५७ प्रतिशत मानिसहरु सहकारीका सदस्य छन् । ब्राजिलमा स्वास्थ्य सहकारी Health Cooperatives ले करिव दुई करोड मानिसलाई मेडिकल र डेन्टल सुविधा पुऱ्याएका छन् । यसै गरी फ्रान्समा २१ हजार सहकारी संस्थाहरूले १० लाख मानिसलाई प्रत्यक्ष रोजगारी दिएका छन् । जापानमा कूल कृषक मध्ये ९१ प्रतिशत कृषकहरु कृषि सहकारी संस्थाको सदस्य छन् । नर्वेमा लगभग ४० प्रतिशत मानिस सहकारीका सदस्य छन् । सहकारीको उद्गम भएको देश बेलायतमा एक करोड २८ लाख मानिसहरु सहकारीमा आवद्ध छन् । जापानको Consumer Cooperative Kobe संसारकै सबैभन्दा ठूलो सहकारी हो जसमा १५ लाख सदस्यहरु छन् ।

अन्तर्राष्ट्रिय सहकारी महासंघको तथ्याङ्क अनुसार केही देशहरूमा रोजगारीको अवस्था तालिका १ माछ ।

| तालिका १ : केही देशहरुको रोजगारीको अवस्था | |
|---|---|
| राष्ट्रहरु | रोजगारीको अवस्था |
| अमेरीका | २० लाख |
| फ्रान्स | १० लाख |
| इटाली | ११ लाख |
| ब्राजिल | २ लाख ७४ हजार |
| अर्जेन्टिना | २ लाख ९० हजार |
| इन्डोनेसिया | ३ लाख |
| Source: ICA (2014) Co-operative facts and figures. | |

नेपालको सन्दर्भमा राष्ट्रिय सहकारी महासंघका अनुसार सहकारिता क्षेत्रमा ५१ प्रतिशत महिलाहरुको सहभागिता छ भने ७३ लाख ५ हजार ५८१ व्यक्तिहरुको आवद्धता रहेको छ । प्रत्यक्ष रुपमा करिव ९१ हजार व्यक्तिले रोजगारी प्राप्त गरेको र अप्रत्यक्ष रुपमा करिव १० लाख व्यक्तिले सहकारी क्षेत्रबाट रोजगारी प्राप्त गरेको अनुमान गरिएको छ । सहकारी क्षेत्रले पूँजी निर्माण, सामाजिक एकीकरण, नेतृत्व विकास, लैंगिक समानता, उद्यमशिलताको विकासका साथै गरीवी न्यूनीकरणमा उल्लेख्य योगदान पुऱ्याउदै आएको छ ।

## ४. नेपालमा सहकारीको विकासक्रम र तीन खम्वे अर्थनीति:

नेपालमा आधुनिक सहकारीको इतिहास धेरै पुरानो नभए पनि सहकारिताको शुरुवात भने प्राचिनकालदेखि नै भएको मानिन्छ । वि.सं. २००७ सालमा जहानियां राणा शासनको अन्त्यपछि वि.सं. २०१० सालमा सहकारी विभागको गठन भएको हो भने व्यवसायिक र संगठित शुरुवात भने २०१३ चैत्र २० गते चितवन जिल्लाको बखान ऋण सहकारी समितिको स्थापनाबाट भएको देखिन्छ । जुन बेलायतको पहिलो सहकारी स्थापनाको एक सय १२ वर्षपछि नेपालमा सहकारीले प्रवेश पाएको देखिन्छ । २०१६ सालमा पहिलो पटक सहकारी संस्था ऐन २०१६ जारी भएको थियो । ३० वर्षे पञ्चायत कालमा सहकारीलाई साझा नामाकरण गरी राज्यबाट नियन्त्रित र निर्देशित गरियो । २०२० सालमा सहकारी बैंक, साझा प्रकासन, साझा यातायात , साझा स्वास्थ्य सेवा र साझा भण्डारको स्थापना भयो । सहकारी बैंकलाई २०२४ सालमा कृषि विकास बैंकमा परिणत गरियो ।

२०३३ सालमा ग्रामिण विकासका लागि साझा कार्यक्रम अन्तर्गत ३० जिल्लाहरुमा प्रत्येक गाउँ पञ्चायतमा बहुउद्देश्यीय सहकारी संस्थाहरुको स्थापना भयो । २०३८ सालमा तराईको २० जिल्लामा सघन साझा कार्यक्रम संचालन भयो । २०४१ सालमा साझा संस्था ऐन तथा २०४३ सालमा साझा नियमावली जारी गरियो । २०४६ सालको राजनीतिक परिवर्तन भई बहुदलीय व्यवस्थाको पुर्नस्थापना भए पश्चात २०४७ सालमा सरकारले राधाकृष्ण मैनालीको अध्यक्षतामा राष्ट्रिय सहकारी महासंघ परामर्श समितिको गठन गऱ्यो र सो समितिले २०४७ साल कार्तिक ३० गते प्रतिवेदन सरकारलाई बुझायो । २०४९ जेष्ठ २ मा साझा संस्था ऐन २०४१ खारेज गरी सहकारी ऐन २०४८ लागु भयो । यसै गरी साझा संस्था नियमहरु २०४३ खारेज गरी सहकारी नियमावली २०४९ लागु भयो । २०१८ साल श्रावण २३ गते गठित साझालाई २०४८ भाद्र १५ मा विघटन भयो । त्यसको दुई महिना पछि २०४८ कार्तिक २१मा राष्ट्रिय सहकारी विकास बोर्ड वनाईयो । जुन साझाको रुपान्तरित नामकरण थियो ।

सहकारी ऐन, २०४८ जारी भए पछि सहकारी अभियानको शीर्षस्थ निकायका रुपमा राष्ट्रिय सहकारी संघ जुन अहिले महासंघमा रुपान्तरण भएको छ, केन्द्रीय उपभोक्ता सहकारीसंघ, केन्द्रीय बचत तथा ऋण सहकारी संघ, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ लगायतका १९ वटा केन्द्रीय स्तरमा संघहरु सहित राष्टिय सहकारी बैंक गठन भइ संचालनमा आएका छन । २०५६ सालमा सहकारी क्षेत्रको संरचनात्मक सुधारका लागि सहकारी क्षेत्र संरचनात्मक सुधार समिति २०५६ को गठन भयो । सरकारले २०५७ असोज ३० गते सहकारीको दीर्घकालिन दूरदृष्टि तयार गरी पेश गर्न ८ सदस्यीय कार्यदल गठन गरेको थियो । सहकारी आन्दोलनको व्यापकतालाई दृष्टिगत गरी २०५७ चैत्रमा कृषि मन्त्रालयको नामाकरण कृषि तथा सहकारी मन्त्रालय गरियो । पहिलोपटक सहकारी शव्दले तत्कालिन नेपालको अन्तरिम संविधान २०६३ मा संवैधानिक हैसियत प्राप्त गरयो । यस संविधानको धारा ३५ (२) मा नेपालको अर्थतन्त्रको विकासमा सरकारी, सहकारी र निजी क्षेत्रको परिचालनलाई आधार बनाउने भन्ने उल्लेख छ । यसरी सहकारी क्षेत्र तिन खम्बे अर्थनीति मध्ये महत्वपूर्ण एक खम्बाको रुपमा रहयो । संघीय संविधानमा पनि सहकारीलाई तीन खम्वे अर्थनीतिकै रुपमा निरन्तरता दिई उच्च महत्व दिईएको छ । संविधानको आर्थिक उद्धेश्य अन्तर्गत भनिएको छसार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ । संविधानको राज्यको नीतिमा पनि सहकारीको भूमिकालाई उच्च महत्व दिईएको छ । संविधानले सहकारीलाई प्रदेश र स्थानीय तहमा विकेन्द्रिकृत गरेको छ ।

सरकारका साविक आवधिक योजना तथा वार्षिक बजेटमा सहकारीलाई महत्व दिईएको छ । २०६९ साल जेष्ठमा छुट्टै सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन भयो । यसै वर्ष राष्ट्रिय सहकारी नीति, २०६९ जारी समेत भयो । राष्टिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, नेपालकृषि सहकारी केन्द्रीय संघ लिमिटेड, नेपाल वहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लिमिटेडले विश्व सहकारीको छाता संगठन अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता पाएका छन् । यसै गरी राष्टिय सहकारी विकास वोर्डले अन्तर्राष्टिय सहकारी महासंघको एशोशिएट सदस्यता प्राप्त गरेको छ । परिवर्तित सन्र्दभमा सहकारी ऐन २०४८ लाई खारेज गरी संघीय संविधानको भावना अनुसार सहकारी ऐन, २०७४ वनाईयो ।

यस ऐनमा स्थानीय तहसम्म कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरु सम्बन्धित स्थानीय तहबाट र एक स्थानीय तहभन्दा बढी प्रदेशसम्मको कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरु प्रदेश सरकारले गाउँ वा नगर सभा वा प्रदेश सभाद्वारा निर्णय गरी कार्यान्वयन गराउने भन्ने व्यवस्था छ । संघीय संविधानले सहकारीलाई मुलुकको अर्थतन्त्र विकासको प्रमुख आयामका रुपमा स्वीकार गरेको छ । संविधानको राज्यको नीति अन्तर्गत सहकारीलाई जोड दिदै भनिएको छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने । यसै गरी निर्देशक सिद्धान्त अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्धारा समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भन्ने लगायतको व्यवस्था संविधानमा छ ।यस व्यवस्थाले संविधानले तीन खम्वे अर्थनीतिलाई आत्मसात गर्दै सहकारी क्षेत्रलाई महत्वपूर्ण खम्वाको रुपमा स्वीकारेको देखिन्छ ।

## ५. सहकारीको कार्यविस्तृतीकरण र स्थानीय सरकार सञ्चालन ऐन:

संविधानले सहकारीलाई तीन तहका सरकार विच वाँडफाँड गरेको छ । संविधानको अनुसूचि ५,६ र ८ एकल अधिकारसँग सम्वन्धित छ । यी अनुसूचिहरु क्रमश संघ, प्रदेश र स्थानीय तहसँग सम्वन्धित छन । संघको एकल अधिकार अन्तर्गत रहेको अनुसूचि ५ को २८ औ नम्वरमा सहकारी नियमन भन्ने व्यवस्था छ ( तालिका..) । यसै गरी प्रदेश र स्थानीय तहको एकल अधिकारमा सहकारी संस्था/ सहकारी संस्था छ । संघ र प्रदेश अनि संघ,प्रदेश र स्थानीयतहको साझा सूचिमा पनि सहकारी शव्दावली छ । सरकारका सवै तहमा सहकारी राख्नाले अधिकारक्षेत्रमा विवाद नहोस भन्नका लागि प्रधानमंत्री कार्यालयले कार्यविस्तृतीकरण गरेको छ । यस कार्याविस्तृतीकरण अनुसार संघ, प्रदेश र स्थानीय तहका जिम्मेवारीहरु तालिका २मा छ ।

तालिका २ : सहकारी सम्वन्धि विभिन्न सरकारको अधिकार क्षेत्र

| एकल | | | साझा | |
|---|---|---|---|---|
| संघ (अनुसूचि ५) | प्रदेश (अनुसूचि ६) | स्थानीय (अनुसूचि ८) | संघ र प्रदेश (अनुसूचि ७) | संघ,प्रदेश र स्थानीय (अनुसूचि ९) |
| सहकारी नियमन(२८) | सहकारी संस्था (२) | सहकारी संस्था (२) | सहकारी (७) | सहकारी (१) |

श्रोत : नेपालको संविधान ।

कार्याविस्तृतीकरणले सहकारी सम्वन्धमा कुन सरकारले के काम गर्ने हो भन्ने विषयलाई स्पष्ट पार्न खोजेको छ । जस्तो संघले सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानुन, मानदण्ड र नियमन, राष्ट्रियस्तरमा स्थापना हुने सहकारी बैङ्कको अनुमति र नियमन, सहकारीसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग समन्वय र सहकार्य, सहकारीसम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन र अध्ययन, अनुसन्धान, आदि गर्ने छ भने प्रदेश तहले .सहकारी संस्थासम्बन्धी प्रादेशिक नीति, कानुन, मानदण्ड, कार्यान्वयन र नियमन, प्रादेशिक सहकारी संस्था, सहकारी सङ्घ, सहकारी बैङ्कसम्बन्धी अनुमति, सञ्चालन र नियमन, सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी प्रादेशिक मानदण्ड र नियमन, सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत र अन्तरप्रादेशिक सङ्घसंस्थासँग समन्वय र सहकार्य, आदि गर्नेछ । यसै गरी स्थानीय तहले सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुन, मानदण्ड, कार्यान्वयन र नियमन, स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी स्थानीय मानदण्ड, नियमन, सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय सङ्घसंस्थासँग समन्वय र सहकार्य, सहकारीसम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन, अनुसन्धान, आदि गर्ने छ । सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारहरूको कार्य विस्तृतीकरण तालिका ३ मा छ ।

तालिका ३: सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारहरूको कार्य विस्तृतीकरण

| संघ( सहकारी नियमन ) | प्रदेश ( सहकारी संस्था) | स्थानीय ( सहकारी संस्था) |
|---|---|---|
| १. सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानुन, मानदण्ड र नियमन<br>२ राष्ट्रियस्तरमा स्थापना हुने सहकारी बैङ्कको अनुमति र नियमन<br>३ सहकारीसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग समन्वय र सहकार्य<br>४ सहकारीसम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन र अध्ययन, अनुसन्धान<br>५ सहकारीसम्बन्धी राष्ट्रिय तथा केन्द्रीय विषयगत सङ्घसंस्थासँग सम्बन्ध र सहकार्य<br>६ अन्तरप्रादेशिक सहकारी समन्वय<br>७ सहकारीसम्बन्धी क्षमता अभिवृद्धि<br>८ सहकारी क्षेत्रको प्रवर्धन र परिचालन<br>९ बचत तथा ऋण परिचालनसम्बन्धी मानदण्ड र नियमन | १.सहकारी संस्थासम्बन्धी प्रादेशिक नीति, कानुन, मानदण्ड, कार्यान्वयन र नियमन<br>२.प्रादेशिक सहकारी संस्था, सहकारी सङ्घ सहकारी बैङ्कसम्बन्धी अनुमति, सञ्चालन र नियमन<br>३.सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी प्रादेशिक मानदण्ड र नियमन<br>४ सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत र अन्तरप्रादेशिक सङ्घसंस्थासँग समन्वय र सहकार्य<br>५.सहकारी सम्वन्धि प्रादेशिक एवं स्थानीय तह भित्रका संघसंस्थासँग समन्वय र सहकार्य<br>६ सहकारीसम्बन्धी प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन, अनुसन्धान<br>७ सहकारीसम्बन्धी क्षमता अभिवृद्धि<br>८ सहकारी क्षेत्रको प्रवर्धन र परिचालन | १. सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुन, मानदण्ड, कार्यान्वयन र नियमन<br>२ स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन<br>३ सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी स्थानीय मानदण्ड, नियमन<br>४ सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय सङ्घसंस्थासँग समन्वय र सहकार्य<br>५ सहकारीसम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन, अनुसन्धान<br>६ स्थानीय सहकारीसम्बन्धी क्षमता अभिवृद्धि<br>७ स्थानीय सहकारी क्षेत्रको प्रवर्धन र परिचालन<br>८ सहकारी संस्थाको प्रवर्धन र विकास<br>श्रोत : नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ उल्खिखित सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारहरूको कार्य विस्तृतीकरण सम्वन्धि प्रतिवेदन, २०७३ । |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सहकारी सम्वन्धि व्यवस्थामा कार्यविस्तृतीकरण प्रतिवेदनलाई नै आधार मानीएको छ । यस ऐनमा भएको व्यवस्था कोष्ठ ३मा छ ।

| |
|---|
| कोष्ठ ३ : सहकारी सम्वन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था |
| १. सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुन, मानदण्डको निर्माण, कार्यान्वयन र नियमन, |
| २. सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन |
| ३. सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन, |
| ४. सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य, |
| ५. सहकारीसम्बन्धी स्थानीय तथ्या व्यवस्थापन र अध्ययन, अनुसन्धान |
| ६. स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि, |
| ७. स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास । |

## ६. सहकारी ऐन, २०७४ र सहकारी नियमन क्षेत्राधिकार

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप देशका कृषक, कालीगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माफ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वसाशित सँगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्न नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दीगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी ऐन २०७४ जारी गरिएको प्रस्तावनामा उल्लेख छ । यस ऐनको दफा १५० संघीयताको कार्यान्वयनका लागि अन्तरिम व्यवस्थासँग सम्वन्धित छ । यसको उपदफा १ मा भनिएको छ । ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश र स्थानीय तहको कानुन नबनेसम्म स्थानीय तहसम्म कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरु सम्बन्धित स्थानीय तहबाट र एक स्थानीय तहभन्दा बढी प्रदेशसम्मको कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरु प्रदेश सरकारले गाउँ वा नगर सभा वा प्रदेश सभाद्वारा निर्णय गरी यसै ऐनबमोजिम सम्पादन गर्ने व्यवस्था मिलाउन सक्नेछ । यसै गरी उपदफा २ अनुसार ऐनबमोजिम रजिष्ट्रारले प्रयोग गर्ने सम्पूर्ण अधिकारहरु स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले तोकेको अधिकारी र प्रदेशको हकमा प्रदेशको सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीले तथा मन्त्रालयको अधिकार स्थानीय तहको हकमा स्थानीय तहको कार्यपालिकाले र प्रदेशको हकमा प्रदेशको सम्बन्धित मन्त्रालयले प्रयोग गर्नेछन् । यस ऐन सहकारी क्षेत्रमा संविधानका भावनाहरु कार्यान्वयन गर्ने पूर्ण प्रतिवद्ध देखिन्छ । यस ऐनको दफा २३ ले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सहकारी संस्था दर्ता र संचालन हुनुपर्ने व्यवस्था गरेको छ । संविधानको अधिकारहरूको कार्य विस्तृतीकरण र सहकारी ऐन अनुसार सहकारी नियमन क्षेत्राधिकार तालिका ४मा छ ।

तलिका ४ : सहकारी नियमन क्षेत्राधिकार

| संघ | प्रदेश | स्थानीय |
|---|---|---|
| क. संघीय क्षेत्राधिकारभित्र रहने केन्द्रिय सरकारबाट दर्ता हुने सबै किसिमका; | क. प्रादेशिक क्षेत्राधिकारभित्र रहने प्रदेश तहबाट दर्ता हुने सबै किसिमका; | क. स्थानीय तहबाट दर्ता हुने सबै किसिमका; |
| ख. एक प्रादेशिक तह भन्दा वढी कार्यक्षेत्र वनाई यसअघि दर्ता भएका सवै किसिमका | ख. एक स्थानीय तह भन्दा वढी कार्यक्षेत्र वनाई यसअघि दर्ता भएका सवै किसिमका, र | ख. स्थानीय तहमा कार्यक्षेत्र वनाई यसअघि दर्ता भएका सवै किसिमका, र |
| | ग. एक प्रादेशिक तहभन्दा बढी कार्यक्षेत्र कायम हुने गरी दर्ता भएका तर विभाजन, प्रादेशिकरण वा पुनर्गठनको प्रक्रियाबाट अब प्रदेश तहसम्म कार्यक्षेत्र कायम हुने सवै किसिमका । | ग. एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र कायम हुने गरी दर्ता भएका तर विभाजन, स्थानीयकरण वा पुनर्गठनको प्रक्रियाबाट अब स्थानीय तहसम्म कार्यक्षेत्र कायम हुने सवै किसिमका । |

## ७. सहकारीले सामाजिक आर्थिक रूपान्तरणमा ल्याएको प्रभाव

जापानमा उपभोक्ता सहकारी अन्यन्त ठूला र व्यवस्थित तरीकाले विकसित भई अन्तर्राष्ट्रिय रूपमा नमूना बनेका छन् । यहाँको उपभोक्ता सहकारी युनियनविश्वको सबैभन्दा ठूलो सहकारी युनियन हो । जसमा लगभग दुई करोड ८० लाख जापानीजहरु सदस्य छन् । जापनिज उपभोक्ता सहकारीले मुख्य रूपमा खुद्रा व्यापार, विमा, कृषि र स्वास्थ्य सेवामा ठूलो योगदान गरेका छन् । यस युनियनमा कूल सदस्य संख्याको ९५ प्रतिशत महिला रहेका छन् । जापानको सन् २०११ को महाभुकम्पको बेला यस सहकारीले क्षतिग्रस्त स्थानहरूमा तयारी खाना उपलब्ध गराई प्रशंसनीय काम गरेको थियो । अमेरीका जस्तो विशाल अर्थतन्त्रमा विद्युतीय सहकारीहरूले आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो योगदान गरेका छन् । अमेरिकाका कुल ५० राज्यमध्ये ४७ राज्यमा रहेका ९०० भन्दा वढी विद्युत सहकारी (electric cooperatives ले समग्र अमेरिकाको ७५ प्रतिशत भुमिमा चार करोड २० लाख मानिसहरूलाई electric service प्रदान गर्दछन् । देशको कूल विद्युत वितरण लाइनको ४२ प्रतिशत विद्युत सहकारीको योगदान छ । ४७ राज्यका चार करोड २० लाख जनताहरूलाई विद्युत सहकारीले व्यवसाय, आवास, स्कुल, चर्च, कृषि फर्म तथा सिंचाइ जस्ता क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउने गरेको छ । हरेक वर्ष अमेरिकामा उत्पादन हुने विधुतमा सहकारी विधुतको योगदान ५ प्रतिशत छ । कुल विधुत वक्समा १३ प्रतिशत विधुत सहकारीका उत्पादन छन

The Gujarat Co-operative milk marketing federation Ltd.द्वारा संचालित अमुल व्राण्डको डेरी सहकारी पनि एक नमुना मानिन्छ । यस डेरी १४ डिसेम्वर १९४६ मा गठन गरिएको थियो । यस डेरीबाट उत्पादित दुधका विभिन्न ब्रान्डहरु विश्वका ४९ मुलुकमा निर्यात हुने गर्छ भने यस सहकारीमा करिव ३६ लाख दुग्ध उत्पादकहरु सदस्य छन् । यस सहकारीले गाउँ/गाउँका सिमान्तकृत कृर्षकहरूसँग कम्तिमा १ लिटर देखि २ लिटर दुध जम्मा गरी प्रत्येक दिन ४५ लाख लिटर दुध विक्रि गर्दछ । सन २०१६/ १७ मा यस अमुल सहकारीले ५.९ अर्व अमेरिकी डलर आम्दानी आर्जन गर्न सफल भएको थियो ।

दुध तथा दुधजन्य वस्तु उत्पादनमा उरुग्वेका सहकारीहरु विश्वमा चर्चित छन् । विश्वको कूल दुध उत्पादनको ०.३ प्रतिशत योगदान उरुग्वेको छ । ६० प्रतिशत भन्दा वढी दुधका उत्पादनहरु उरुग्वेले निर्यात गर्छ । देशभित्र कूल दुध उत्पादनको ९० प्रतिशत दुध सहकारीमार्फत उत्पादन गरिन्छ । उत्पादकत्व र उत्पादन क्षमतामा यहाँका दुग्ध सहकारीहरूको उच्चतम् व्यवस्थापनका कारण विश्वमा सबभन्दा सस्तो दरमा दुध उत्पादन हुन्छ । अस्ट्रेलिया र न्यूजिल्याण्ड भन्दा पनि यसले सस्तो दरमा दुध निर्यात गर्छ । उरुग्वेमा कूल ४५९२ वटा डेरी फार्म रहेका छन् । विगत २० वर्षमा उरुग्वेको दुध उत्पादन दुई गुणाले वढेको छ । तर दुधजन्य उत्पादनको निर्यातबाट १० औ गुणा आम्दानी वढेको छ ।५० पैसाबाट शुरुवात गरी हाल अरवौंको कारोबार गर्ने नवलपरासी गैडाकोटको एक सहकारीको विवरण कोस्ठ ४ मा छ ।

कोस्ठ ४ : ५० पैसाबाट अरवौंको कारोबार

२०४८ साल भदौ ५ गते नवलपरासी गैडाकोटका २६ जना युवाहरूले आफ्नो चिया खर्चबाट ५० पैसा जोगाउँ र सहकारीमा जम्मा गरौं भन्ने अभियान मार्फत जिल्ला सहकारी कार्यालयमा २०५० सालमा विकु सहकारीका नाममा दर्ता भएको सहकारीमा हाल ३५ हजार सदस्यहरु छन् । यस संस्थाको शेयर रकम मात्र २२ करोड छ भने निक्षेप र लगानी २/२ अर्व पुगेको छ । अहिले यस संस्थाले जिल्लाका १० वटा स्थानबाट सेवा सञ्चालन गरिरहेको छ । यो संस्थाले ३६५ दिन नै बैंकिङ् कारोबार, सन्ध्याकालिन काउण्टर, विद्युत विल भुक्तानी, मोवाइल काउन्टर सेवा, ट्याबलेट बैंकिङ् सेवा, वित्तीय परामर्श सेवा जस्ता महत्वपूर्ण सेवाहरु प्रदान गर्दै आएको छ । कक्षा १ देखि १२ सम्म सामुदायिक शिक्षा दिंदै आएको विकु सहकारीले हाल देशका ४४ जिल्लामा सामुदायिक कृषि मार्फत सामाजिक रूपान्तरणमा पनि प्रवेश गरेको छ । (रासस, असार ३०,२०७४) ।

## ८. सहकारीमा देखिएका केही समस्याहरू

सहकारी आन्दोलनले प्रत्यक्ष/परोक्ष रूपमा मुलुकको सामाजिक आर्थिक रूपान्तरणमा सहयोग पुराएको छन । हरेक सिक्कका दुई पाटा जस्तै सहकारी सच्चालनमा पनि केही समस्या तथा द्धिविधाहरु छन । जस्तै सहकारी मूल्य मान्यता जस्ता सामन्य ज्ञानको कमी,खराब नियत भएका मानिसहरूको संलग्नता,सिमित व्यक्तिको वर्चस्व तथा हाली मुहाली, अनुत्पादक क्षेत्रमा लगानी, फितलो नियमन तथा अनुगमन प्रणाली, लेखा प्रणालीमा अपारदर्शीता, आदि । यसका अतिरिक्ति थप केही प्रतिनिधिमूलक समस्याहरु देहाय अनुसार छन ।

सहकारी कर्मीहरूमा बिषयगत दक्षताको कमी ।

एकै प्रकृतीका सहकारीहरूमा अस्वस्थ प्रतिस्पर्धा हुनु ।

केही ब्यक्तीहरूले सहकारी लाई निजी ब्यापारको रूपमा प्रयोग गर्नु ।

सामाजिक उत्तरदायित्वको रूपमा नलिने प्रवृत्ति हावी हुनु ।

केही सहकारीमा उपयुक्त कागजात/ धितो विना ऋण लगानी तथा आफू अनुकुल ऋण लगानी गर्नु ।

संचालक समिति र लेखा सुपरिवेक्षण समितिमा रहेका व्यक्ति निश्पक्ष, ईमान्दार र बिषय बस्तुमा जानकार नहुनु ।

कर्मचारी पनि विषय विज्ञ भन्दा पनि आफू अनुकुल रहनु ।

प्रभाबकारी अनुगमन तथा नियमनको अभाब हुनु ।

सहकारी हित बिपरित काम गर्ने संचालक,सदस्य खराब ऋणीलाई कारबाई गर्ने, बिगो रकम असुल गर्ने कमजोर संयन्त्र हुनु ।

उत्पादक र उपभोक्ता सहकारी मार्फत बजार बिस्तार भन्दा अधिकांश सहकारी बचत तथा ऋणमा सिमित भै ब्याज असुलीमा मात्र रमाउने प्रबृती रहनु ।

केही संचालक ब्यबस्थापकबाट सहकारीमा प्राप्त रकम चुस्त नगरी अपचलन गर्ने प्रवृत्ति देखापर्नु ।

लागानीको उचित क्षेत्र पहिचान गर्न नसक्नु
नियमित रूपमा वैठक, योजना तर्जुमा ,लेखा परिक्षण, सधारण सभा, आदि नहुनु ।
आम सदस्यहरूले सहकारी संचालनमा चासो नलिनु , आदि ।
सहकारी विकासमा देखिएका यी समस्याहरूको समाधानार्थ विशेषत सहकारीका मूल्य मान्यता, लगानीका क्षेत्र, लेखा प्रणाली, नियमन, अनुगमन लगायतका क्षेत्रमा नेपाल सरकार र सहकारीका प्रतिनिधिमूलक संस्थाहरूको ध्यान जानु जरूरी छ ।

## ९. सहकारीको प्रवर्धनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका

मुलुकको सामाजिक आर्थिक अवस्था कमजोर छ । ०४६ साल पश्चात मुलुकमा धेरै पटक सरकार वने/फेरिए । तर यस दौरानमा नेपालले जति फड्को मार्नु पर्ने हो त्यो हुन सकेन । हामी सँगै स्वतन्त्र भएका भारत, चीन लगायतका छिमेकी देशहरु कुन अवस्थाबाट कहाँ पुगिसके । विकासमाहामी भने अझै कछुवाको गतिमा छौ । अन्तराष्ट्रिय मुद्रा कोषको सन २०१७ अक्टोवरको तथ्यांकनै हेर्ने हो भने दक्षिण एशियाली देशमा नेपालको प्रतिव्यक्ति आम्दानी अफगानिस्तान भन्दा मात्र माथि छ । अफगानिस्तानको ५७२ डलर छ भने नेपालको ८२४ डलर । कुल गाहर्स्थ्य उत्पादन जम्मा २४ अरव डलर मात्र छ । नेपाल भन्दा पनि सानो दक्षिण एशियाली राष्ट्र श्रीलंका र वंगलादेशको कुल गाहर्स्थ्य उत्पादन नेपाल भन्दा क्रमश चार गुणा र १० गुणा वढी छ । श्रीलंका ८४ अरव डलर र वंगलादेशको २५० अरव डलर छ । कुल गार्हस्थ्य उत्पादनले वास्तविक रूपमा मुलुकको हैसियत/डालोको प्रतिनिधित्व गर्दछ । सामान्य रूपमा भन्नु पर्दा सानो मुलुकको कुल गार्हस्थ्य उत्पादन थोरै र ठूलो देशको धेरै हुन्छ/हुनुपर्दछ । भूगोल ठूलो भएपछि उत्पादन पनि धेरैनै हुन्छ भन्ने अभिप्राय हो । तर नेपालको कुल गार्हस्थ्य उत्पादन जनसंख्या र भूगोल दुवैमा नेपाल भन्दा सानो श्रीलंकाको भन्दा पनि न्यून हुनु मुलुकको विडम्वना हो । प्रतिव्यक्ति आम्दानी र कुल गार्हस्थ उत्पादन मात्र हैन मानव विकास प्रतिवेदन अनुसार पनि हामी साह्रै गरीव छौ । मानव विकास प्रतिवेदन २०१६ अनुसार नेपालको स्थान दक्षिण एशियाली मुलुकमा पाकिस्तान र अफगानिस्तान भन्दा मात्र माथि छ । कुल १८७ राष्ट्मध्ये नेपाल १४२ औ स्थानमा छ । मानव विकासमा पछि पर्नु भनेको शिक्षा, स्वास्थ्य, खानेपानी, शौचालय, सरसफाई लगायतका क्षेत्रमा प्रगति हुन नसक्नु हो । साँच्चिकै मुलुकको विकासमा छलाङ्ग मार्ने हो भने उत्पादनका अतिरिक्त मानव विकासका क्षेत्रमा निकै नै सुधार आवश्यक छ । सहकारीको प्रवर्धनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका कोष्ठ ५ मा समेत छ ।

कोस्ठ ५ : सहकारी संस्थाको प्रवर्धनमा सरकारका विभिन्न तहको भूमिका

लोककल्याणकारी राज्यमा सिद्धान्तत सरकारको प्रमुख दायित्व भनेको सार्वजनिक कार्य हो । जनतालाई सहज तथा सुलभ तरिकाले सेवा प्रवाहका लागि आवश्यक वातावरण सिर्जना गराउने काम सरकारको हो । यसका लागि कानून निर्माण गर्ने र आफू लगायत सम्वद्ध सवैलाई कानूनको परिपालन गराउने हो । निश्चय पनि सरकार आफैले सवै काम गर्न सक्दैन । सहकारी, निजी, गैरसरकारी आदि विभिन्न निकायबाट सेवा प्रवाह गराउन आवश्यक वातावरण र दिशानिर्देश गर्ने हो । हिजो एकात्मक अवस्थामा एउटा मात्र सरकार थियो । अहिले तीन/तीन वटा सरकार छन । तीनवटै सरकारलाई संविधानले सहकारी सम्वन्धि अधिकार दिएको छ । सहकारी सम्वन्धमा यी सरकारको प्रमुख काम नियमन, मापदण्ड, गुणस्तर र नीति वनाउने, प्रोत्साहित गर्ने, काम गर्ने सहज वातावरणको निर्माण गर्ने, समानता, समावेशी र जवाफदेहिता कायम गर्न अभिप्रेरित गर्ने, वजारीकरण लगायतका लागि सहजीकरण गर्ने, वित्तीय तथा संस्थागत जोखिम हुनवाट जोगाउन वेला वेलामा अनुगमन तथा निर्देशन दिने र आवश्यक परेको वेला जनताको पूँजी संरक्षण गर्न नीतिगत हस्तक्षेप गर्ने लगायतका काम यी तीन तहकै सरकारले गर्नुपर्ने हुन्छ ।

सहकारीलाई संविधानले विकासको प्रमुख संवाहकको रूपमा अंगिकार गरेको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहलाई सहअस्तित्वको रूपमा स्वीकार गरेको छ । यी निकायले आफनो अधिकारभित्रको आर्थिक अधिकार सम्वन्धि विषयमा कानून बनाउने, वार्षिक वजेट वनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्ने छन । यी तीन तहकै सरकारले सहकारीको माध्यमबाट सामाजिक आर्थिक रूपान्तरण हुने खालका कार्यक्रमहरु वनाउनु आवश्यक छ । सहकारीले सामाजिक आर्थिक चेतनाको स्तरमा पनि अभिवृद्धि ल्याउछ । सहभागितामूलक प्रतिनिधित्व, नेतृत्व विकास, उधमशिलता, छरिएर रहेको पूँजीको संकलन, लगानी, स्थानीय रोजगारी, आय आर्जन लगायतका क्षेत्रमा सहकारीको अहम भूमिका छ । संविधानले परिकल्पना गरेको स्थायी शान्ति, सुशासन, विकास र समृद्धिमा साँच्चिकै जोड दिने हो भने सहकारीलाई राज्यले अझ वढी जोड दिन आवश्यक

छ । यसका लागि देहाय अनुसारका कामहरु गर्न सकिन्छ ।

स्थानीय तह
समूदायमा आधारित र सदस्य केन्द्रीत सहकारी प्रणालीको विकास गर्ने ।
सहकारी प्रणालीलाई सीमान्त वर्गको व्यवसाय संचालन गर्ने संयन्त्रको रूपमा रूपान्तरण गर्ने ।
सहकारी प्रणालीको माध्यमबाट सदस्यहरूको आर्थिक, सामाजिक आवश्यकता पुरा गरि सामाजिक न्याय प्रवर्द्धन गराउनमा भूमिका निर्वाह गर्ने ।
सर्वसाधारणमा स-साना बचत गर्ने बानीलाई विकास गरि स्थानिय स्तरमा पूँजीको आवश्यकता पुरा गर्ने काममा सहकारीलाई प्रोत्साहित गर्ने ।
एक घर एक सहकारी सदस्य अभियान सच्चालन गर्ने । यसका लागि स्थानीय तहले गर्ने सेवा प्रवाह जस्तै नागरिकता, पासपोर्ट, सामाजिक सुरक्षा भत्ता वितरण, जन्म दर्ता, विवाह दर्ता आदिमा सहकारीलाई आवद्धता गराउने ।
ग्रामिण स्तरका स्थानीय तहमा राजश्व संकलनमा सहकारीलाई अग्रसर गराउने ।
नाफा व्यवसायसँग सम्वन्धित स्थानीय क्षेत्राधिकारभित्रका विषय जस्तै स्थानीय एफ.एम. रेडियो सच्चालन, ईन्टरनेट, केवुल, आदि सहकारीबाट

सच्चालन गर्ने अभिप्रेरित गर्ने । विभिन्न अध्ययनहरूले स्थानीय उपभोक्ता समिति मार्फत हुने विकास निर्माणका काममा धेरै भ्रष्टचार हुने गरेको पाईएको छ । यसलाई केही हदसम्म निराकरणका लागि सहकारीहरूलाई स्थानीय विकास निर्माणमा अप्रत्यक्ष रूपले संलग्न गराउने (अनुगमन, सिफारिश, आदि लगायतका लागि ) । ठेकदार, उपभोक्ता समिति वा अन्य जुनसुकै स्तरबाट हुने काममा स्थानीय सहकारीलाई संलग्न गराउने हो भने विकासमा जनताको अपनत्व पनि हुन्छ । यसले वित्तीय जोखिम न्यूनीकरणमा समेत सहयोग पुराउछ ।

स्थानीय कृषि, सिचाई, खानेपानी, विधुतीकरण, तरकारी, फलफूल, दुग्ध ,कृषि सामाग्री, आदि सवैमा सहकारी क्षेत्रलाई अभिप्रेरित गर्ने ।

स्थानीय प्राकृतिक साधन र स्रोतको संरक्षण तथा उपयोगमा सहकारीलाई संलग्न गराउने ।

हरेक स्थानीय तहका वडा/वडामा सहकारी सुपथ पसलहरु खोल्न अभिप्रेरित गर्ने ।

रोजगारी सृजना गरी गरिवी निवारण लगायतमा उत्कृष्ठ कार्य गर्ने सहकारी संस्थालाई पुरस्कृत गर्ने, आदि ।

नोट : यसरी स्थानीय तहले सहकारीहरूलाई विकास निर्माण लगायतका काममा संलग्न गराउदा स्थानीय तहले प्रचलित ऐन, नियम , कानून र सिद्धान्तका आधारमा सहकारी सच्चालन र व्यवस्थापन सम्वन्धि आफनो अलग्गै कानून तथा मार्गदशर्न वनाउदा उपयुक्त हुन्छ ।

प्रदेश

सहकारी मूल्य, मान्यता, सिद्धान्त र विधिको पालनायुक्त सहकारी प्रणालीको विकासमा सहयोग गर्ने ।

सहकारी तालिम, शिक्षा, गुणस्तर र जवाफदेहितमा जोड दिने ।

सहकारी अस्पताल, सहकारी उधोग र सहकारी यातायात, जस्ता सेवाहरु सच्चालनमा सहयोग पुराउने ।

प्रादेशिकविधुतीय परियोजनामा सहकारीलाई आवद्ध गराउन प्रेरित गर्ने ।

माछा, मासु, दुध, कफी, चिया, अलैची, फलफूल जस्ता कृषिजन्य उत्पादन, प्रशोधन र बजार ब्यवस्थाको लागि सहकारी संघ/संस्थालाई सशक्त माध्यमको रूपमा विकास गर्ने ।

प्रादेशिक रोजगारी सिर्जनाका मार्फतबाट गरिवी निवारणका लागि सहकारीलाई प्रमुख आधार वनाउने ।

सहकारीको माध्यमबाट सामाजिक आर्थिक रूपान्तरणमा अग्रणी भूमिका निर्वाह गर्ने स्थानीय तह र प्रादेशिक नियमनमा रही प्रादेशिक विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्ने सहकारीलाई पुरस्कृत गर्ने, आदि ।

नोट : प्रदेशले स्थानीय तह सहितका लागि सहकारी संचालन सम्वन्धमा अलग्गै ऐन कानून निमार्ण गर्न सक्छ ।

संघ

मुलुकको आर्थिक विकास र समृद्धिको आधार स्तम्भका रूपमा सहकारीलाई विकास गर्ने

रोजगारी सृजना गर्ने र सामाजिक न्याय तथा समता कायम गर्ने सहकारीलाई अभिप्रेरित गर्ने ।

पिछडिएको क्षेत्र तथा वर्ग केन्द्रित नतिजामुखि सहकारी विकासमा जोड दिने ।

अनुगमन तथा नियमनलाई प्रभावकारी वनाई जवाफदेहि तथा वित्तीय सुशासन र अनुशासन कायम गराउने ।

तीनै तहबाट सच्चालित सहकारीहरूको सेवाका आधारभूत मूल्यमान्यता, मापदण्ड र मार्गदर्शक सिद्धान्तहरूमा एकरूपता कायम गराउने ।

स्थानीय तथा प्रादेशिक तहलाई सहकारीका माध्यमबाट काम गर्ने वातावरणको सिर्जना गर्ने ।

विधुत,उर्जा, कृषि, पर्यटन, उधोग, जस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा सहकारीलाई आमन्त्रित गर्ने ।

सहकारी संस्थाहरूको उत्पादनलाई वजारीकरण गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

सहकारी संस्थाहरूको व्यवस्थापकीय कुशलता कायम गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्ने, आदि ।

## १०. निस्कर्ष

बेलायतमा भएको औद्योगिक क्रान्ति र तत्कालिन यान्त्रीक उपकरणहरूको प्रयोगका कारण बेरोजगारी समस्या विकराल बन्दै गयो । मजदूर एवँ गरिवहरु न्यून आय लगायतका कारण समूहमा काम गर्न बाध्य भए । यसरी समूहमा काम गर्नुपर्ने बाध्यताका कारण सहकारीको जन्म भएको हो । बेलायतबाट सुरु भएको यो अभियान हाल विश्वका प्राय सवै छ । नेपालको संविधानले तीन खम्वे अर्थनीतिलाई आत्मसात गर्दै सहकारी क्षेत्रलाई महत्वपूर्ण आयामका रूपमा अंगिकार गरेको छ ।

सहकारीले विश्वका २५ करोड मानिसलाई रोजगारी उपलब्ध गराएको छ । विश्वमा सबभन्दा बढी जनसंख्या सहकारीमा आबद्ध भएका देशहरूमा आयरल्याण्ड ७० प्रतिशत, फिनल्याण्ड ६० प्रतिशत र अष्ट्रिया ५९ प्रतिशतहुन् । कुल जनसंख्याको सिंगापुरमा ५०प्रतिशत रमलेसियामा २७ प्रतिशतमानिस सहकारीमा आबद्ध छन् ।

करोडौं अमेरिकी नागरिकलाई विद्युत वितरण गर्न सक्षम अमेरिकी विद्युत सहकारी, करोडौं उपभोक्तालाई दैनिक उपभोग्य सामग्री उपलब्ध गराउने जापानी उपभोक्ता सहकारी, करिब सबैजसो किसान संलग्न र ४० हजार भन्दा बढी संस्थाको सहकार्यमा मलको कारोबार गर्ने भारतीय मल सहकारी, सबैभन्दा ठूलो स्वतन्त्र ट्राभल एजेन्सी चलाएको बेलायतको पर्यटन सहकारी तथा मुलुकको दुग्ध उत्पादनमा ९० प्रतिशत भन्दाबढी योगदान गर्ने उरूग्वेका दुग्ध सहकारी विश्व सहकारीका केही प्रतिनिधि नमूना हुन् ।

सहकारिताले स्थानीय नेतृत्व विकास, उधमशिलता र सहभागितामूलक प्रनिधित्वमा मात्र हैन छरिएर रहेको पँजीलाई समेत एकीकृत गर्ने काम गर्छ । हाल नेपालका सहकारीको कुल कारोवार करिब १० खर्ब छ जुन मुलुकको कुल गार्हस्थ उत्पादनको करिव ३० प्रतिशत हो । वास्तबमा सहकारीले समेटने क्षेत्र व्यापक छ । यसका वहुआयमिक फाईदा तथा प्रभाव छन । यसले स्थानीय आर्थिक, सामाजिक, पूर्वाधार विकास, मानवीय लगायत समग्र पक्षको विकासमा टेवा पुराउछ । सहकारीका कारण स्थानीय आर्थिक गतिविधि चलायमान भई स्थानीय श्रोत, साधन श्रम, सीप एवं प्रविधिको उच्चतम प्रयोग हुन्छ । यसै गरी स्थानीय स्तरमा उद्यमशीलताको विकासको माध्यमवाट उद्योग व्यवसायको प्रवर्द्धन हुने र रोजगारीमा पहुँचका कारण जनताको जीवनस्तर उकास्न सहकारी प्रमुख औजारको रूपमा रहेको छ ।

संविधानले तीनवटै सरकारलाई सहकारी सम्वन्धि अधिकार दिएको छ । सहकारी सम्वन्धमा यी सरकारको प्रमुख काम नियमन, मापदण्ड, गुणस्तर र नीति वनाउने, प्रोत्साहित गर्ने, काम गर्ने सहज वातावरणको निर्माण गर्ने, समनता, समावेशी र जवाफदेहिता कायम गर्न अभिप्रेरित गर्ने, वजारीकरण लगायतका लागि सहजीकरण गर्ने, वित्तीय तथा संस्थागत जोखिम हुनवाट जोगाउन वेला वेलामा अनुगमन तथा निर्देशन दिने र आवश्यक परेको वेला जनताको पूँजी संरक्षण गर्न नीतिगत हस्तक्षेप गर्ने हो ।

## सन्दर्भ सामाग्रीहरू

नेपालको संविधान । कानून किताब व्यवस्था समिति ।

स्थानीय सरकार सच्चालन ऐन, २०७४ । कानून किताब व्यवस्था समिति ।

सहकारी ऐन, २०७४ । कानून किताब व्यवस्था समिति ।
नेपालको संविधानको अनुसूचिमा रहेका अधिकार सूचिहरूको कार्यविस्तृतीकरण । प्रधानमंत्री तथा मन्त्रिपरिषदको कार्यालय ।
चौधो योजना, आधारपत्र । राष्ट्रिय योजना आयोग ।
नेकपा एमाले र नेकपा माओवादी केन्द्रको साझा चुनावी घोषणा पत्र (प्रतिनिधि सभा र प्रदेशसभा चुनाव, २०७४) ।
नेपाली काँग्रेस चुनावी घोषणा पत्र (प्रतिनिधि सभा र प्रदेशसभा चुनाव, २०७४) ।
बडाल,केशव(२०६७) ।सहकारी सिद्धान्त र प्रयोग । सहकारी सहयोग समूह ।
बडाल,केशव(२०७२) । समृद्ध अर्थतन्त्रका लागि सहकारी । साझा प्रकाशन ।
देवकोटा, खिमलाल । विभिन्न पत्रपत्रिकामा प्रकाशित आलेखहरु ।
सहकारी सन्देश, २०७४ ( साउन, असोज) । राष्ट्रिय सहकारी संघ लि.।
अर्थ मन्त्रालयका वजेट भाषण तथा आर्थिक सर्वेक्षण ।
अन्तर्राष्ट्रिय सहकारी अन्तर्राष्ट्रिय सहकारी महासंघका विभिन्न प्रकाशनहरु ।
कोअपरेटिभ वेबसाइटहरु ।
सहकारी तथा गरिवी निवारण मन्त्रालय तथा सहकारी विभागका विभिन्न प्रकाशित तथा अप्रकाशित प्रकाशनहरु ।

# शुभकामनाले साताव्यापी स्थापना दिवस मनायो




भक्तपुर जिल्लाको सूर्य विनायकमा केन्द्रीय कार्यालय सञ्चालन गरिरहेको शुभकामना बचत तथा ऋण सहकारी संस्था लि ले २२औं स्थापना दिवसलाई विविध कार्यक्रमकासाथ साताव्यापी रूपमा मनाएको छ ।

वि.सं. २०७९ जृष्ठ १८ गतेदेखि २४ गतेसम्म बिबिध कार्यक्रमसहित साता व्यापी मनाएको हो ।

शुभकार्य कृषि सहकारी संस्थासंग एकीकरणपछि जेष्ठ १८ गते नै एकीकृत कारोवार शुभारम्भ तथा सहकारी सचेतना र्‍यालीसहित शुरू भएको सप्ताहव्यापी कार्यक्रमको दोश्रो दिन १९ गते ऐतिहासिक टौमढी क्षेत्रमा रक्तदान गरेको थियो । स्थानीय व्यासी टोलमा शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरको प्रबिधिक सहयोग तथा सामूदायिक स्वास्थ्य केन्द्रको औषधि सहयोगमा तेश्रो दिने २० गते मृगौल, मुटु तथा कलेजो रोग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर संचालन गरेर एको थियो ।

त्यस्तै चौथो दिन २१ गते संस्थाका बाल बचतकर्ताहरूलाई अध्ययन अवलोकन भ्रमण र पाचौ दिन ऐतिहासिक तथा धार्मिक क्षेत्र सूर्यबिनायक मन्दिर परिसरमा सरसफाई तथा सामग्री हस्तान्तरण गरेको थियो ।

सप्ताहव्यापी कार्यक्रमको छैठो दिन संस्थाका ७० बर्ष माथिका जेष्ठ सदस्यहरूलाई धार्मिक तीर्थ भ्रमण गराई भोजन गराएको थियो भने सातौ दिन २४ गते ऋणीहरूसंग अन्तरक्रिया गरेको थियो ।

सो अन्तरक्रिया संस्था अध्यक्ष रामप्रसाद कासुलाको सभापतित्व तथा सूर्यबिनायक नगरपालिका उप प्रमुख एवं अग्रज सहकारीकर्मी सरिता तिमिल्सेना भट्टराईको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

संस्थाका उत्कृष्ट ५ जना ऋणीहरूलाई सम्मान गरिएको सो कार्यक्रममा उपस्थित संचालक समिति, बिभिन्न उप समिति, संस्थापक सदस्यहरू, ऋणीहरू र कर्मचारीहरूको तथा प्रत्येक्ष अप्रत्यक्ष रूपमा कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नु हुने सम्पूर्ण सहकारीकर्मीहरूलाई अध्यक्ष कासुलाले हार्दिक धन्यवाद दिनु भएको थियो ।

सहकारीमा लेखापरीक्षण

# लेखा परीक्षणको अर्थ






**कुबेर निरौला**

लेखा परीक्षणको प्रकार समान्यतया लेखा परीक्षण उद्देश्यका आधारमा परिभाषित हुन्छ । लेखा परीक्षणको स्वरूप र किसिम बिभिन्न रहेका छन । संस्थाको कारोवारको बैधानिकता तथा वित्तीय प्रतिवेदनको यथार्थता प्रमाणित गर्नका लागि कुनै पनि संगठनको लेखा परीक्षण गरिन्छ । लेखा परीक्षणमा संगठनको वित्तिय कारोबारको लेखांकन, वित्तिय प्रतिवेदनको तयारीका आधारहरू र प्रतिवेदनको आधिकारिकता, कानुनको अनुपालना, स्रोतको उपयोग, संस्था संचालन, जनशक्तिलगायतका प्रकृयासंग सम्बन्धित प्रणालीको परीक्षण समावेश हुन्छ ।

**लेखा परीक्षण तरिका वा विधि** (Audit Techniques):

लेखा परीक्षकले कुनै पनि संघ/संस्थाको लेखा परीक्षण गर्ने तरीकाले लेखा परीक्षण परिणामको गुणस्तर निर्धारण गर्दछ । प्रभावकारी लेखा परीक्षणको तरीका अपनाईएमा लेखा परीक्षकको समय र लागतको समेत बचत गर्दछ । लेखा परीक्षकलाई लेखा परीक्षण गरिने संस्थाको लेखापालन, संघ/संस्थाको सम्बन्धमा प्रत्यक्ष प्रभाव पर्ने ऐन नियम, संस्थाको काम कारोवारको शिलशिलामा सरोकार राख्ने ऐन नियमलगायतका बारेमा पूर्ण रूपमा ज्ञान हुन जरूरी हुन्छ । शिक्षाको काम कारोवार गर्ने निकाय (संघ वा संस्था) भएमा संघ वा संस्थाको बैधानिकताको आधार सम्बन्धित कानून हुन सक्दछ भने अन्य विभिन्न सरोकार कानूनहरू समेत प्रभावकारी हुन सक्दछन् । उदाहरणको लागि शिक्षाको काम गर्न स्कूल संचालन गर्ने हो भने स्कूल स्थापना गर्दा कम्पनी, गुठी, सहकारी, कुनै आधारमा संघ/संस्था दर्ता हुन सक्दछ भने शिक्षा ऐनका प्रावधानहरूको पालना, आयकर कानून, मुल्य अधिवृद्धि कर कानून, श्रम कानून, लगायतका कानूनहरू पनि सरोकार राख्न सक्ने भएकोले त्यस्ता कानूनी प्रावधानहरूको पनि ज्ञान आवश्यक हुन्छ । कुनै पनि संघ/संस्थाहरूको लेखा परीक्षण गर्नका लागि निम्नानुसारका तरिका वा विधिहरू प्रयोग गर्न सकिनेछ ।

**क) हेर्ने वा रूजु** (Observation):

लेखा परीक्षणमा निष्कर्ष निकाल्न, लेखा परीक्षकले कारोवार र सोको प्रमाण रूजु गर्नु पर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको स्तर, लेखा पालनको स्तर आदिको आधारमा के के र कुन कुन परिमाणमा कागजात र सोको प्रमाणहरूको रूजु गर्ने लेखा परीक्षकले आफ्नो स्वविवेकले निर्धारण गर्न सक्दछ । लेखा परीक्षणमा रूजु गर्नु एक महत्वपूर्ण र अनिवार्य प्रक्रिया हो ।

**ख) भौतिक परिक्षण** (Physical verification):

उच्च जोखिम भएका क्षेत्र र संस्थाहरूमा जोखिम न्युनीकरण गर्न लेखा परीक्षकले आकस्मिक भौतिक परीक्षण गर्नु पर्दछ । सामान्यतया, नगद, चेक बुक, भौतिक सम्पत्ति, लाइभ कारोबार वा क्रियाकलाप र स्टक आदिको आकस्मिक भौतिक परीक्षण गर्न सकिन्छ । भौतिक परीक्षण लेखा परीक्षण भएकै अवधिमा हुनु पर्छ भन्ने छैन ।

**ग) सोधपुछ** (Inquiry):

जटिल कारोवारहरूको प्रक्रिया वा विधि, लेखा परीक्षकले नबुझेको अवस्थामा, थप जानकारी लिन आवश्यक भएको अवस्थामा सम्बन्धित व्यक्तिलाई सोधपुछ गर्न सकिन्छ ।

**घ) गणना** (Computation):

तलबमा कर गणना, ह्रासकट्टीको गणनाआदिको लेखापरीक्षकले पनिगणना गर्नुपर्दछ ।

**ङ) विस्तृत सर्भे** (Detail Survey):

ठूलो रकमको खरिद, निमार्ण, कार्यक्रम खर्च आदिको विवरण र कागजात लेखा परीक्षकले विस्तृत अध्ययन गर्नु पर्छ ।

**च) तेस्रो व्यक्तिबाट कर्न्फमेसन** (Confirmation/third party)

बैंक मौज्दात, ऋणको बाँकी रकम, ठूलो रकमको खरिद र विक्रि, लिनुपर्ने हिसाब र दिनुपर्ने हिसाबको एकिन सम्बन्धित व्यक्तिबाट लिनुपर्छ ।

**छ) तुलना** (Comparision):

लेखा परीक्षकले उस्तै कारोवारहरू बीच, बजारको औसत, गत वर्षको रकमसँग तुलना गर्न सक्दछन् ।

**ज) परिणामको मुल्यांकन** (Performance Evaluation)

अनुमानित परिणामसँग वास्तबमा प्राप्त परिणाम दाँजेर सकिन्छ । संख्यात्मक तथा गुणात्मक परिणामको मुल्यांकन पनि लेखा परीक्षणको पाटो हो ।

### सहकारी कानूनमा लेखा परीक्षण सम्बन्धि व्यवस्थाः

नेपालमा सहकारीहरूको लेखा तथा लेखा परीक्षण सम्बन्धि कानूनी प्रावधान सहकारी ऐन २०७४ को परिच्छेद-१२ मा उल्लेख भएको छ । त्यसैगरी सहकारी एक व्यवसायिक संगठनको रूपमा संचालित संस्था भएकोले सहकारी संस्थाको लेखा व्यवस्थापन तथा परीक्षणमा नेपाल वित्तीय प्रतिवेदन मान तथा लेखा परीक्षणमान समेत सक्रिय हुन्छ र यसका अतिरिक्त लेखापरीक्षण ऐन समेत महत्वपूर्ण हुन्छ । नेपालमा सहकारी ऐन बमोजिम गठित सहकारी संस्थाहरूको अनिवार्य रूपमा वार्षिक लेखा परीक्षण गराई संस्थाको साधारणसभाबाट प्रतिवेदन पारीत गराउनु पर्ने प्रावधान रहेको छ ।

### सहकारीमा लेखा परीक्षण सम्बन्धि सामान्य जानकारीः

सहकारी संस्थाहरूको लेखा परीक्षण भन्नाले संघिय सहकारी ऐन, २०७४ र संघिय सहकारी नियमावली, २०७५ बमोजिम दर्ता भएका सहकारी संस्थाहरूको लेखा परीक्षण गर्नको लागि यो मागर्दशनले सहयोग गर्नेछ । यसकासाथै सहकारीको संघिय ऐन कानूनको आधारमा सम्बन्धित प्रदेश ऐन तथा नियमावली र सम्बन्धित स्थानीय तह ऐन तथा नियमावली समेत प्रभावकारी हुन्छ ।

सहकारी संस्थाहरू अन्तर्गत संघिय सहकारी नियमावलीको दफा ११ मा भएका सहकारी संस्थाहरूको वर्गिकरण बमोजिमका संस्थाहरू उत्पादक संस्था, उपभोक्ता संस्था, वित्तीय संस्था, श्रमिक संस्था र बहुउद्देश्यीय सहकारी संस्थाहरू पर्दछन् । सहकारी संस्थाहरूको लेखा परीक्षण गर्नका लागि मुलुकको हालको संघिय संरचनाका आधारमा स्थापित प्रदेशिक ऐन नियमहरू, सम्बन्धित स्थानीय ऐन नियमहरू, सहकारी संस्थाको लेखा परीक्षण निर्देशिका २०७५ ( सहकारी संस्थाको लेखा परीक्षण निर्देशिका २०७५, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग)प्रभावकारी हुन्छन् ।

नेपालमा लागु भएका नेपाल लेखा परीक्षण मानहरू समेत लेखा परीक्षणमा प्रभावकारी हुन्छन् । सहकारी संस्थाको लेखा परीक्षण गर्नका लागि नेपाल चार्टड एकाउन्टेन्स् संस्थाबाट पेशागत प्रमाणपत्र लिई नवीकरण गरेको लेखा परीक्षकबाट गराईनु पर्दछ ।

सहकारी संचलनका लागि समय समयमा सहकारीको नियमन निकायबाट जारी भएका विभिन्न नियमनहरूको परीपालना गरेर लेखा परीक्षण गर्नु गराउन् पर्दछ ।

### सहकारीमा आन्तरिक लेखा परीक्षणः

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा सजग रहनका लागि साधारणसभाबाट नै लेखा सुपरीवेक्षण समिति निर्वाचित हुने सहकारी संचालनको प्रणालीभित्र रहेको छ । सहकारी ऐन २०७४ को दफा ४८ मा लेखा सुपरीवेक्षण समितिको गठन हुने र प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने, गराउने जिम्मेवारीको समेत प्रावधान रहेको छ र दफा ४९ मा लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था गरेको छ । सोही दफामा लेखा सुपरीवेक्षण समितिले आन्तरीक लेखा परीक्षण गराउनका लागि तीन जना लेखा परीक्षकको नाम संचालक समितिमा शिफारिश गर्न सक्ने व्यवस्था समेत रहेको छ ।

### सहकारी संस्थामा लेखापरीक्षणको उद्देश्यः

सहकारी संस्था व्यावसायिक संगठन भएकोले व्यावसाय संचालनमा राज्यको कानूनको परीपालना तथा स्वच्छ र पारदर्शी संचालन अपरीहार्य हुन्छ । सहकारी संस्था एक व्यवसायिक निकायको स्वरूप भएकोले सहकारी संस्थाहरूको वित्तीय व्यवस्थापनको प्रमुख अंगको रूपमा रहेकोले लेखा व्यवस्थापन गर्दा अन्तराष्ट्रिय मापदण्डको परीपालना, राज्यको नियमन निकायको लेखा सम्बन्धी मापदण्ड तथा प्रयोगहरूको सहकारी संस्थाहरूले अनिवार्य परीपालना गर्नुपर्दछ । सहकारी संस्थाको संचालनका सिद्धान्त तथा मुल्यकासाथै राज्यको सम्बन्धीत कानून, सरोकार कानूनलगायतको परीपालना पनि अनिवार्य विषय हो ।

त्यस्तै सहकारीको नियमन निकायले जारी गरेका नियमनहरूको परिपालना गर्दै स्वच्छ र पारदर्शी व्यावसाय संचालन सहकारी संस्थाले गर्नुपर्दछ । सहकारी संस्थाको संचालनमा अन्तराष्ट्रिय मुल्य तथा सिद्धान्त, राज्यको कानूनी प्रावधान, लेखा पालनका सर्वमान्य सिद्धान्त तथा प्रयोग, तोकिए बमोजिम वित्तीय प्रतिवेदनहरूको तयारी तथा प्रस्तुति भएको छ वा छैन भन्ने विषयमा परीक्षण गरी संस्थागत शुसासनको समेत मूल्यांकन गर्नु पर्दछ । यो मार्गदर्शनको मुख्य उद्देश्य नै सहकारी संस्थको अन्तिम लेखा परीक्षण गर्दा ध्यान पुऱ्याउनु पर्ने क्षेत्रहरूको बारेमा मार्ग प्रदर्शन गर्नु हो । राज्यको कानूनी प्रावधान बमोजिम स्वीकृती प्राप्त लेखा परीक्षकले सहकारी संस्थाको लेखा परीक्षण गर्दा के कस्ता विषयहरूमा विशेष ध्यानपुऱ्याउनु पर्दछ भन्ने यस पुस्तिकामा उल्लेख गरिएको छ ।

स्वीकृतीप्राप्त लेखा परीक्षकले सवै प्रकृतिका निकाय तथा संघ/संस्थाहरूको लेखा परीक्षण गर्ने सन्दर्भमा लेखा परीक्षणका आधारभूत विषय वस्तुहरू जस्तै लेखा परीक्षण सम्बन्धी ऐन, नेपाल वित्तीय प्रतिवेदनमान, लेखा परीक्षणमान, आचार संहितलगायतका विषयहरूमा अभ्यस्त हुनु नै पर्दछ । यसका अलावा विशेष प्रकृतिका निकाय तथा संघ/संगठनहरूको विषयमा थप ज्ञानलिनु पर्ने आवश्यकता रहन्छ । यसै सन्दर्भलाई मध्यनजर गर्दै अभियानको रूपमा विकसीत विशेष गरी वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूको व्यावसायको प्रकृति तथा सम्बन्धीत कानूनी प्रावधानहरू र यस क्षेत्रमा भएका नियमन व्यवस्थाहरूको उद्देश्य केन्द्रीत भई यसै सन्दर्भलाई प्राथमिक रूपमा राखी यस क्षेत्रको लेखा परीक्षण गर्दा लेखापरीक्षकले ध्यानदिनुपर्ने कुराहरूको उल्लेख यस मार्गदर्शनमा रहेको छ ।

### सहकारी संस्थाको लेखापरीक्षणको मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

लेखा र लेखा सम्बन्धि काम कारवाहीहरूको स्वतन्त्र रूपमा परीक्षण गर्नु । कारोवारका क्रममा भएका गल्तीहरू पत्ता लगाई सुधारात्मक सुझाव दिनु संस्थाको काम कारवाही गर्ने क्रममा ठगी वा बदमासी भएका भए पत्ता लगाउनु र सम्बन्धित पक्षलाई जानकारी दिनु । वित्तिय विवरणहरूको प्रमाणिकरण गर्दै लेखा परीक्षण प्रमाणको आधारमा आफ्नो राय प्रस्तुति गर्नु हो । निष्पक्ष रूपमा संस्थाको व्यवासयिक कारोवारको वित्तीय अवस्थाको बारेमा राय प्रस्तुत गर्नु हो ।

# कोपोमिस प्रणालीमा सहकारी संघ/संस्थाहरुले बार्षिक रुपमा अनिवार्य प्रविष्टी गर्नुपर्ने समष्टिगत विवरण भर्ने तरिका

**पुर्व तयारी :**

कोपोमीस प्रणाली प्रवेश गर्नका निम्ति आवश्यक लगईन प्राप्त गर्ने । Username ,password नलिएका संघसंस्थाहरुले आ-आफ्नो नियामक वा सहकारी विभागमा सम्पर्क गरी username/password लिन सकिनेछ । सहकारी विभागको इमेल sahakaribivag@gmail.com मा संघ संस्थाको नाम, दर्ता नम्बर र आधिकारिक इमेल ठेगाना सहित संस्थाको लेटर प्याडमा पत्र पठाउनुहोला ।

यसभन्दा पहिलेनै पासवर्ड प्राप्त गरिसक्नुभएको र कोपोमीस प्रवेश(लगइन) गर्न असमर्थ हुनुभएमा copomis.gov.np मा गई पासवर्ड भुल्नुभयो भन्ने रातो अक्षरमा लेखीएको लिंक Click गरी आफ्नो संस्थाको इमेल ठेगानामा पासवर्ड reset link प्राप्त गर्न सक्नुहुनेछ ।

कोपामीसमा रहेको समष्टिगत फारममा भर्नुपर्ने विवरणहरु पहिचान गरी आफ्नो संस्थाको विवरण संकलन गरी एकिन गर्नुपर्दछ ।

**फारम भर्ने विधि :**

१) सहकारी संघ/संस्थाले पछिल्ला उपलब्ध विवरण अनुसार आर्थिक बर्ष र महिना छान्नुपर्दछ ।

२) सहकारी संघ/बैंक/संस्थानाको नाम, कार्यप्रकृति दर्ता मिति, प्रदेश, जिल्ला, न.पा./गा.पा., ठेगाना, स्विकृति विनियममा उल्लेख भएको कार्यक्षेत्र, संस्थाको पान नं./भाट नं. र ईमेल ठेगानामा डाटा स्वतः प्रविष्टि भएर आउँछ । उक्त डाटा समेत रुजु गरी मिलाउनुहोला ।

३) अंक भर्नुपर्ने सबै ठाउँमा Roman English (eg, 1 or 2 of any numeric Value) मा संस्थाको आधिकारिक तथ्याङ्क प्रविष्टी गर्नुपर्दछ ।

४) *(एस्ट्रीक) चिन्ह लगाएका सबै विवरण अनिवार्य भर्नुपर्ने हुन्छ । उक्त विवरणहरु नभरेमा सिस्टमले रातो अक्षरमा message दिनेछ ।

५) फारममा संख्या/रकमलगायत विवरण अनिवार्य भर्नुपर्ने भनि उल्लेख भएको तर संस्थामा सो विवरण नभएको अंक प्रविष्टी गर्नुपरेमा ० लेखि अधी बढ्नुहोला । व्यवस्थापक नभएको संस्थामा नभएको लेख्नुहोला र व्यवस्थापकको सम्पर्क नं.मा १११११११११ प्रविष्टि गरी अघि बढ्नुहोला ।

६) तोकिएका विवरणहरु भरेपश्चात हरियो रंगमा सुरक्षित गनुहोस् भनि लेखिएको buttom click गर्नुहोला । सो पश्चात प्रविष्टी भएको समष्टिगत विवरण देख्नुहुनेछ । उक्त विवरण सच्चाउनुपरेमा edit data click गर्न सक्नुहुनेछ । डाटा ठिक भएको एकिन गरि हरियो रंगमा लेखिएको डाटा लक गरि आबद्धता नं प्राप्त गर्नुहोस् भन्ने buttom click गरेर कोपोमीस आवद्धता नं. प्राप्त गर्नुहोला ।

७) सबै विवरणहरु ठिक, साँचो र शुद्ध तरिकाले भर्नुहोला । तपाईले प्रविष्टी गरेको तथ्याङ्क काल्पनिक भएको पत्ता लागेमा कानुन बमोजिम कारवाही हुनेछ ।

८) Copomis System मा समष्टिगत विवरण भर्न प्राविधिक समस्या वा कठिनाई भएमा कार्यालय सर्म्पर्क नं. : ४४६५३६२, ४४६११७७

**Copomis unit : ०१ ४४६५२५१/०१ ४४६५२५२**

# सूचि दर्ता गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०२/१८)

यस महासंघलाई आ.व. ०७९/८० मा आवश्यक पर्ने तपसिल विवरणमा उल्लेखित वस्तु तथा सेवाहरू पटक पटक वा एकैपटक खरीद गर्नुपर्ने भएकोले सम्बन्धित वस्तु तथा सेवाको कारोवार गर्न स्वीकृत प्राप्त गरेका इच्छुक फर्म, संस्था तथा कम्पनीहरूलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र प्रत्येक समूहको लागि छुट्टा छुट्टै विवरण खुलाई निवेदन सहित सूचिकृत हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**वस्तु तथा सेवाको विवरणः**

**समूह कः स्टेशनरी (मसलन्द) तथा छपाई**

१. स्टेशनरी (मसलन्द) आपूर्ति सम्बन्धी कार्य

२. वार्षिक प्रतिवेदन, मासिक पत्रिका, पुस्तक तथा पुस्तिका, पम्पेल्ट, विल, भरपाई, लेजर, खाता लगायतका सम्पूर्ण छपाई तथा आपूर्ति सम्बन्धी कार्य

३. फ्लेक्स, ग्लोवोर्ड, होडिङ्ग वोर्ड तथा साइनवोर्ड आदि आपूर्ति।

**समूह खः इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स**

४. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धी समानहरू आपूर्ति तथा मर्मत सम्भार समेतका कार्यहरू

५. लिफ्टका सामान आपूर्ति तथा मर्मत सम्भार समेतका कार्यहरू

६. कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशीन, टोनर, काटिज आपूर्ति र रिफिल तथा मर्मत सम्भार समेतका कार्यहरू

७. नेटवर्किङ, इन्टरकम, हार्डवेयर, सफ्टवेयर, सिसिटिभि, फोन, एयरकण्डिसन, पंखा आपूर्ति तथा मर्मत सम्भार समेतका कार्यहरू

**समूह गः फर्निचर, फर्निसिङ्ग तथा फिक्स्चर**

८. अफिस फर्निचर, फर्निसिङ्ग तथा फिक्स्चर (काठ, स्टिल, फलाम लगायतका) आपूर्ति तथा मर्मत सम्भार समेतका कार्यहरू

**समूह घः निर्माण मर्मत तथा सम्भार**

९. कार्यालय निर्माण/आन्तरिक सजावट/आर्किटेक्ट, इलेक्ट्रिकल, रङरोगन, सिभिल इन्जिनियरिङ लगायतका कार्य

**समूह ङः अन्य**

१०. विज्ञापन सेवा, ११. इन्धन आपूर्ति, १२. कर्मचारी युनिफर्म,
१३. वीमा (जीवन/निर्जीवन), १४. खानेपानी आपूर्ति, १५. प्लम्बिङ्ग सम्बन्धी सेवा,
१६. क्यान्टिन संचालन, १७. क्याटरिङ सर्भिस, १८. होटल तथा व्याङक्वेट,
१९. फोटोग्राफी/भिडियोग्राफी २०. कुरियर सेवा (आन्तरिक तथा वाह्य),
२१. हस्तकलाका समानहरूको निर्माण तथा आपूर्ति, २२. गार्मेन्टजन्य सामाग्री निर्माण तथा आपूर्ति
२३. ट्राभल्स एण्ड टुर र हवाई टिकेटिङ्ग सेवा (आन्तरिक तथा वाह्य),
२४. सवारी साधन (गाडी तथा मोटरसाईकल) स्पेयर पार्टस् सप्लाई तथा मर्मत सेवा,
२५. परामर्शदाता, विज्ञ सेवा प्राविधिक सेवा समेत।

**नोटः** १. प्रत्येक समूहको लागि छुटाछुट्टै शिर्षक खुलाई छुटाछुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

२. सूचिकृतको लागि पेश हुन आएको निवेदनसँग संलग्न विवरण, क्षमता, अनुभव तथा दक्षतालाई आधार मानी योग्य ठहरिएको आपूर्तिकर्ताहरू (फर्म, संस्था तथा कम्पनी) लाई मात्र सूचिकृत गरिनेछ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजात**

१. फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
२. प्रबन्धपत्र, नियमावली र विगत वर्षहरूमा अन्य संघ/संस्थामा कार्य गरेको अनुभव प्राप्त प्रमाणपत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

**राष्ट्रिय सहकारी महासंघ लि. नेपाल**
पुल्चोक, ललितपुर
फोन नं.: ५०१०११६, ५०१००३३
वेवसाईटः www.ncfnepal.com.np

# सहकारी परिचय सम्बन्धी आइसीएको सर्वेक्षण प्रारूप

International Co-operative Alliance
Asia and Pacific



**रञ्जनमणि पौड्याल**
कार्यक्रम अधिकृत, नेफ्स्कून

सन् १९९५ मा अन्तराष्ट्रिय सहकारी महासंघ (आईसीए) ले सहकारी परिचयसम्बन्धी आधिकारिक धारणासहितको विवरण 'स्टेटमेन्ट अन कोअपरेटिभ आइडेन्टीटी' लागु गरेको थियो । त्यसलगत्तै धेरै सरकार र बहुराष्ट्रिय कम्पनीहरूसँगै आईसीएले पनि यसको सारलाई आफ्नो विनियममा समाविष्ट गर्यो ।

उक्त विवरणले आईसीए स्थापनाको आधारशिला मानिएकोसहकारी सिद्धान्त तथा यसका नैतिकमानकहरूलाई थप प्रष्ट पार्दछ, सहकारी प्रारूपलाई परिभाषित गर्यो र सहकारी सञ्चालनका सात विश्वव्यापी सिद्धान्त सबै प्रकारका सहकारी व्यवसायमा लागू हुने उल्लेख गरेको सर्वविदितै छ ।

यसले सहकारीलाई साझा मूल्यमा आधारित विश्वव्यापी सिद्धान्तको बलमा सञ्चालन हुने एक मात्र व्यावसायिक प्रारूप भएको दाबी प्रस्तुत गरेको थियो । आईसीएलेसन् २०२१ मा सहकारी सञ्चालन र सुशासनमा सहकारीका सर्वव्यापी सिद्धान्तहरूको प्रयोग गर्न सहज होस् भन्ने हेतुले सन् २०१५ मा सहकारी सिद्धान्तहरूसम्बन्धी मागदर्शक नोटहरू (Guidance Notes to the Cooperative Principles) समेत प्रकाशित गरेको थियो ।

सहकारी परिचयलाई थप घनिभूत बनाउन दक्षिण कोरियाको राजधानी सोलमा डिसेम्बर २०२१ मा सम्पन्न ३३ औं विश्व सहकारी सम्मेलनले सहकारी परिचय थप सशक्त बनाउन तथा सयमको परीक्षणमा यो कति खरो उत्रेको छ भन्ने यर्थाथ पत्ता लगाउन बृहत्त छलफल तथा पुनरावलोकन गरेको थियो ।

आईसीए सञ्चालक समितिको सोच अनुरूप सहकारी परिचय सल्लाहकार समूह कोअपरेटिभ आइडेन्टीटी अड्भाइजरी ग्रुप) को अगुवाईमा यस सम्बन्धी विश्वव्यापी सर्वेक्षण कार्य थालनी गरिएको छ ।उक्त समूहकी अध्यक्ष क्यानेडाली सहकारीकर्मी अलेक्जेण्ड्रा विल्सन छन् जो आइसीएको आसन्न चुनावी साधारण सभामा सञ्चालक सदस्य पदका लागि मैदानमा उत्रिएकी छिन् ।

सहकारी परिचय पूर्ण रूपमा परिभाषित छ ? के यसको बुझाईमा व्यापकता छ ?के सहकारीहरू यसको भावना अनुरूप काम गरिरहेका छन् ? यदि छैनन् भने किन ? समकालीन चुनौती र सम्भावनाहरूबीच सिद्धान्तहरूको पुनर्व्याख्या आवश्यक भएको हो ? सहकारीसम्बन्धी हाम्रा औपचारिक अभिव्यक्तिमा परिवर्तन वाञ्छनीय छ ? सहकारी परिचयका विषयमा सहकारीहरूको बुझाईमा बढोत्तरी गर्न तथा आफ्ना कामकारवाहीमा उनीहरूलाई सिद्धान्तअनुरूप काम गर्न स्वउत्प्रेरित हुने नयाँ औजारहरू विकास गर्न सकिन्छ ? यी र यस्तै विषयको उत्तर सर्वेक्षणमार्फत विश्वभरका सहकारी अभियन्ता, कर्मचारी, सरोकारवाला, बौद्धिक एवम् प्राज्ञिक वर्ग आदिबाट सल्लाहकार समुहले खोज्ने प्रयास गरेको हो ।

सहकारी परिचय आजको जस्तो संकटमा झनै बढी महत्वपूर्ण छ । तसर्थ सहकारी परिचयलाई थप गहिराईमा लान यस किसिमको परामर्शमा विश्व सहकारी समुदायको सहभागिता अत्यावश्यक हुन्छ । सल्लाहकार समूहले योजना निर्माणमा सहयोगका लागि विश्वभरका सहकारीहरू, उनीहरूका सदस्य तथा कर्मचारीहरू एवम् सहकारीसँग अभ्यस्त अन्य व्यक्तिहरूलाई सर्वेक्षणमा सहभागी हुन अनुरोध गरेको छ ।

उक्त समुहले आफ्नो केही समय सर्वेक्षणका लागि छुट्याउन

अनुरोधसहित सर्वेक्षण प्रश्नावलीहरू आइसीएको आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जालमार्फत हालै सार्वजनिक गरेको छ । उक्त सर्वेक्षणमा सहभागीले आफ्नो मुलुक, लिङ्ग, उमेर खुलाउनुपर्नेछ ।त्यस्तै, उत्तरदातासंस्थागत हो वा, स्वतन्त्र सहकारीकर्मी हो वा सहकारी विज्ञ हो त्यो पनि खुलाउनुपर्नेछ ।

सर्वेक्षणमा संस्थागत उत्तरदाताको लागि छुट्टै प्रश्नावली तथा व्यक्तिगत उत्तरदाताको लागि छुट्टै प्रश्नावली तय गरिएको छ ।दुवै प्रकारका लागि करिब करिब उस्तै प्रकारका प्रश्नहरू समावेश गरिएको छ । तीमध्ये केही प्रश्नावली यहाँ समावेश गरिएका छन् ।

१. सर्वेक्षणमा '१ देखि ५ अङ्कसम्मको आधारमा निम्न विषयहरूमा तपाईको परिचयको तहमापन गर्नुहोस्(१ भन्नाले 'अपरिचित' र ५ भन्नाले 'धेरै परिचित' भन्ने जनाउँदछ ।)

१) सहकारी परिचयसम्बन्धी कथन (स्टेटमेन्ट अन कोअपरेटिभ आइडेन्टीटी)
२) सहकारीका सात सिद्धान्त
३) सहकारी सिद्धान्तसम्बन्धी मार्गनिर्देशक नोट
तलका प्रत्येक कथनमा तपाईको प्रतिबद्धताको स्तर १ (कडा आपत्ति) देखि ५ (पूर्ण सहमति) अङ्कको आधारमा जाहेर गर्नुहोस् । मलाई थाहा छैन, म कथनका विषयमा जानकार छैन) भन्ने विकल्प पनि उपलब्ध हुनेछ ।)
४) सहकारी परिचयसम्बन्धी विवरण (सहकारी, यसका मूल्य, र मान्यतासम्बन्धी परिभाषा) ले सहकारीको बैशिष्ट्य प्रारूपको उद्देश्य र प्रकृतिबारे जानकारी गराउँदछ ।
५) सहकारी सिद्धान्तसम्बन्धी मागर्दशन नोट(द गाइडेन्स नोट्स टु द कोअपरेटिभ प्रिन्सिपल)ले सहकारीको दैनन्दिन सञ्चालन र सुशासनमा सहयोग पुऱ्याउँदछ ।
६) सहकारी परिचयसम्बन्धी कथनले हाल देखिएका सहकारीका प्रकारहरूको विविधतालाई समाहित वा सम्बोधन गर्दछ ।
७) सहकारी परिचय कथनले साँच्चिकै सहकारी तथा मित्थ्या सहकारीबीच विभेदबारे उनीहरूलाई जानकारी गराउन सहयोग पुग्दछ ।
८) सहकारी सिद्धान्तसम्बन्धी मागर्दशन नोटलेसाँच्चिकै सहकारी तथा मित्थ्या सहकारीबीच विभेदबारे उनीहरूलाई जानकारी गराउन सहयोग पुग्दछ ।
९) हाम्रो सहकारी वा हामीले प्रतिनिधित्व गर्ने सहकारी यसका सिद्धान्त तथा मुल्य मान्यताहरू अनुरूप सञ्चालित छन् ।
१०) हाम्रो सहकारी परिचयले हाम्रो सहकारी व्यवसाय सञ्चालन पद्धतिमा अर्थपूर्ण अन्तर राखेको छ ।
११) मुल्य र मान्यतासहितको सहकारी परिचयले हाम्रो सहकारी वा हामीले प्रतिनिधित्व गर्ने सहकारीको सफलतामा योगदान पुऱ्याएको छ ।
१२) हाम्रो सहकारी परिचयले बजारमा हाम्रो सहकारीको प्रतिस्पर्धी स्थान कायम गर्न मद्दत गरेको छ ।
१३) हामी वा हामीले प्रतिनिधित्व गर्ने सहकारीले सहकारी पृथकताको बजारीकरण गर्दछ ।
१४) सहकारीहरू सार्वजनिक, नीजि तथा अन्य महिला, युवा तथा अल्पसंख्यक तथा बहिष्करणमा परेकाहरूको समतामूलक व्यवहार र सहभागिता गराउने काममा पछि पर्दै गएको हुनसक्छ ।
१५) सहकारी परिचयले समुदायप्रतिसहकारी उत्तरदायित्वलाई सम्बोधन गर्दछ ।
१६) सामाजिक असमानताहरू सम्बोधन गर्ने विषयमा अन्य सामाजिक तथा एकताभाव सम्बन्धी उद्यम व्यवसायहरूको तुलनामा सहकारीहरू आफ्नो धरातल गुमाउने जोखिममा छन् ।
१७) सहकारी परिचयले भावी सन्ततिप्रतिको उत्तरदायित्वलाई पूर्णतः सम्बोधन गर्दछ ।
१८) दिगो विकासमा योगदानको क्षेत्रमा लगानीकर्ता मालिक हुने कम्पनी वा संस्थानहरूको तुलनामा सहकारीहरू आफ्नो धरातल गुमाउने जोखिममा छन् ।
१९) सहकारी नियमन वा कानूनी अधिकार प्राप्त सरकारी अधिकारीहरूहामीले काम गर्ने वा प्रतिनिधित्व गर्ने सहकारी र अन्य व्यावसायिक प्रारूपबीचको विभेदका विषयमा यथेष्ट जानकार छन् ।
२०) हाम्रा केही नीति, नियम, नियमावली वा अन्य कानून सहकारीपरिचयसँग बाझिएका छन् ।
२१) हाम्रो सहकारी वा हामीले प्रतिनिधित्व गर्ने सहकारीले सहकारी परिचयसँग बाझिने गरी आफ्नो कार्यसम्पादन मापन गर्दछन् ।
२२) हाम्रो सहकारी वा हामीले प्रतिनिधित्व गर्ने सहकारीले आफ्ना सदस्यहरूलाई सहकारी परिचयका बारेमा यथेष्ट जानकारी गराउन आवश्यक कदमहरू चालेका छन् ।
२३) हाम्रो सहकारी वा हामीले प्रतिनिधित्व गर्ने सहकारीले आफ्ना कर्मचारीहरूलाई सहकारी परिचयका बारेमा यथेष्ट जानकारी गराउन आवश्यक कदमहरू चालेका छन् ।
२४) हाम्रो मुलुकमा सहकारी परिचय सम्बन्धी शिक्षा व्यापक रूपमा उपलब्ध छ र तिनको प्रवर्धन समेत गरिएको छ ।
२५) विषयगत सहकारी तथा केन्द्रीय संघहरूसँग सहकारी परिचयका सम्बन्धमा सदस्यहरूलाई सुसूचित गर्ने दायित्व हुन्छ ।
२६) आइसीएले सहकारी परिचयको प्रवर्धन र प्रतिरक्षा प्रभावकारी रूपमा गर्दछ ।
२७) हामी हाम्रो सहकारी परिचयमा गर्व गर्छौ ।
२८) सहकारी परिचयको कथनपरिवर्तित समयको परिक्षामा खरो उत्रिएको छ ।

**अंक १ (धेरै असान्दर्भिक) देखि अंक ५ (धेरै सान्दर्भिक) को आधारमा तपाईको सहकारी वा तपाईले प्रतिनिधित्व गर्ने सहकारीमा प्रत्येक सहकारी सिद्धान्तको सान्दर्भिकताको स्तर मापन गर्नुहोस् ।**

- खुला तथा स्वेच्छिक सदस्यता
- सदस्यको प्रजातान्त्रिक सहभागिता
- सदस्यको आर्थिक सहभागिता
- स्वायत्तता तथा स्वतन्त्रता
- शिक्षा, तालिम तथा सूचना
- सहकारीहरूबीच सहकार्य
- समुदायप्रति चासो

**आईसीए सदस्यताको अवस्था (आईसीए सदस्यताको सूची हेर्नुहोस्)**

- हाम्रो संस्था आईसीएको प्रत्यक्ष सदस्य हो
- हाम्रो संस्था आईसीए सदस्य हो
- हाम्रो संस्था आईसीएसँग आवद्ध छैन

**संस्थाको प्रकार**

- प्राकृतिक सदस्यहरू मतदाता भएको सहकारी
- सहकारी संस्थाहरू मतदाता भएको सहकारी उद्यम तथा (वा) व्यवसाय वा संगठनहरू
- सहकारीहरूको प्रतिनिधित्व गर्ने संघ, महासंघ वा अन्य
- सरकारी नियामक निकाय
- सरकारको सहकारी एवम् आर्थिक विकास सम्बन्धी

**निकाय**

- बहुराष्ट्रिय संगठन
- अन्य (कृपया उल्लेख गर्नुहोस्)

**तपाईको संस्थाको उमेर (सहकारी तथा सहकारीसम्बन्धी संगठन मात्रै)**

- ५ वर्षभन्दा कम
- ५ देखि १० वर्ष
- ११ देखि २० वर्ष
- २१ देखि ५० वर्ष
- ५१ देखि ७५ वर्ष
- ७५ वर्षभन्दा माथि

**सदस्य संख्या**
**(सहकारी तथा सहकारीसम्बन्धी संगठन मात्रै र उपलब्ध सबैभन्दा पछिल्लो तथ्याङ्क)**

- २० भन्दा कम
- २० देखि १००
- १०१ देखि १,०००
- १००१ देखि १०,०००
- १०,००१ देखि १,०००००
- १,००००१ देखि १०,०००००
- १०,००००० देखि माथि

**कर्मचारी संख्या**
**(सहकारी तथा सहकारीसम्बन्धी संगठन मात्रै र उपलब्ध सबैभन्दा पछिल्लो तथ्याङ्क)**

- १० भन्दा कम
- १० देखि २०
- २१ देखि १,००
- १०१ देखि ५,००
- ५०१ देखि ५,०००
- ५००१ देखि १०,०००
- १०,००० देखि माथि

**वार्षिक कारोबार (कुल आम्दानी, अमेरिकी डलरमा)**
**(सहकारी तथा सहकारीसम्बन्धी संगठन मात्रै र उपलब्ध सबैभन्दा पछिल्लो तथ्याङ्क)**

- ५००,००० अमेरिकी डलर भन्दा कम
- ५००,००० देखि १० लाख अमेरिकी डलरसम्म
- १० लाखदेखि देखि १ करोड अमेरिकी डलरसम्म
- १ करोडदेखि  १० करोड अमेरिकी डलरसम्म
- १० करोडदेखि १ अर्ब अमेरिकी डलरसम्म
- १ अर्बदेखि ५ अर्ब अमेरिकी डलरसम्म
- ५ अर्ब अमेरिकी डलरभन्दा माथि

**कुल सम्पत्ति (अमेरिकी डलरमा)**
**(सहकारी तथा सहकारीसम्बन्धी संगठन मात्रै र उपलब्ध सबैभन्दा पछिल्लो तथ्याङ्क)**

- ५००,००० अमेरिकी डलर भन्दा कम
- ५००,००० देखि १० लाख अमेरिकी डलरसम्म
- १० लाखदेखि देखि १ करोड अमेरिकी डलरसम्म
- १ करोडदेखि  १० करोड अमेरिकी डलरसम्म
- १० करोडदेखि १ अर्ब अमेरिकी डलरसम्म
- १ अर्बदेखि २० अर्ब अमेरिकी डलरसम्म
- २० अर्ब अमेरिकी डलरभन्दा माथि

**सहकारी प्रकार**

- सहकारी होइन
- उपभोक्ता सहकारी (उत्पादकहरू सदस्य भएको)
- उत्पादक सहकारी  (व्यवसयास सदस्य भएको)
- श्रमिक सहकारी
- बहुसरोकारवाला सहकारी
- सहकारी संघ वा केन्द्रीय संघ
- अन्य (कृपया उल्लेख गर्नुहोस्)

**आर्थिक क्षेत्र (लागू हुने सबै हेर्नुहोला)**

- कृषि क्षेत्र (उत्पादकको नियन्त्रणमा रहेको खाद्य उद्योग समेत)
- वन
- मत्स्यपालन
- खानी
- उत्पादन
- निर्माण
- उर्जा उत्पादन तथा वितरण
- खानेपानी वितरण
- फोहोर व्यवस्थापन तथा पुनर्प्रयोग
- थोक तथा खुद्रा व्यापा
- वित्तीय सेवा
- बिमा
- शिक्षा
- स्वास्थ्य
- सामाजिक कार्य तथा हेरचाह
- यातायात
- कला तथा मनोरञ्जन
- अन्य सेवा
- अन्य (कृपया उल्लेख गर्नुहोस्)

**सहकारी परिचय सम्बन्धी हालको परामर्शका क्रममा तपाई अन्य कार्यक्रम तथा सर्वेक्षणमा पनि सहभागी हुन इच्छुक हुनुहुन्छ ?**

- कृपया हुन्छ
- नाइ । धन्यवाद ।

डाटा सुरक्षा

तपाईले उपलब्ध गराउने व्यक्तिगत सम्पर्क सम्बन्धी सूचना हाम्रो महत्वपूर्ण प्रेस विज्ञप्तिहरू, कार्यक्रममा सहभागितासम्बन्धी निमन्त्रणा प्रेषित गर्न वा तथ्याङ्कीय सूचना तथा सहकारी सञ्जाल निर्माणका लागि प्रयोग गर्न सकिनेछ । हामी तपाईको सूचना अनधिकृत रूपमा अरूलाई उपलब्ध गराउँदैनौं (सूचना विनियम गर्दैनौं) । तपाईका व्यक्तिगत सूचना तथा जानकारी अन्तर्राष्ट्रिय सहकारी महासंघको संरचना तथा साझेदारहरूबाहेकलाई उपलब्ध गराउँदैनौं । म तथ्याङ्क सुरक्षण सम्बन्धी आईसीएको नीति बुझ्छु, स्वीकार गर्छु र सोही नीति बमोजिम सूचना प्रयोगको निम्ति स्वीकृति प्रदान गर्दछु ।

यस्ता खालका प्रश्नावलीहरू समावेश गरी आईसीएले आफ्ना सबै प्रकाशन तथा प्रसारण माध्यमबाट बढी भन्दा बढी देशका सहकारीकर्मी तथा सरोकारावालाहरूमार्फत सर्वेक्षण भराइ वस्तुगत जानकारी हासिल गर्ने योजना अघि सारेको छ । यसका लागि कुनै निश्चित समय सीमा तोकिएको छैन । सल्लाहकार समूहकी अध्यक्षले समय नतोक्नुनको अर्थ धेरै भन्दा धेरै सहभागिता होस भन्ने नै रहेको प्रष्ट पारिन । यसरी सर्वेक्षणबाट प्राप्त निचोजलाई केही समयपछि सार्वजनिक गरिने सल्लाहकार समूहले जनाएको छ ।

# कोपोमिस प्रणालीमा आवद्ध हुने सम्बन्धी जरूरी सूचना

प्रविधिको प्रयोगवाट सहकारी संघ/संस्थाहरुमा सुशासन कायम गरी प्रभावकारी बनाई कार्य सम्पादन गर्ने/गराउने उद्देश्यका साथ राष्ट्रिय सहकारी महासंघले "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" थिम तय गरी कार्यान्वयनमा जोड दिदै आएको छ।

सहकारी संघ/संस्थाहरूका सूचना, तथ्यांकहरुलाई नियमित, विश्वसनिय तथा वास्तविक बनाउन सहकारी विभागद्वारा एकिकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) संचालनमाल्याएको व्यहोरा विदितै छ। यसै क्रममा सहकारी विभागद्वारा गरिएको परिपत्रअनुसार सम्पूर्ण सहकारी संघ/संस्थाहरूलाई २०७९ आषाढ मसान्तभित्र कोपोमिस प्रणालीमा आवद्ध भई "समष्टिगत विवरण फारम"अनिवार्य रूपमा भर्नुहुन र अन्य विवरणहरू नियमित रूपमा प्रविष्टि गर्नुहुन अनुरोध भई आएको र यस महासंघद्वारा समेत तत्सम्बन्धमा परिपत्र गरिएको व्यहोरा स्मरण गराउँदै सम्पूर्ण सहकारी संघ/संस्थाहरूलाई कोपोमिसमा आवद्ध भई नियमित रूपमा तथ्याङ्कहरू प्रविष्टि गर्न गराउनहुन यस महासंघ सम्पूर्ण सहकारी संघ/संस्थाहरूमा सूचित गर्दछ।

साथै, विवरण भरी पठाउन हालसम्म Username / Password लिनुभएका सहकारी संघ/संस्थाहरूले आफ्नो नियमनकारी निकायवा सहकारी विभागको इमेल sahakaribivag@gmaildf आधिकारीक रूपमा माग गर्नुहनु समेत अनुरोध छ। कोपोमिसमा आवद्ध हुने प्रक्रिया निम्नानुसार रहेको समेत सूचित गरिन्छ।

## राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

फोन नं. ५०१०११६, ५०१००३३

# राष्ट्रिय सहकारी विकास कोषमा योगदानका लागि सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई महासंघको आव्हान

नेपालको सहकारी अभियानको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघ लि. नेपाल सहकारी क्षेत्रको प्रवर्द्धन र सुदृढीकरणका लागि निरन्तर वहसपैरवी एवं समसामयिक मुद्दाहरूको समाधानार्थ सरकार तथा सरोकारवालाहरूसँग संवाद एवं समन्वयका साथै प्रवर्द्धनात्मक क्रियाकलापहरूमा क्रियाशिल रहेको छ । यसै अनुरुप यस क्षेत्रको प्रवर्द्धनका लागि मूल पूँजी नमासिने गरी आर्जित व्याज तथा लगानीमा प्राप्त प्रतिफलबाट सहकारीका समसामयिक विषयहरूमा वहस पैरवीका साथै प्रवर्द्धनात्मक क्रियाकलाप संचालन गर्ने गरी महासंघले विगत वर्षमा नै राष्ट्रिय सहकारी विकास कोषको स्थापना गरी परिचालन गर्दै आएको छ ।

यसर्थ, उक्त कोषलाई वृद्धि गरी प्राप्त प्रतिफलबाट समन्वय तथा प्रवर्द्धनका क्रियाकलापहरू संचालन गरी अभियानलाई सुदृढ वनाउने उद्देश्यका साथ सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई स्वेच्छिक रूपमा कोषमा योगदान गर्न आव्हान गर्ने निर्णयानुसार देहायका वैंक खाताहरुमा रकम जम्मा गरी योगदान गर्नहुन महासंघ हार्दिक आव्हान गर्दछ ।

| बैंक खाताहरूको विवरण | | |
|---|---|---|
| खातावाला: | राष्ट्रिय सहकारी महासंघ लि. नेपाल | |
| बैकको नाम: | राष्ट्रिय सहकारी बैंक लि.<br>शाखा कार्यालय, नयाँवानेश्वर, काठमाडौं | राष्ट्रिय वाणिज्य बैंक<br>शाखा कार्यालय, पूल्चोक, ललितपुर |
| खाता नं. | १३००००१४ | ११४०१००००२४०१००१ |

साथै, कोषमा योगदानको आधारमा सहकारी संघ/संस्थालाई प्रोत्साहन, सुविधा, सम्मान तथा कदर समेत गरिने भएकोले विस्तृत जानकारीका लागि महासंघमा सम्पर्क गर्न हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

**राष्ट्रिय सहकारी महासंघ लि. नेपाल**
पूल्चोक, ललितपुर, फोन नं.: ५०१०११६, ५०१००३३
इमेल: ncfcoop@gmail.com, वेवसाईट: www.ncfnepal.com.np

## राष्ट्रिय सहकारी विकास कोषमा योगदानकर्ताहरूको विवरण

२०७८ चैतसम्म

| | |
|---|---|
| राष्ट्रिय सहकारी महासंघ लिं नेपाल | रू. ६६३९३६६ |
| मेची बहुउद्देश्यीय सहकारी संस्था लि. दमक, झापा | रू. २,५०,००० |
| जिल्ला सहकारी संघ लि. चरिकोट, दोलखा | रू. १,११,१११ |
| सुयोग्य वचत तथा ऋण सहकारी संस्था लि. कोटेश्वर, काठमाडौं | रू. १,०१,१०१ |
| मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि. मिनभवन, काठमाडौं | रू. ५५,५५५ |

# हार्दिक शुभकामना

## अन्तर्राष्ट्रिय सहकारी दिवसको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### देउराली
**बहुउद्देश्यीय सहकारी संस्था लि.**

**DEURALI**

Multipurpose Co-oprative Ltd

**सातदोवाटो-१५, ललितपुर**

**फोन नं. ०१-५१५११२, ५१५१२९५**

सदस्य सेवा केन्द्र

सुर्यविनायक-४, भक्तपुर
फोन नं. ०१-६६१५१०४, ६६१५१०६

न्यूरोड-२२, काठमाडौं
फोन नं. ०१-५३२९७२०, ५३२९७२१

गोदावरी-५, लेले, ललिपुर
फोन नं. ०१-५१५१२५९

*"आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।"*

### बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.
**Balkumari Saving & Credit Co-operative Ltd.**

शंखधर चोक, मध्यपुर थिमि, भक्तपुर, नेपाल
फोन नं.: ०१- ६६३५५९२, ६६३३८९९
E-mail: basic@mail.com.np

### क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
**Capital Saving & Credit Co-operative Ltd.**

क्षेत्रपाटी-१७, काठमाण्डौ, नेपाल
फोन नं.: ०१-४२६९२०३, ४२१८६२९
पो.ब.नं.: २३४८२

### जीवनदीप
**बचत तथा ऋण सहकारी संस्था लि.**

**JEEVANDEEP**

**Saving & Credit Cooperative Ltd.**

न्युरोड, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२२८४२३, ४२२२४६८
Email : mail@jeevandeepsaving.com

# हार्दिक शुभकामना

## अन्तर्राष्ट्रिय सहकारी दिवसको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मनासलु बहुउद्देश्यीय सहकारी संस्था लि.**

MANASALU MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.

ललितपुर उप-महानगरपालिका वडा नं. २०
पूर्णचण्डीमार्ग, ललितपुर
फोन नं. : ०१-५५५५२६९, ५५४६२६९

कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

**Kumari Saving & Credit Co-Operative Ltd.**
(KUSCCOOP)
*Kumari is My First Choice Co-operative*
Since 2000

Head Office: Kumari Co-Operative Building,
Kumari Chowk,
Chabahil, Mitrapark, Kathmandu, Nepal
Tel:- 01-4478006, 01-4465102, 01-4465104,
01-4465256, 01-4465274

**नवकान्तिपुर**
बचत तथा ऋण सहकारी संस्था लि.

NAWAKANTIPUR
Saving and Credit Co-operative Society Ltd.
प्रधान कार्यालय: बत्तिसपुतली, काठमाडौं फोन ४४९८८०१, ४४६२०५८
शाखा कार्यालय: इन्द्रचोक, काठमाडौं फोन ४२४८९०६, ४२२३१४१

**कृषि विकास**
बहुउद्देश्यीय सहकारी संस्था लि.

कुमारीपाटी-५, ललितपुर
फोन नं.: ०१-५५५५८३०

HIGHEST
REVENUE/TAX PAYER
AWARD
FY 066/067

OUTSTANDING
BUSINESS
AWARDS
FY 073/074

EXCELLENT
CO-OPERATIVE
AWARD 2073

EXCELLENT
CO-OPERATIVE
BUSINESS AWARD
2071 & 2075

EXCELLENT
CO-OPERATIVE
AWARD 2076

संस्थाको बहुउद्देश्यीय कार्यक्रम अन्तर्गत लगानी गरेको संस्थाहरु:

www.shreelaligurans.coop.np Shree Laligurans Multipurpose

श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.
ललितपुर

# श्री लालीगुराँस© बहुउद्देश्यीय सहकारी संस्था लि.

## SHREE LALIGURANS MULTIPURPOSE CO-OPERATIVE LTD.

मुख्य कार्यालय:
**ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.३, पुल्चोक ।**
पो.ब.नं. ८९७५, ई.पि.सी. २४४३, फोन नं. ५४४६१८०, ५४०९०१२, ५४०९१०१, ५४३२८५५, फ्याक्स नं. ५४५४८८१
इमेल: info@shreelaligurans.coop.np, shreelaligurans@gmail.com

सदस्य सुविधा काउण्टर:

**ललितपुर, चापागाउँ-६, प्याङ्गगाउँ**
फोन नं. ५२६५५१४, ५२६५५९९

**काठमाण्डौ-७, चाबहिल**
फोन नं. ४४८०२१४, ४४६८७६३

**भक्तपुर-१५, कौशलटार**
फोन नं. ६६३९४७०, ६६३९४७८

**चितवन, खैरहनी-८, पर्सा**
फोन नं. ०५६-५८३०७९, ०५६-५८३०८९

**काठमाण्डौ-२४, न्यूरोड**
फोन नं. ४२३९०८२, ४२३९०८७



ZEST IDEOLOGY
SAVING & CREDIT CO-OPERATIVE LIMITED

# जेष्ट आइडियोलोजी

## बचत तथा ऋण सहकारी संस्था लि.

## ZEST IDEOLOGY

### Saving & Credit Co-operative Limited

प्रधान कार्यालय :
न्यूरोड, खिचापोखरी, काठमाडौं
फोन नं. ०१-४२६४६६४, ४२२५५७३

सेवा कार्यालय :
मैतिदेवी, काठमाडौं
फोन नं. ०१-४४१६४०१, ४४१७७२९

सेवा कार्यालय :
सनसिटी चोक, काँडाघारी, काठमाडौं
फोन नं. ०१-५९०११७४, ५९०११७५

Email : zest_ideology@hotmail.com



Co-operative is for sustainable mutual social progress and quality living development. We are here to share your efforts

GSCCL

# गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.

# GORKHA SAVING & CREDIT CO-OPERATIVE LTD.

**Head Office:** Talchhikhel, Lalitpur, Tel.: 977-1-5152404, 5152360, Fax: 977-1-5152366
**Branch Office:** Sundhara, Kathmandu, Tel.: 977-1-4258842, 4256955, Fax: 977-1-4262429
**Service Centre:** Samakhushi, Kathmandu, Tel.: 977-1-4389479, Fax: 977-1-4359620
**Service Centre:** Radhe-Radhe, Bhaktapur, Tel.: 977-1-6633506, 6633589
**Web:** www.gorkhasaving.com.np, **E-mail:** gorkhasaving2054@gmail.com
**Facebook:** Gorkha Saving & Credit Co-operative Ltd

|| समृद्धिको प्रतीक ||

मनिप्लान्ट

सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

काठमाण्डौं-३१, मिनभवन

अल इन वन मार्ट

फोन नं ०१-४६२०२६५/४६२०४०९


Email : moneyplantsaccos@yahooo.com

२०७८ वैशाख २ गते बिहीबार

|| समृद्धिको प्रतीक ||

मनिप्लान्ट

सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.




नेचुरलको खाताबाट सिधै IME pay मा पैसा पठाउनुहोस्

रकम ट्रान्सफर । बिल भुक्तानी । रिचार्ज सेवा

नेचुरल


बचत तथा ऋण सहकारी संस्था लिमिटेड

NATURAL SAVING & CREDIT CO-OPERATIVE LIMITED

Head Office : Gokarneshwor-6, Jorpati, KTM

Phone No. : 01-4917109, 4913682

Email : info@naturalcooperative.com.np




**IME Co-operative Service Ltd.**
आइएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

**SERVICE CENTERS :**

| | | | |
|---|---|---|---|
| Narayanghat | 056-518864 | Biratnagar | 021-524540 |
| Dang | 082-561717 | Newroad | 01-4251581 |
| Pokhara | 061-541683 | Lahan | 033-562184 |
| Airport | 01-5903500 | Butwal | 071-546585 |
| Gongabu | 01-4364761 | Nepalgunj | 081-550708 |
| Satdobato | 01-5151158 | Itahari | 025-590109 |


ncbl.coop
TOLL FREE
बैंकका सेवा सुविधा सम्वन्धी जानकारी
टोल फ्री नम्वर १६६००१०७५५५ मा
कार्यालय समय भित्र सम्पर्क गरी प्राप्त गर्न सकिने
व्यहोरा सम्पूर्ण सहकारी संघ/संस्थाहरुमा सहर्ष जानकारी गराउँदछौं ।
National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
"हाम्रो लक्ष्य : सम्पूर्ण सहकारीको दिगो भविष्य"
NCBL
NEPAL
NATIONAL COOPERATIVE BANK LIMITED
NEDAC
coop